# सामाजिक परिक्षण प्रतिवेदन २०७७

रामधुनी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

झुम्का, सुनसरी

प्रदेश नं. १

१० माघ २०७७

# सामाजिक परिक्षण प्रतिवेदन २०७७

**रामधुनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**झुम्का, सुनसरी**
**प्रदेश नं. १**
१० माघ २०७७

## अध्ययनकर्ताको कलमबाट

नेपालको नयाँ संघिय संरचना अनुसारको ७५३ स्थानीय तह अर्थात महानगर, उपमहानगर र नगरपालिकाहरु तथा नगरपालिका मध्येको एक नगरपालिका रामधुनी सुनसरी पनि हो । रामधुनी नगरपालिका स्थानीय नागरिकहरुको नगरपालिकाप्रति भएको सकारात्मक सोचसँगै पूर्वमै स्थापित र सम्भावना बोकोको नगरपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो नगरपालिका स्थापित हुन पर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी रामधुनी नगरपालिका सामाजिक परीक्षण कार्यविधि २०७६ ले स्थानीय तह आर्थिक प्रशासन नियमावलि बमोजिम एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको अवस्थामा रामधुनी नगरपालिकाले पनि रामधुनी नगरपालिकाको सामाजिक परीक्षण कार्यविधी निर्माण गरि लागु गरेको हो । उक्त व्यवस्था अनुसार रामधुनी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक भित्र अघिल्लो सालको सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । यस वर्ष भने कोरोना भाईरस कोभिड १९ को प्रभावले केही ढिलो भएर पनि सामाजिक परिक्षण गरिएको छ । स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेको देखिन्छ ।

यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप रामधुनी नगरपालिका को आ.व. २०७६।०७७ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । पहिला स्थानीय तहको न्यूनतम सर्त मापनमा सामाजिक परीक्षण कार्य बापतको समेत निश्चित अंक भार तोकिएको थियो तर अहिले त्यसको बारेमा केही नयाँ कुरा नभएपनि रामधुनी नगरपालिकाले आफ्नो कार्यालयको कार्य सम्पादनको मूल्याकन गर्नु वा लेखाजोखा गर्नु कार्यविधीमा अनिर्वाय गरिएको छ । यसरी सामाजिक परीक्षण यस साझेदारी नेपाल सुनसरी संस्थालाई दिइएको जिम्मेवारी पूरा गर्ने क्रममा यस रामधुनी नगरपालिकाका प्रमुख, उपप्रमुख, विषयगत शाखाहरु, वडा अध्यक्षहरु, सदस्यहरु, कार्यपालिका सदस्यहरु र नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, ईन्जिनियर, सव इन्जिनियर, लेखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख, राजश्व प्रशासनका कर्मचारीहरु तथा यहाँका विभिन्न फाँटमा कार्यरत कर्मचारीहरु तथा सरोकारबाला मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । त्यसैगरी शिक्षा तर्फ सबै विद्यालयहरु, स्वास्थ्य तर्फ सबै स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्र समेतमा पुगेर सरोकारबालाहरुसंग अन्तरकृया गरिएको छ । तसर्थ उहाँहरू सवै जनालाई संस्थाको तर्फबाट धन्यवाद दिन चाहन्छौ । यस नगरपालिका क्षेत्रमा क्रियाशिल राजनितिक दलका प्रतिनिधी, संघसंस्थाहरु, शिक्षाप्रेमी, विकास साझेदारहरु तथा समाजसेवीहरुले दिएको अमूल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौ । साथै रामधुनी नगरपालिकाको सामाजिक परीक्षणका लागि खटिनु भएका यस संस्थाका सबै साथीहरु, परीक्षकहरु तथा कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै रामधुनी नगरपालिका को आ.व. २०७६/०७७ को सामाजिक परिक्षण प्रतिवेदन रामधुनी नगरपालिकामा प्रस्तुत गर्दछौ ।

साझेदारी नेपाल
इनरुवा, सुनसरी

# विषयसुचि

# विषयसुचि

## खण्ड-१

१.१. पृष्ठभुमी......................................................................................१.
१.२. सामाजिक परिक्षणको उदेश्य ..........................................................................२
१.३. सामाजिक परिक्षणको आधार ..........................................................................२
१.४. सामाजिक परिक्षणको प्रक्रिया ..........................................................................३
१.५. सामाजिक परिक्षणको प्रस्तुती तथा छलफलको खाका ..........................................................................३
१.६. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन
प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नु पर्ने आचारसंहिता ........३
१.७. सामाजिक परिक्षणको सिमाहरु ..........................................................................४
१.८. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया ..........................................................................४
१.९. रामधुनि नगरपालिकाको संक्षिप्त झलक ..........................................................................४
१.१०. रामधुनी नगरपालिकाको राजनैतिक तथा भौगोलिक विभाजन नक्शा ..........................................................................६
१.११. नगरपालिकाको सिमान र क्षेत्रफल..........................................................................६
१.१२. जनसंख्या विवरण ..........................................................................७

## खण्ड -२

२.१ रामधुनी नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरु ..........................................................................७
२.२ गत वर्षका मूख्यमूख्य उपलब्धिहरु ..........................................................................७
२.३ यसवर्षका मूख्यमूख्य उपलब्धिहरु ..........................................................................९
२.४. सामाजिक परिक्षण जिक्वेवारी र कार्यसम्पादनको लेखाजोखा विश्लेषण ..........................................................................१०
२.५. गतवर्ष भोगेका समस्याहरू ..........................................................................१६
२.६ सुधारका लागि चाल्नुपर्ने कदम तथा सुझावहरु ..........................................................................१७
२.७. रामधुनी नगरपालिकाको अवसर र सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदम ..........................................................................१८
२.८. नगरपालिकाको चुनौती तथा समस्याहरु ..........................................................................१८

## खण्ड -३

३. कार्यविधिको अनुसूचि ३ अनुसारको विवरण ..........................................................................१९
विषयगत कार्यालयले सम्पादन गरेको कार्यको लेखाजोखा
**३.१ स्वास्थ्य क्षेत्रको विवरण**..........................................................................१९
३.१.१ स्वास्थ्य क्षेत्रको लक्ष्य ..........................................................................१९
३.१.२ स्वास्थ्य क्षेत्रको मुख्य उदेश्य ..........................................................................१९
३.१.३ स्वास्थ्य क्षेत्रमा गत आर्थिक बर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण ..........................................................................२०
३.१.४ स्वास्थ्य क्षेत्रका नीतिगत व्यवस्था तथा प्रकृयागत सुधार हरु ..........................................................................२०
३.१.५ स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्वेवारी बहन गर्ने क्षमता ..........................................................................२०
३.१.६ स्वास्थ्य क्षेम आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्या ..........................................................................२१
३.१.७ स्वास्थ्य क्षेत्रको भावी कार्यक्रम संचालनकोलागि चाल्नु पर्ने कामहरु र सुझावहरु ..........................................................................२१
**३.२ शिक्षा क्षेत्रको विवरण** .......................................................................... २२
३.२.१ शिक्षा क्षेत्रको लक्ष्य ..........................................................................२२
३.२.२ शिक्षा क्षेत्रको मुख्य उदेश्य ..........................................................................२२
३.२.३ शिक्षा क्षेत्रको गत आर्थिक बर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण ................................ ......२२
३.२.४ शिक्षा क्षेत्रको नीतिगत व्यवस्था तथा प्रकृयागत सुधार हरु ..........................................................................२३

३.२.५ सामाजिक जिम्वेवारी बहन गर्ने क्षमता ....................................................२३
३.२.६ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्या ....................................२४
३.२.७ भावी कार्यक्रम संचालनकोलागि चाल्नु पर्ने कामहरु र सुझावहरु ....................................२४
**३.३ कृषी क्षेत्रको विवरण** ....................................................२५
३.३.१ कृषी क्षेत्रको लक्ष्य ....................................................२५
३.३.२ कृषी क्षेत्रको उदेश्य ....................................................२५
३.३.३ कृषी क्षेत्रको गत आर्थिक बर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण ....................................२५
३.३.४ कृषी क्षेत्रको नीतिगत व्यवस्था तथा प्रकृयागत सुधार हरु ....................................२६
३.३.५ कृषी क्षेत्रको सामाजिक जिम्वेवारी बहन गर्ने क्षमता ....................................२६
३.३.६ कृषी क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्या ....................................२६
३.३.७ कृषी क्षेत्रको भावी कार्यक्रम संचालनकोलागि चाल्नु पर्ने कामहरु र सुझावहरु ....................................२६
**३.४ पशु क्षेत्रको विवरण** ....................................................२७
३.४.१ पशु क्षेत्रको लक्ष्य ....................................................२७
३.४.२ पशु क्षेत्रको उदेश्य ....................................................२७
३.४.३ पशु क्षेत्रको गत आर्थिक बर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण ....................................२७
३.४.४ पशु क्षेत्रको नीतिगत व्यवस्था तथा प्रकृयागत सुधार हरु ....................................२८
३.४.५ पशु क्षेत्रको सामाजिक जिम्वेवारी बहन गर्ने क्षमता ....................................२८
३.४.६ पशु क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्या ....................................२८
३.४.७ पशु क्षेत्रको भावी कार्यक्रम संचालनकोलागि चाल्नु पर्ने कामहरु र सुझावहरु ....................................२८
**३.५ सामाजिक विकासको क्षेत्र** ....................................................२९
३.५.१ समाजिक विकास क्षेत्रको लक्ष्य ....................................................२९
३.५.२ समाजिक विकास क्षेत्रको उदेश्य ....................................................२९
३.५.३ समाजिक विकास क्षेत्रको गत आर्थिक बर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण ....................................२९
३.५.४ समाजिक विकास क्षेत्रको नीतिगत व्यवस्था तथा प्रकृयागत सुधार हरु ....................................२९
३.५.५ समाजिक विकास क्षेत्रको सामाजिक जिम्वेवारी बहन गर्ने क्षमता ....................................२९
३.५.६ समाजिक विकास क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्या ....................................३०
३.५.७ समाजिक विकास क्षेत्रको भावी कार्यक्रम संचालनकोलागि चाल्नु पर्ने कामहरु र सुझावहरु....................................३०
खण्ड-४
४.१ सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु : ....................................३०
४.२. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि कमीकमजोरीहरुः....................................३१
४.३. सामाजिक जिम्मेवारी पुरा गर्न रामधुनी नगरपालिका सुनसरीले चाल्नुपर्ने कदम वा सुझावहरु ....................................३१
४.४. सेवाग्राहि जनता संग गरिएको सवाल जवाफको राम्रो पक्षः....................................३२
४.५. नगर तथा वडाबस्तीहरुको सम्बोधन गर्नु पर्ने पीडा र समस्याहरु ....................................३३
खण्ड-५
कार्यालय अनुसारको अवस्था, सुझाव र प्रतिकृया
५.१. रामधुनी नगरपालिका - १ नम्बर वडा कार्यालयको सुशासनको अवस्था....................................३३
५.२. रामधुनी नगरपालिका - २ नम्बर वडा कार्यालयको सुशासनको अवस्था....................................३४
५.३. रामधुनी नगरपालिका - ३ नम्बर वडा कार्यालय सिगिया ....................................३४
५.४. रामधुनी नगरपालिका - ४ नम्बर वडा कार्यालय लालपुर ....................................३४
५.५ रामधुनी नगरपालिका - ५ नम्बर वडा कार्यालय ....................................३५
५.६. रामधुनी नगरपालिका बकलौरी - ६ नम्बर वडा कार्यालय ....................................३५
५.७. रामधुनी नगरपालिका - ७ नम्बर वडा कार्यालय बक्लौरी ....................................३५
५.८.रामधुनी नगरपालिका - ८ नम्बर वडा कार्यालय डुम्रहा ....................................३५
५.९.रामधुनी नगरपालिका - ९ नम्बर वडा कार्यालय मिर्चैया ....................................३६

५.१०. डुम्राहा स्वास्थ्य चैकी रामधुनी वडा नम्बर ८ को अवस्था ........................................३६
५.११. आधारभुत स्वास्थ्य केन्द्र मिर्चैया रामधुनी नपा ९ को अवस्थ..........................................३७
५.१२. झुम्का स्वास्थ्य चौकी रामधुनी १ ................................................................................३७
५.१३. सिगिया स्वास्थ्य चौकी रामधुनी ३ सिगिया ..........................................................३७
५.१४. शहरी स्वास्थ्य केन्द्र रामधुनी २ कुम्याही झोडा ......................................................३७
५.१५. शहरी स्वास्थ्य केन्द्र रामधुनी ४ लालपुर सिगिया ................................................३७
५.१६. शहरी स्वास्थ्य केन्द्र झुम्का रामधुनी ५ ..............................................................३८
५.१७. रामधुनी कृषि सेवा शाखा झुम्का ..........................................................................३८
५.१८. रामधुनी पशु सेवा । शाखा केन्द्र झुम्का ................................................................३८
५.१९. रामधुनी शिक्षा शाखा झुम्का( सबै सामुदायिक तथा निजी विद्यालयहरु र शैक्षिक संस्थाहरु) ............३९
५.१९.१ श्री पञ्चाय आधारभुत विद्यालय रामधुनी ६ ............................................................३९
५.१९.२ तेह्र बालबालिका आधारभुत विद्यालय रामधुनी ६ .....................................................४०
५.१९.३ श्री राम जानकी आधारभुत विद्यालय रामधुनी वडा नं.२ ...........................................४१
५.१९.४ श्री शिवनगर माध्यामिक विध्यालय, रामधुनी २ ......................................................४१
५.१९.५ भासी माध्यामिक विद्यालय रामधुनी बडा न. १ .....................................................४२
५.१९.६ श्री शनिश्चरे मा.बि विधालय ,रामधुनि ९ ...............................................................४२
५.१९.७ जनता मा.वि सिंगिया रामधुनी ३, ........................................................................४३
५.१९.८ श्री शेहरा आधारभुत विधालय,रामधुनी ८ ...............................................................४३
५.१९.९श्री ठुलो मोहर आधारभुत विद्यालय, रामधुनी ८ ......................................................४४
५.१९.१० श्री आर्दश माध्यमिक विद्यालय,बक्लौरी रामधुनी ६ ..............................................४५
५.१९.११ श्री शंकर आधारभुत विद्यालय रामधुनी २ ............................................................४६
५.१९.१२ श्री सरस्वती आधारभुत विद्यालय सैनिमैनी रामधुनी १ ............................................४६
५.१९.१३ श्री वीपी सरस्वती आधारभुत विद्यालय रामपुर रामधुनी ४ .......................................४७
५.१९.१४ श्री भगवति आधारभुत विद्यालय रामधुनी ४ .........................................................४८
५.१९.१५ श्री वीपी सरस्वती आधारभुत विद्यालय रामपुर रामधुनी ४ .......................................४८
५.१९.१६ श्री राजेश्वरी आधारभुत विद्यालय रामधुनी २ , ........................................................४९
५.१९.१७ श्री रामजानकी आधारभुत विद्यालय इक्राही रामधुनी ४ ...........................................४९
५.१९.१८ श्री पञ्चायत माध्यमीक विद्यालय रामधुनी ७ ........................................................५०
५.१९.१९ श्री जन आधारभुत विद्यालय जमुवा रामधुनी ६ ......................................................५०
५.१९.२० श्री सरस्वती आधारभुत विद्यालय रामधुनी ६ ........................................................५१
५.१९.२१ श्री पञ्चायत माध्यमिक विद्यालय रामधुनी ७ बहतरविघा ........................................५२
५.१९.२२ श्री पञ्चायन आधारभुत विद्यालय बक्लौरी रामधुनी ७ ............................................५२
५.१९.२३ **श्री रामधुनी आर्दश आधारभुत विद्यालय रामधुनी ५,..............................................**
५.१९.२४ रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का ......................................५३

**खण्ड-६**

६.१ निश्कर्ष ....................................................................................................५५
६.२ सन्दर्भ सामाग्रि तथा पुस्तकहरु : ..........................................................................५६

# सामाजिक परिक्षण प्रतवेदन २०७७

## खण्ड-१

### १.१. पृष्ठभूमी:

समृद्ध नेपाल सुखी नेपाली मुल नाराका साथ देशलाई नयाँ संरचनाको संघीयता कार्यान्वयनमा लगिएको छ । देशको विभिन्न कालखण्ड पार गर्दै २०७२ सालमा आएको संविधान र त्यसपछिका विभिन्न ऐन, नियम र कानुनहरुको कार्यान्वयको अवस्थामा मुलुक चलिरहेको छ । हाल स्थानीय सरकार संचालन ऐन २०७४ मा नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, सहजता र समन्वयलाई प्रवर्दन गर्ने जनसहभागिता, सर्वसलुभ र गणुस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेसी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाबेसी उन्मुख सुदृढ गरी स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका समेत ऐन बनाएको छ ।

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरीएका अनेक नीति नियम र निर्देशिका सहित संचालित स्थानीय तहहरुलाई आर्थिक प्रशासन नियमावली अनुसार स्थानीय तहहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ । नेपाल सरकारले स्थानीय तहलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिंदै आएको छ । यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय तहमा अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय तहलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलत  नगरपालिकाका नागरीकको दुख बेदना अनी मर्महरुलाई नजिकबाट नियालेर सोही विषबस्तुसँग साक्षतकार भएर काम गर्ने भएबाट पनि नागरिकहरुका आशा र अपेक्ष यो निकायसँग बढि नै हुन्छन भने यसको दायित्व समेत सोही रुपमा बढ्ने देखिन्छ । स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । जस अनुसार “सामाजिक परीक्षण” लाई स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांान कार्य भनिएको छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि तत्कालिन नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी गरी लागू गरेको अवस्था थियो भने हाल रामधुनी नगरपालिकाले पनि सामाजिक परीक्षण कार्यवीधि २०७६ जारी गरेको छ । यसका साथै विभिन्न स्थानीय तहको श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा समेत सामाजिक परीक्षण कार्यलाई विशेष जोड दिइएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ । यसलाई स्थानीय तहको

योजना तर्जुमाको विभिन्न सात चरणमा, सामाजिक तथा जनसंख्या समिति, नगर सभा र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण, सामाजिक परीक्षण प्रतिवेदन, कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा रामधुनी नगरपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ । यसै परिप्रेक्षमा साविक सामाजिक परीक्षण कार्यविधि २०६७ तथा हालको रामधुनी नगरपालकाको आफ्नै सामाजिक परीक्षण कार्यविधि बमोजिम यस साझेदारी नेपालले रामधुनी नगरपालिकाको आ.व. २०७६/०७७ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन पेश गरेको छ ।

**१.२. सामाजिक परीक्षणको उद्देश्य :**

रामधुनी नगरपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट  नगरपालिका ले समाजमा पुऱ्याएको योगदानको मापन एवं प्रतिवेदन गर्ने कार्य सम्पादन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस नगरपालिका को सामाजिक परिक्षण गर्नुका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- **नगरपालिकाको निवार्ह गरेको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।**
- **समुन्नत समाज निर्माणको सामाजिक फाईदाहरुको समिक्षा गर्ने ।**
- **नगरपालिकालाई नागरीक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी र सुलभ, भरपर्दो पारदर्शि बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव प्राप्त गर्ने ।**
- **कार्यसम्पादन मापनमा अझ प्रभावकारिता ल्यउन बाटो प्रसस्त गर्ने ।**

**१.३. सामाजिक परीक्षणका आधार :**

रामधुनी  नगरपालिकाको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखा जोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम रहेका छन् ।

- रामधुनी  नगरपालिका कार्यालयको संगठन संरचना
- रामधुनी  नगरपालिकाको नीति, रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारीता
- रामधुनी नगरपालिकाको योजना, नीति तथा कार्यक्रम, वजेट व्यवस्थापन
- नगरपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मुल्यांकन
- प्रदुषण नियन्त्रण, वातावरण संरक्षण र दीगो विकासमा नगरपालिकाले खेलेको भूमीका
- सेवाग्राहीको हित एवम नागरीक मैत्री सेवा प्रवाहमा नगरपालिकाको भूमीका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि नगरपालिकाले खेलेको भूमीका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा नगपालिकाले दिएको योगदान
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह
- रामधुनी नगरपालिकाको सामाजिक योगदान ।

**१.४. सामाजिक परीक्षणको प्रक्रिया:**

सकेसम्म परीमाणात्मक तथ्याङ्क र आवश्कता अनुसार थप गुणात्मक तथ्याङ्को प्रयोग गरी अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । पाँच वर्ष अगाडी रामधुनी नगरपालिका भएको, गाविसहरुबाट नगरपालिका भए पश्चात सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरुको प्रयास भएको र नागरिकहरुको नगरपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थीको संयोजनलाई समायोजन गर्नु पर्नेकुराको चुनौतिका वीचमा रामधुनी नगरपालिकामा रहेको मूख्य विषयलाई आधार लिई नगरपालिकाको सामाजिक दायित्व निवाई गर्नु पर्ने विषयमा केन्द्रीत रही सामाजिक परिक्षण प्रकृया अगाढि बढाईएको अबस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- ✓ स्थलगत अवलोकन भ्रमण, सर्वे र अन्तरवार्ता
- ✓ प्रत्यक्ष सर्वेक्षणमा सेवाप्रयादक तथा सेवाग्राहीसंग छलफल
- ✓ नागरिकको सेवा प्रतिको सन्तुष्ठी फारम
- ✓ कार्यालय तथा शाखाको अभिलेख जाँच,
- ✓ लक्षित समूह छलफलको आयोजना
- ✓ सर्वेक्षण तथा सूचना संकलन
- ✓ सरोकारवाला मूख्य सूचनादातासँगको अन्तरक्रिया
- ✓ उपलब्धी, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन गर्ने र प्रतिवेदन गर्ने ।

**१.५. सामाजिक परिक्षणको प्रस्तुति तथा छलफलको खाका:**

१. कार्यक्षेत्रको परिचय
२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरू
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
४ यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )
५. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
६ सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू
७. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया
८. स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा
९. रामधुनी नपाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति
१०. रामधुनीले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।

**१.६. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-**

- ➢ विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- ➢ तथ्याङ्क र सूचनाको आधारमा रही विचार राख्ने ।
- ➢ निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सामाजिकमर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने

### १.७. सामाजिक परीक्षणका सीमाहरु :

रामधुनी नगरपालिकाको सामाजिक परीक्षण कार्यविधी अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नुपर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा सम्म तर्कसंगत पेश गरीने आधारहरुका रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादातासँग अन्तरवार्ता लिईएको, नागरिक सन्तुष्टी सर्वे फारम र लक्षीत सरोकारवाला सँगको अन्तरक्रियाको आधार लिईएको छ । कतिपय डाटाबैंक प्रभावकारी नहुँदाको अबस्थामा यो सामाजिक परिक्षण आधारभूत अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ ।

### १.८. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया :

- सामाजिक परीक्षणको सूचना रामधुनी नगरपालिकाले सामाजिक परीक्षण हुने मिति, समय र स्थान खोली सम्वन्धित सरोकारवालाहरूलाई मौखिक टेलीफोन, पत्राचार मार्फत सूचना दिइएको थियो ।
- सामाजिक परीक्षण भेला कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरिएको थियो ।
- कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति अभिलेख गरिएको छ ।
- कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे संस्थाबाट खटाएका सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरिएको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइएको छ ।
- सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमाथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको छ ।
- सहभागीहरूबाट आएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

## १.९. रामधुनि नगरपालिकाको संक्षिप्त झलक

| विषय क्षेत्र | विवरण |
|---|---|
| भौगोलिक तथा प्राकृतिक | २६ डिग्री ३६ अक्षांश र ८७डिग्री १२ पुर्व देशान्तर भित्र रहि समुद्री सतहबाट १८२ देखी १८५ मिटरको उचाईसम्म |
| | *क्षेत्रफल* - ९१.६९ वर्गकिलोमिटर |

| | |
|---|---|
| | उचाई - १८२ मिटरदेखि १८५ मिटरसम्म |
| | जलवायु - तराई |
| | भू उपयोग (%) - खेती भूमी ७५%, वन, घाँसे भूमी तथा चरण क्षेत्र १०%, अवास क्षेत्र ७ %, सडकले ओगटेको क्षेत्र ३ %, नदिनाला १ %, औद्योगिक क्षेत्र १ % र अन्य ४ % सहित २०४२० हेक्टर अर्थात १०० %) (ताल तलैया पोखरी, बलौटे जमीन र झाडी) |
| | साबिकका गाविस - डुम्राहा(१,३,४,५र ६) बक्लौरी,सिगिया र भासी |
| जनसाङ्ख्यिक | जनसंख्या - पुरुष : ३२३७३ महिला : ३०९९२ र तेस्रो लिंगी :४९ जम्मा : ६३४१४ |
| | घरपरिवार संख्या - १३६१६ |
| | जनघनत्व - ५२७.८७ जना प्रति वर्गकिलोमिटर |
| | लैङ्गिक अनुपात - ९६.७५ |
| आर्थिक | गरिवीको दर - ३० प्रतिशत |
| | प्रतिव्यक्ति आम्दानी मासिक(४) - |
| | प्रमुख पेशा - कृषि |
| | उत्पादन (मे.ट.) -. खाद्यान्न १८५८६९, दलहन ३३१३, तेलहन ८६५, नगदेवाली ५६०१ |
| | प्रमुख पर्यटकीय क्षेत्र - रामधुनी मन्दिर र वन, रास ताल, शंकरबेली ताल र डग्राही पोखरी |
| सामाजिक | शैक्षिक संस्था संख्या - वाल विकास केन्द्र : ३२ (प्रावि निजी र सामुदायिक : १६ र निमावि ७) हाललाई आधारभुत विद्यालय २३ र मावि : २६ गरि कुल : ४९, मदरसा २ सहित ५१ वटा क्याम्पस : १ |
| | साक्षरता दर - महिला : ६१.४४ पुरुष : ७८.९२ जम्मा : ६९.४९ |
| | स्वास्थ्य संस्था संख्या - सरकारी १० र नीजि १० गरि २० वटा, कोभिड अस्पताल :१ स्वास्थ्य चौकी : ४ सहरी स्वास्थ्य केन्द्र र आधारभुत स्वास्थ्य केन्द्र :५ |
| | प्रमुख रोगव्याधी - ग्याष्ट्रिक/अल्सर र सुगर |
| | वाल कुपोषण दर(%) - .... |
| | स्वच्छ खानेपानी उपयोग (%) - धारामा ३.२५ %, टुवेलमा ९४.१८%, कुवा इनार १.०६ %, अन्यमा १.४९% |
| | शौचालयको उपयोग (%)- फल्स भएको : ३६.५६ साधारण : ५०.८९ नभएको : १२.५५ |
| | प्रमख धार्मिक सम्पदा - ३ वटा , पर्यटकीय : ५ वटा |
| भौतिक | सडक (किमि) - कालोपत्रे : ३६ ग्राभेल : ७६.५ कच्ची : १३ |
| | खाना पकाउने उर्जा उपयोग (%)- दाउरा: ४९.७८ गोवर ग्यौंस: ४५.१९ एलपिजी ग्याँस: २.५९ |
| | वत्ती वाल्ने उर्जा उपयोग (घर परिवार संख्यामा)- विजुली: ९५४७ मट्टितेल: १८१८ सोलार: ४९ |
| | मोवाइल सेवामा पहुँचको अवस्था (%) : ७१ |
| | घरको प्रकार (%) :जगको आधारमा: माटो/ढुङ्गा: २.१३ %, सिमेन्ट।ढुंगा: १७.८२ %, |

| | |
|---|---|
| | *सिमेन्ट पिलर : ११.३४ %, काठको खम्बा ६०.१३ %, ८.५ %*<br>*छानोको आधारमा:* फुस/खर: १७.८८ % जस्ता/च्यादर: ६७.५०, ढलान : १२.९० % अन्य : १.७०% |
| वातावरण र विपद् | *वन क्षेत्र : १०%* |
| | *महत्वपूर्ण जैविक सम्पदा :* |
| | *मुख्य विपद् र क्षति :* विपद: बाढी, आगगाली |
| संस्थागत | *नगर/नगरपालिका कार्यालय -* स्थान : झुम्का सम्पर्क नं. : ०२५५६२००५ |
| | *वडा संख्या :* ९ |
| | *क्रियाशिल अ/गैसस वा कार्यक्रम :* ७ |
| | *वार्षिक बजेट : ६१ करोड ८१ लाख ८९ हजार ९३९* |
| | *वेभसाईट :* ramdhunimun@gov.np |
| | *ईमेल ठेगाना :* ramdhunibhasi@gmail.com<br>Ito.ramdhunimun@gmail.com |

## १.१०. रामधुनी नगरपालिकाको राजनैतिक तथा भौगोलिक विभाजन नक्शा




स्थानिय तह पुनरसंरचना भएको मिति २०७३ फाल्गुण २७ गते

**१.११.नगरपालिकाको सिमान :**

पुर्व : ईटहरी उपमहानगरपालिका

पश्चिम : बराहाक्षेत्र नगरपालिका

उत्तर : धरान उपमहानगरपालिका

दक्षिण : ईनरुवा नगरपालिका

क्षेत्रफल: ९१.६९ वर्ग कि.मि.

१.१२. जनसंख्याको वितरण विरण :

| वडा नं. | घरधुरी संख्या | जन संख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | तेस्रोलिंगि | जम्मा |
| १ | १८६० | ४३२६ | ४४१३ | ४ | ८७४३ |
| २ | १३६१ | ३१०९ | ३११५ | ६ | ६३१० |
| ३ | १२७१ | २९४९ | ३०७६ | १३ | ६०३८ |
| ४ | १३८५ | ३२४८ | ३४१५ | २ | ६६६५ |
| ५ | १९१६ | ४०९५ | ४३९५ | १० | ८५०० |
| ६ | १५९५ | ३४७१ | ३९२३ | ६ | ७६७० |
| ७ | १८६० | ४३२६ | ४४१३ | ४ | ८७४३ |
| ८ | १००६ | २३०० | २३८६ | २ | ४६८८ |
| ९ | १३६२ | ३१६८ | ३२३७ | २ | ६४०७ |
| जम्मा | १३६१६ | ३०९९२ | ३२३७३ | ४९ | ६३४१४ |

***स्रोत : रामधुनी नगरपालिकाको कार्यालय***

# ***खण्ड-२***

## ***२.१. रामधुनी नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरु :***

रामधुनी नगरपालिकाले यस नगरलाई दिर्घकालिन साचमा आधारित समृद्धिको मार्गप्रसस्त गर्न देहाय बमोजिमको लक्ष्य निरधारण गरेको छ ।

क) अगामी पाँच वर्ष भित्र दिगो शहरी विकासका लागि आवश्यक आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक तथा प्रशासनिक पूर्वाधारहरुको जग स्थापित भई अगामी २५ वर्षभित्र सुनसरी जिल्लाको एक सुविधा सम्पन्न समृद्ध रामधुनी नगरको रुपमा विकसित भएको हुनेछ ।

ख) दिगो विकास लक्ष्यलाई पुरा गर्न प्रयास गरेको हुनेछ ।

१, यस नगरमा पुड्को पनलाई ३६ प्रतिशतबाट १५ प्रतिशतमा ल्याउने

२, मातृ मृत्युदरललाई २५८ प्रतिलाखबाट ६९ मा ल्याउने

३, यहाँका ७५ प्रतिशत युवाहरुलाई रोजगारी सृजना गर्ने

**४, व्यवसायीक तथा प्राविधिक काममा महिलाको सहभागीता २४ प्रतिशतबाट ४० प्रतिशत पुरयाउने**

**५, पाईपलाईनबाट खानेपानी वितरणलाई ४९.५ प्रतिशतबाट प्रतिशतबाट ९० प्रतिशतमा पुरयाउने**

**६, विद्युत चुहावट ७४ प्रतिशतबाट प्रतिशतबाट १० प्रतिशतमा झार्ने**

**७, जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाहरुको दरलाई शुन्यमा झार्ने**

**ग) सामाजिक विकास र सचेतनाको कामलाई निरनतरता दिने**

**२.२ (क) उदेश्य :** "आवधिक नगर विकास योजनाले लक्ष्य गरेको आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न यो वार्षिक योजना तर्जुमाले सहयोग गर्नेछ ।" वृहत्तर रामधुनीको अवधारणा, नगरपालिकाले तर्जुमा गरिरहेको बार्षिक योजना र अगामी दिनमा तयार पान दीर्घकालिन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको योजनाले परिकल्पना गरेका वातावरणीय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ, शैक्षिक बिकासका दृष्टिकोणबाट स्वावलम्वी र उद्यमशीलता, व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट सम्वृद्ध औद्योगिक नगरका दीर्घकालिन लक्ष्य प्राप्तिका लागि उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य,आवास जस्ता क्षेत्रमा बिद्यमान अपार संभावना र चुनौती समेतलाई ध्यानमा राखी देशले अंगिकार गरेका दीर्घकालिन विकास नीति, दिगोविकासका लक्ष्य(SDGs), राष्ट्रिय शहरी बिकास नीति, राष्ट्रिय योजना आयोगका माग निर्देशन, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका माग निर्देशन, नेपाल मानव विकास सुचकाङ्क, जिल्ला आवधिक योजना, नगरपालिका अनुदान संचालन कार्यविधि २०६७, नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७, बालमैत्री स्थानिय शासन कार्यविधि तथा रणनिति २०६८, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तथा बातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०, स्थानीय सरकार संचालन ऐन २०७४, समेतलाइ आधार बनाइ शहरी पूर्वाधार तथा भौतिक बिकास, साहित्य कला, संस्कृति र पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुद, गरिवी न्युनिकरण तथा लक्षित क्षेत्र बिकास, वातावरण तथा बिपद व्यवस्थापन, आर्थिक बिकास, बित्तीय बिकास, संस्थागत बिकाससंग सम्बन्धित नीति तर्जुमा, क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरु र केही रणनीतिक परियोजनाहरु कार्यान्वयन गरी आर्थिक तथा सामाजिक उन्नतिमा नगरवासीहरुका पहुंच बृद्धि गर्नुआ.व.२०७७/०७८ का नीति तथा कार्यक्रमका मुख्य उद्धेश्य हुनेछ ।

**२.२ (ख)वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्नुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु : २.२.१ समग नीति तथा आधारहरु :** नगरपालिकाबाट निम्न बमोजिमका बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्राथमिकताका आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएका छ ।

१. आधारभूत तथा आधुनिक शहरी सेवा सुविधाकोपर्याप्त उपलब्धता सहित स्वच्छ, सृजनशिल र सम्वृद्ध औद्योगिक नगरका दीर्घकालिन लक्ष्य प्राप्तिका लागि दिगा आर्थिक वृद्धि हासिल गन कृषिमा आधुनिकीकरण, पर्यटन विकास र औद्योगिक क्षेत्रका प्रवर्द्धन गर्ने,

२. मागमा आधारित समयानुकुल गुणात्मक शैक्षिक विकासमा सम्बन्धित निकायहरुसंग सहकार्य गर्ने,

३. सुरक्षित आवासका लागि बिद्यमान नीतिहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन र सरोकारवाला निकायहरुसंग सहकाय अभिबृद्धि गर्ने,

४. स्थानीय तहका हैसियतमा प्रचलित कानुन बमोजिम नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा आम्दानीका क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगका सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण र एकिकृत नगर सूचना प्रणालीका बिकास गरी उपलब्ध श्रोतहरुको अधिकतम उपलब्धि हुने गरी परिचालन गर्ने,

५. सामाजिक मुलधारबाट पछि परेका वा पारिएका महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वग र अति गरीव तथा सिमान्तकृत समुदायका विकासमा श्रोत साधनलाई यथोचित विनियोजन गर्ने,

६. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका गैर सरकारी संघसंस्था, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, र अन्य सरोकारवाला संघ संस्थाहरुसंग नगर क्षेत्रका विकास निर्माणको लागि सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

७. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिकाको सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने,

८. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिने,

९. शिक्षा, संस्कृति, भाषा, साहित्य, खेलकुदका योजनाबद्ध बिकास गर्ने एव पर्यटन क्षेत्रका विकासमा विभिन्न सरोकारवाला निकायहरु बीचका सहकार्यलाइ अघि बढाउने,

१०. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगि संघसंस्थाहरुका सशक्तिकरण गरी स्वावलम्वन विकासको अवधारणालाई वढवा दिने,

११.सामाजिक न्याय र संमृद्धिको लागि नगर क्षेत्रका श्रोत साधनलाई प्रयोग गर्ने ।

१२. नगरपालिका मुख्य कार्यालय भवन निर्माणलाइ उच्च प्राथमिक्तामा राखि बजेट विनियोजन गरिएकोछ भने वडा कार्यालय भवन नभएका वडाहरुलाइ पनि कार्यालय भवनकालागि निरन्तरता दिईएकोछ ।

१३. रामधुनी नगरलाई उज्यालो नगरका रुपमा विकास गरिनेछ साथै हरियाली शहरका रुपमा विकास गरिनेछ ।

१४. शहरी विकास मार्फत बक्लौरी, कुमरखत, पंचायन, सिंगिया, लालपुर, शिवनगर, कुम्याही र डुम्राहालाई स्याटलाईट शहरका रुपमा विकास गर्ने नीति लिईनेछ ।

१५. रामधुनी नगरपालिका वडा नं. ९ स्थित रहेका धुराहा खेलमैदानलाई स्तरोन्नती गरी नगर स्तरीय स्टेडियमका रुपमा विकास गर्ने प्राथमिकतामा राखी अगाडि बढाउने नीति अवलम्वन गरिनेछ ।

**२.२.२ क्षेत्रगत नीति नीति तथा आधारहरु :**

**(क) आर्थिक विकास क्षेत्र :** कृषी विकास तर्फ १३ बुदा, पशुविकास तर्फ ६ वटा वुदा, सहकारी विकास तर्फ ५ वटा बुदा, उधोग तथा उधम शिल्ता तर्फ ९ वटा वुदा र रोजगार प्रबर्द्धन गन तर्फ १० वटा बुदामा रहेका पाँचौ नगर सभावाट पारित नीतिहरुलाई नै निरन्तरता

दिदै उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गार्न आर्थिक विकास तर्फ रु. ३ करोड ६६ लाख ५५ हजार बजेट विनियोजन गरिएको छ । जसमा कृषी विकासमा १ करोड ५७ लाख ५५ हजार पश विकासमा २८ लाख ९० हजार, पर्यटन विकासमा १ करोड ११ लाख ६० हजार उदयोग २८ लाख पचास हजार सहकारी २ लाख बजेट विनियोजन गरिएको छ ।

**(ख) सामाजिक विकासका क्षेत्र** : आधारभुत तथा माध्यमिक शिक्षा तफ १२ बुदा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप तर्फ ६ वटा बुदा, आधारभुत स्वास्थ्य तथा सरसफाई तर्फका १६ बुदा, लैङ्गिक समानता तफ ७ वटा वुदा , बालबालिका, किशोर किशोरी तथा यूवा तर्फका १२ वटा बुदाँ, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक तर्फका ९ वटा बुदा, गैरसकारी संस्था परिचालनका ४ वटा बुदाँ, सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता तर्फका ४ वटा वुदा, संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन तर्फका ८ वटा बुदा बुदामा रहेका पाँचौनगर सभा वाट पारित नीतिहरुलाई नैनिरन्तरता दिदै उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गार्न आगामी बर्षमा कुल बजेट २४ करोड १ लाख ९६ हजार बिनियोजन गरिएको छ । जसमध्य आधारभुत शिक्षा तफ १६ करोड ९२ लाख ३७ हजार, आधारभुत स्वास्थ्य तर्फ ३ करोड २९ लाख २७ हजार, युवा तथा खेलकुद विकास तफ ४७ लाख ६७ हजार, खानेपानी तथा सरसफाइ तर्फ १७ लाख ८७ हजार, भाषा तथा संस्कृती २ लाख ९२ हजार, सामाजिक सुरक्ष तथा संरक्षण ८८ लाख २१ हजार, लैङ्गिक समान्ता तथा सामाजिक समावेसी कार्यक्रम तफ २ करौड २३ लाख ६५ हजार मध्य महिला तफ २४ लाख ९८ हजार, बालबालिका तर्फ ९६ लाख ३१ हजार, आदिवासी जनजाती लक्षित विकास तर्फ ९ लाख ७९ हजार, मधेशी मुस्लीम पिछडा बर्ग विकास ९ लाख ८३ हजार, दलित विकास तर्फ ७ लाख ८१ हजार, अपाङ्ग लक्षित विकासमा ७६ लाख ६० हजार,.जेष्ठ नागरिक तफ ८ लाख ८० हजार विनियोजन गरिएको छ ।.

**(ग) पूर्वाधार विकासका क्षेत्र :** भौतिक पूर्वाधारको विषयमा सडक तथा यातायात व्यवस्था तर्फ १३ वटा बुदाँ, जल विधुत, उर्जा, सडक वती व्यवस्थापनका ६ वटा बुदा, सिचाइ तथा जलउत्पन्न प्रकोपका ५ वटा बुदाँ, खानेपानी व्यवस्था सम्बन्धिका ६ वटा बुदा, सार्वजनिक निजी साझैदारीको ५ वटा वुदाँ, भुमि व्यवस्था तथा भवन नियमनका भू उपयोग तथा बस्ती विकासको १० वटा वुदाँ, भवन तथा भवन सहिता निर्माण इजाजतका ६ वटा वुदाँ, योजना संचालनका ११ वटा वुदाँ, अनुगमन तथा मूल्याँकनका ५ वटा वुदाँ, तथ्याँक व्यवस्थापनका ५ वटा बुदाहरुमा रहेका पाँचौ नगर सभा वाट पारित नीतिहरुलाई नै निरन्तरता दिदै थप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गर्न आगामी बर्षमा कुल बजेट २० करोड ३९ लाख २४ हजार बिनियोजन गरिएको छ । जस मध्ये यातायात पूर्वाधार तर्फ रु. १५ करोड ५६ लाख १६ हजार, भवन आबास तथा शहरी विकास तफ ४ करोड ५५ लाख ६० हजार र अन्य रु. २७ लाख ४८ हजार विनियोजन गरिएको छ ।

**थप नीतिहरुः** १. यस नगरपालिकाको सबै योजनामा जन सहभागिताका रकम उठन कठिन भएकोले विद्यालय, मठ मन्दिर, नपा तथा वडा कार्यालय भवनहरु, सामुदायिक तथा सार्बजनिक भवन निर्माणका योजनाहरुमा २० प्रतिशत लागत सहभागिता नपामा जम्मा गर्न नपर्ने तर लागत सहभागिता वरावरको जनश्रमदान २० प्रतिशतका कार्य उपभोक्ताले गर्नु पर्ने नीति लिईनेछ ।

२. ३. (घ) **शुसान तथा अन्तर सम्बन्धित क्षेत्र :** यसमा कुल बजेट २ करोड ७९ लाख ८६ हजार बिनियोजन गरिएको छ । बन वातावरण तथा विपद व्यवस्थापन तर्फका बन बनयजन्तु, भ-संरक्षण तथा जैविक विविधता संरक्षणका १५ वटा बुदाँ, वतावारण, पर्यावरण एव जलाधार क्षेत्र संरक्षणका १० वटा बुदाँ, फोहरमैला व्यवस्थापनका १० वटा बुदाँ, विपद व्यवस्थापनका १२ वटा बुदाँमा रहेका नगर सभावाट पारित नीतिहरुलाई नैनिरन्तरता दिदैथप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाइ पुरा गर्न आगामी बर्षमा जस मध्य विपद व्यवस्थापन तर्फ १ करोड ४० लाख २० हजार बिनियोजन गरेकोछ । १. कोभिट १९ का सन्दर्भहरु, २. अन्य त्यस्त सस्थागत तथा शुसासन तर्फ संस्थागत विकासका ५ वटा बुदाँ, आर्थिक प्रशासनका ४ वटा बुदाँ, वितिय व्यवस्थापनका ५ वटा बुदाँ, विदायन सम्बन्धि २ वटा बुदाँ, न्याय, कानुन तथा मानवअधिकार प्रबर्द्धनका ३ वटा बुदा, नगर प्रहरी व्यवस्थापनका २ वटा बुदाँ, सूचना तथा संचार प्रविधि विकास तथा विस्तारका ४ वटा बुदाँमा रहेका नगर सभावाट पारित नीतिहरुलाई नै निरन्तरता दिदै थप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गार्न आगामी बर्षमा कुल बजेट १ करोड ३९ लाख ६६ हजार बिनियोजन गरिएकोछ ।

यस आ.ब. ०७७।०७८ कोलागि ६१ करोड ८१ लाख ९८९ हजार नौसय उनचालिस मात्रका अनुमानित आय व्यय विवरणको अनुसार चालुखर्च रकम रु. ३५ करोड ५८ लाख ३७ हजार र पुजीगत खर्च रकम रु. २६ करोड २३ लाख ५२ हजार मात्रका सारांश प्रस्तुत गरिएको छ ।

## २.२. गत वर्षका मूख्यमूख्य उपलब्धिहरु :

**सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम रामुधनी नगरपालिकाले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु तथा उपलब्धिहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।**

- **नगरपालिकालाई भौतिकपूर्वाधारमा अग्रसर बनाएको , त्यस क्रममा पालिकाको भवन, पाँच वटा वडा कार्यालय भवन निर्माण गर्न सहयोग र सफल भएको ।**
- .हजारको संख्यामा विपन्न महिला उद्यमशील वनेका छन भने अझै उद्यमशील वन्ने प्रक्रया जारी रहेको छ
- . हिंसापीडित र असुरक्षित महसुस गर्न सक्ने महिलाको लागि (सेफहाउस) सुरक्षित आवास गृह निर्माणाधिन रहेको छ ।
- झोलुङ्गे पुल,कर्ल्भट, एजिङ्ग नाला निर्माणको काम भएको छ
- **रामधुनीको ९ वटै वडामा स्वास्थ्य संस्था सञ्चालनमा ल्याएको , रामधुनी नगरपालिकाका स्वास्थ्य संस्थाले वडालाई खोप युक्त वडा घोषणा गर्न सफल ।**
- **रामधुनी ९ मा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको, रामधुनी ७ बक्लौरीको भाडामा रहेको स्वास्थ्य संस्था आफ्नै भवनमा सञ्चालन भएको , रामधुनी ५ मा कोभिड अस्पताल सञ्चालनमा आएको, रामधुनी ४ मा भवन निर्माण भएको र उद्घाटनको पखाईमा रहेको , रामधुनी ६ बक्लौरीमा १५ सैयाको अस्पतालका लागि प्रयास भएको , रामधुनी २ र ९ को स्वास्थ्य संस्थाका लागि भवन निर्माणधिन अवस्थामा रहेको**
- **बालबालिकाको सकृयतामा बाल पत्रिका नियमित रुपमा सञ्चालन भएको**

- बालमैत्री स्थानिय शासन अवलम्बन गरि बालमैत्री नगर निर्माणकोलागि निर्धारित सुचक पुरा गर्न निरन्तर प्रयासरत रहेको ।
- रामधुनी नगरपालिकाको ९ वटा वडाहरुमा कृाेविड १९ को बेला प्रभावकारी स्वास्थ्य सेवा र क्वारेन्टाईन सञ्चालन गरि सेवा प्रवाह गरेको
- विद्यालयहरुमा प्रविधि मैत्रीका लागि काम भएको,
- आदर्श मावि बक्लौरी सहितका १० विद्यालयमा सिसिटिभिको निगरानी भएको
- रामधुनीका १० विद्यालयमा विधुतिय निरिक्षण शिक्षा शाखाबाटै भएको
- जनता मावि सिगियाको प्राविधिक धार तर्फको दोस्रो वर्षमा सफल रुपमा प्रवेश गरेको र कक्षा ९ र १० मा सिभिल इन्जिनियरिगंको पढाई प्रभावकारी भएको
- विषयगत शिक्षकको अभावका बीचमा शिक्षण सिकाई उपलब्धी ५० प्रतिसतसम्म भएको
- वडाहरुको योजना तर्जुमाको सात चरण तथा कार्यक्रम कार्यान्वयनमा नागरिक सहभागिता उल्लेख्य मात्रामा रहेको ।
- कोभिडको बीचमा पनि स्वास्थ्य मापण्ड पुरा गरेर निर्माण्को काम भएको
- रामधुनी नगरपालिकाको काम कार्वाही र उपभोक्ता समितिमा जनसहभागिता उत्साहजन भएको ।
- सञ्चालन भएका योजना तथा कार्यक्रमको भुक्तानीमा मितव्यी बनाउदाँ बेरुजु शुन्यमा झर्ने प्रयास गरेको पाईयो ।
- सामाजिक परिक्षण बृहत छलफलमा नगर तथा वडाबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको
- सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने वडा अध्यक्ष, शाखा प्रमुख, नगरपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतको प्रतिबद्वता आएको ।
- खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र विकासमा महिला सहभागिता अभिवृद्धिका लागि सरोकारबालाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।
- नगरपालिकाले गरेका कामको वार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुने गरेको ।
- रामधुनी  नगरपालिकामा जनप्रतिनिधि, कर्मचारी, क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।
- नगरपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय ऐन, कानुन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो ।
- नगरपालिकाको नगर सभा तथा वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको देखीयो ।
- नगरपालिकाले राजश्व बृद्धि गर्ने प्रयासहरु भएको पाईयो ।

- कार्यक्रम बजेट निर्माण गरी कार्ययोजना अनुसार कार्यन्वयन गरिएको ।
- रामधुनी नगरपालिकाले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती, मधेशी मुस्लीम पिछडा वर्ग, जेष्ठ नागरिक सरोकार समुह, महिला समन्वय समिति, र बाल समुह सञ्जाललाई बजेट तर्जुमामा पूर्णत: जिम्मेवार बनाएको छ । ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु नगर सभाबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन् ।
- नगरिकले वडामा र नगरमा विकास भएको अनुभुति गर्दै गरेको पाईयो ।
- सिमान्तकृत वर्गका लागि नगरपालिकाबाट विशेष कार्यक्रम सञ्चालन गरेको पाईयो ।
- नगरपालिकाका संरचना लैगींक तथा अपांगमैत्री भएको पाईयो ।
- सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका , नागरिक वडापत्र आदिको प्रबन्ध गरेको पाईयो ।
- जनप्रतिनिधि सहित टोल विकास संस्था, स्थानीय संघ संस्था, समूह, समितिले योजना छनौट तर्जुमा, कार्यान्वयन र प्रतिफल वितरण सम्ममा नगरपालिकासँग साझेदारी र सहकार्य गर्ने गरेको पाईयो ।
- बाल भेला मार्फत बालबालिकाको अधिकार संरक्षणका लागि सरोकारवाल सबैको सहयोगमा काम गरेको पाईयो ।
- विपद् व्यवस्थापनका लागि नगरपालिकाले पूर्व तयारी गरेको पाईयो ।
- रामधुनी नगरपालिकाले सेवाग्राहीको सुविधाको लागि नागरिक बडापत्र, पत्रपत्रिका, खानेपानी, विश्रम स्थलको व्यवस्थापनमा क्रियाशिल रहेको पाईयो ।
- रामधुनी नगरपालिकाको पशु किसानका लागि पशु विमा कार्यक्रम प्रभावकारी भएको पाईयो । सोही कारणले पहिला भन्दा पशु पालनमा आक्रर्षण बढेको पाईयो ।
- आधारभुत सेवाहरु गाउँटोल तथा वडास्तरमै दिने गरेको पाईयो ।
- रामधुनी नगरपालिकाको विभिन्न राहत तथा अनुदानहरु लक्षित समुदायले पाउने व्यवस्था मिलाएको पाईयो ।
- कार्यापालिकाका सदस्यहरुको बीचमा समन्वय राम्रो भएको
- सरकारी सम्पती संरक्षणमा सरोकारबालाहरु प्रयासरत रहेको, बाटोहरुको अधिक्रमण हटाएर फराकिलो बनाएको
- रामधुनी नगरपालिकाका र वडाहरुमा छिटोछरितो काम गर्ने गरेको ।
- नगरका नागरिकहरुले कर सेवा शुल्क बुझाउन स्विकार गरि समयमानै बुझाउनेको संख्यामा बृद्धि भएको ।
- रामधुनी नगरपालिकामा भएको जनशक्तीले नियमित रुपमा गर्ने कार्यहरु संन्तोष जनक रहेको पाईयो ।
- सुशासनका लागि बहु सरोकारवाला मञ्च निर्माण भई कृयाशिल रहेको

- जलवायु र विपत व्यवस्थापनको तयारी स्वारुप कार्यविधि निर्माण भएको
- विधुतीय माध्यमबाट घटना दर्ता र सिफारिसका कार्य भएको
- मोवाईल एप मार्फत आपांगता भएका व्यक्तिको समस्या पहिचान गर्ने र अव विवाह गर्ने दम्पतीले विवाहको समयदेखी बच्चा जन्माउने प्रकृयासम्ममा स्वास्थ्य निगरानीमा रहने भएको
- पशु किसानका लागि हिउदे घाँसको बिउ वितरण गरेको, औषधी वितरण, पशुमा कृत्रिम गर्भधारण गराउने कार्य गरेको
- रेबिज विरुद्धको खोप, पिपिआर, खोरेत, मत्स्य उपचार खोप, पकेट तथा ब्लक कार्यक्रममा सहजिकरण गरेको
- संस्थागत भन्दा सामुदायिक विद्यालयमा आकर्षण बढेको

***२.३ यसवर्षका मूख्यमूख्य उपलब्धिहरु :***

- ☐ उपभोक्ता समिति मार्फत विकास निर्माणमा गुणस्तरीय काम भएको देखिएको छ ।
- ☐ कोभिडका बीचमा राहत वितरण र स्वास्थ्य सेवा प्रभावकारी भएको
- ☐ कोभिड अस्पाताल निर्माण र सञ्चालनमा ल्याएको
- ☐ शिक्षक र विधार्थीको अनुशासन पालनाको लागि सिसिटिभी जडान गरिएको
- ☐ विद्यालयहरुमा खाजा कार्यक्रम संचालन भई प्रावि तहका विधार्थी टिकाउने प्रयास भएको छ ।
- ☐ आधारभुत स्वास्थ्य केन्द्र बक्लौरी रामधुनी ७ आफ्नै भवनमा संचालन भएको
- ☐ कुल स्ववास्थ्यकर्मी र स्वास्थ्य तर्फको कर्मचारी पूर्ण समाबेसी रहेको
- ☐ शहरी वडामा उपभोक्ताहरु २० प्रतिशत जनश्रमदान गर्न उत्साहित रहेको
- ☐ रामधुनी नगरपालिकामा वडाका जनप्रतिनिधि देखी नगरको प्रमुख र उपप्रमुख, कर्मचारी, क्रियाशिल राजनीतिक दलहरु, विषयगत शाखाहरु र नागरिक संमाजहरुबीच सहकार्य र समन्वय भएको ।
- ☐ नगरपालिकाले खानेपानी आयोजनाहरु निर्माण र संचालनमा निरन्तरता दिएको छ
- ☐ नगरपालिकाको योजना तर्जुमा प्रकृया, कार्यपालिकाको नियमित बैठक, वडा तथा नगर सभा, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई, बहुसरोकारवाल सामाजिक जवाफदेहिता म ञ्चको नियमित बैठक भेला जस्ता सार्बजनिक काममा नगरवासीको चासो उत्साहजनक रुपामा भएको पाईयो ।
- ☐ नगरपालिकाले क्रमश: आफ्नो राजश्व बृद्धि गर्ने प्रयासरत रहेको भएको ।
- ☐ वडा देखी नगरसम्मको कार्यक्रम र बजेट विनियोजन गरी कार्यन्वयन गरिएको ।
- ☐ संघीय र प्रदेश सरकारबाट प्राप्त बजेटहरुको कार्यान्वयनको सिफारिस गरिएको ।
- ☐ श्रोतले भ्याएसम्म यस वर्ष ४२१ जनालाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा रोजगार दिएको
- ☐ रामधुनीमा ९ वटै वडामा कच्ची बाटोहरुमा ग्राभेल भएको, ग्राभेलमा उच्चस्तरीय ग्राभेल र उच्चस्तरीय ग्राभेल भएको बाटोमा कालो पत्रे गर्ने कार्यलाई निरनतराता दिएको
- ☐ बालमैत्री स्थानिय शासन अवलम्बन गरि बालमैत्री नगर निर्माणकोलागि निर्धारित सुचक पुरा गरि वडाहरुलाई बालमैत्री वडा घोषणाको तयारी अवस्थामा रहेको ।

- ☐ वडा वडामा नै स्वास्थ्य सेवा पुगेको छ
- ☐ वडाहरुमा उपभोक्ता समिति सकृय भएकोले समयमा र गुणस्तर काम भएको छ ।
- ☐ रामधुनी ५ मा उपभोक्ता समितिबाट ९ किलोमिटर कालोपत्रे भएको छ
- ☐ ठूलो बजेटका योजनाहरुको ठेक्कापट्टा टेन्डर प्रकृयामा भएको
- ☐ सरोकारबालाहरुसंगको समन्वयमा काम भएको र आलोचना कम भएको
- ☐ जवाफदेहिताका कारणले कार्यापालिकाका सदस्यहरु बीचमा राम्रो सम्बन्ध भएको
- ☐ शिक्षामा शिक्षा समिति ,स्वास्थ्यमा स्वास्थ्य समिति सकृय रहेकाले काम गर्न सहज भएको
- ☐ नमुना विद्यालय भवन निर्माणको कामका लागि उपभोक्ता समिति भएको
- ☐ नगर क्षेत्रमा १८ किलो मिटर कालोपत्रे बाटो निर्माण भएको छ ।

***२.४. सामाजिक परिक्षण अन्तिम प्रतिवेदन २०७६/०७७***

***सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखा***

***सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत शाखाको अन्तरकृया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको प्रतिवेदन विश्लेषण गरिएको छ ।***

| ***सामाजिक जिम्मेबारीको क्षेत्र*** | ***गएको आर्थिक वर्ष २०७६।०७७ को*** | ***प्रयासहरु*** | ***उपलव्धीहरु*** |
|---|---|---|---|
| ***स्वास्थ्य*** | ***जनशक्ती ६३*** | ***महिलामैत्रीका ३७ जना महिला स्वास्थ्यकर्मी र २६ जना पुरुष रहेको ९ वटै वडामा स्वास्थ्य संस्था सञ्चालन भएको*** | ***महिला र किसोरीको सेवामा वृद्धि*** |
| स्वास्थ्य चौकी, शहरी स्वास्थ्य र स्वास्थ्य केन्द्र एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संस्या | सत प्रतिसत | नगरपालिका क्षेत्रमा सवै खोप केन्द्र, स्वास्थ्य चौकी भएको क्षेत्र, गाउँघर स्वास्थ्य क्लिनिक सहित सबै शहरी स्वास्थ्य केन्द्र वा चौकीसम्म जानका लागि सहजता ल्याउने प्रयास र पहुचमार्गमा स्तोरोन्नती भएको तथा प्रत्येक वडाहरुमा स्वास्थ्य केन्द्र स्थापना भएको | सबै नागरिकको स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रको पहुँच स्थापीत भएको |
| पाँच वर्ष मुनीका बालबालिकाहरुको प्रतिशत | १० प्रतिशत | पाँच वर्ष मुनीका बालबालिकाहरुको लागि विभिन्न खोप अभियान संचालन भएको | वडाहरुलाई पूर्ण खोप युक्त वडा घोषण |
| खोपमा पहुच भएको जनसंख्या( एक वर्षमुनीका बालबालिकाको आधारमा) | सत प्रतिशत | नगरपालिकाका विभिन्न वडाले पूर्ण खोप वडा र गाउँ घोषणा गर्ने अभियानका रुपमा प्रयासहरु भएको र सफलता हासिल गरेको | पूर्ण खोप अभियान सफल भएको |
| चार पटक गर्भवती जाचँ गरिएको महिलाको संख्या( | ९५ प्रतिशत | महिला स्वास्थ्य स्वयमसेविका परिचालन भएको , आमा समूह मार्फत कार्यक्रमको बारेमा प्रचारप्रसार गरिएको र विभिन्न | मातृ तथा शिशु र बाल मृत्यु दर शुन्यमा झरेको |

| | | | |
|---|---|---|---|
| प्रतिशतमा) | | सचेतनामुलक कार्यक्रम संचालन गरिएको, महिलाहरु सचेत भएको | |
| दक्ष प्रसुतीकर्मी वा चिकित्सकबाट प्रसुती गरिएका महिलाहरुको संख्या (प्रतिशतमा) | ९५ प्रतिशत | बकलौरी स्वास्थ्य चौकी, इटहरी अस्पताल, इनरुवा अस्पताल, धरान स्थित विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कोशी अञ्चल अस्पताल र अन्य मान्यता प्राप्त स्वास्थ्य संस्थामा समेत प्रसुति सेवा लिने गरेको | दक्ष प्रसुतीकर्मी वा चिकित्सकबाट प्रसुती लिने महिलाहरुको संख्यामा उल्लेख्य वृद्धि हुदै गएको |
| कडा खालका निमोनिया भएका बालबालिका संख्या | १ जनाको मृत्यु भएको रामधुनी ४ मा | स्वास्थ्यका बारेमा सचेतना बढ्दै गएको, शिक्षामा पहुच भएकाले स्वास्थ्य प्रति सजक भएको | सचेतना मुलक कार्यक्रम र ती कृयाकलाप गरिएबाट सेचतनाको सन्देश प्रवाह भएको |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | नपाइएको | स्वास्थ्य सम्बन्धी सचेतना, पिउने पानीको प्रयोग, बढ्दो सरसफाई, पखाला प्रतिको धारणामा परिर्वतन र खुल्ला दिशा मुक्त क्षेत्र घोषणा तथा निशुल्क औषधी वितरण भएको | स्वास्थ्य तथा सरसफाई प्रतिको सचेतना बढेको |
| पाँच वर्ष मुनीका बालबालिकाहरुको शिशु मृत्युदर, बाल मृत्यु दर ( प्रतिहजार जीवित जन्ममा) | यो आर्थिक कोरोनाको कहर भएकाले रामधुनी ३ मा ३ जना शिशुको मृन्यु भयो | चार पटक गर्भवती जाँच कार्यक्रम, स्वास्थ्य स्वयम सेविका मार्फत गर्भवती महिलाहरुकोस्वास्थ्य सुधार कार्यक्रम संचालन गरिएको, बाल खोप, बाल पोषण लागयतका कार्यक्रम संचालन गरिएको,आमा समूह त्रियाशिल रहेको र गाउँघर स्वास्थ्य क्लिनिक | बाल तथा शिशु मृत्युदरमा न्युनिकरणसगैं चेतनाको विस्तार भएको |
| शिक्षा शाखा | | | |
| आधा घण्टा भित्र आधारभुत विद्यालय पुग्न सकने र नसकस्ने बालबालिकाको संख्या | आधा घण्टा बढी समयमा पुग्ने नपाइएको र सोही भित्र पुग्ने सत प्रतिशत | शिक्षाको हकमा २५ वटा सामुदायिक र २७ वटा संस्थागत विद्यालय सहित ५२ वडा शैक्षिक संजाल विस्तार भएको, विद्यालयको अभाव नभएको | सरकारको लक्ष्य भन्दा बढी विद्यालय भर्ना दर भएको शिक्षा प्रति सचेतना |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९७ प्रतिशत | जिल्ला र स्थानीय तहको सहयोग तथा गैरसरकारी संस्थाहरुको पहल भएको, बाल विकास केन्द्रहरु रहेको र त्यसबाट पूर्व | आफ्नो पायक पर्ने टोलको बाल विकास केन्द्रमा |

| | | | |
|---|---|---|---|
| | | प्राथमिक शिक्षाको काम भईरहेको | भर्ना हुने क्रम बढेको |
| (प्रावी)आधारभुत विद्यालयमा पहुच नभएको सो उमेर समूहका बालबालिकाका संस्या । प्रतिशत | करिव ३ प्रतिशत (अनुमान) तर एकिन विवरण नभएको | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष वैशाखमा भर्ना अभियान चलाएको, निशुल्क शिक्षा, छात्रवृति, खाजा कार्यक्रम र पोसाकको पनि व्यवस्था गरेको | आधारभुत तहमापुगेकाहरु कक्षा नछोडेको संख्या बढ्दै गएको |
| कक्षा १ मा खुद भर्ना दर छात्र । छात्रा | ९६ प्रतिशत रहेको | प्रत्येक गाउँ र टोलमा बाल विकास केन्द्र रहेकाले भर्ना दर बढेको | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष भर्ना अभियान चलाएको बेला भर्ना दर बढेको, शिक्षा लिन आउने छाड्ने क्रम कम भएको |
| प्राथमिक तहमा कक्ष छोड्ने कक्षा दोहरयाउने र कक्षा उतिर्ण हुने दर | तथ्यांक नभएको | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष भर्ना अभियान चलाएको, निशुल्क शिक्षा र पोसाकको पनि व्यवस्था गरेको | पोसाको व्यवस्थाले दलित बालिकाहरुको कक्षामा संख्या बढेको |
| आधारभुत तहमा तालिम प्राप्त शिक्षक संख्या । प्रतिशत | १०० प्रतिशत | तालिम प्राप्तहरु शिक्षक भएको र वार्षिक रुपमा पनि तालिम दिदै आएको | सामुदायिक विद्यालयका सतप्रतिशत शिक्षक तालिम प्रप्ता भएको |
| प्रति कक्षा कोठा विधार्थी संख्या | श्री आदर्श मावि बकलौरी र भासी माविमा ६० भन्दा बढी र अन्य सबैको अनुपातमा २० देखी ४० जना रहेका छन् | केही ठाउँमा प्रयाप्त भौतिक संरचना भएको र केही ठाउँमा निर्माणको क्रम जारी भएको, | विद्यालय छाड्ने दरका कमी आएको |
| वाहृय सहयोगमा निर्मित विद्यालय कक्षा | ६ वटा | विद्यालय भवन प्रयाप्त निर्माण भएकाले विधार्थी खोचिएर राख्नुपर्ने बाध्यता हटेको | विद्यार्थीलाई घाम,पानी र गर्मी |

| | | | |
|---|---|---|---|
| कोठा | | | जाडोको तनाव नभएको |
| रामधुनी नगरपालिकाबाट सहयोग भएका विद्यालयको कक्षाकोठा संख्या | १२ वटा कोठा पहिलादेखी र हाल सबै | भवन निर्माण, लैगिंक मैत्री सौचालय, खेलकुद मैदान, खेलकुद सामग्री, अतिरिक्त कार्यक्रम र प्रतियोगिता सहित उत्कृष्ठ विधार्थीलाई पुरस्कार र विद्यालयको वाल निर्माण भएको | विधालय प्रतिको सकारात्मक मोह बढेको |
| दलित बालबालिकाहरुको शिक्षामा पहुच | ९० प्रतिसत बढी | विद्यालय भर्ना अभियान चलाएको र आउनेहरु आएर पनि केही बाहिर जाने अवस्था भएकाले टिकाउन खाजा कार्यक्रम, छात्रवृति र निशुल्क पुस्तक तथा पोशाकका कार्यक्रम ल्याएको | तुलनात्मक रुपमा दलितको शिक्षामा पहुच बढेको |
| ***खानेपानी तथा सरसफाई २०७६।०७७*** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या ( प्रतिशतमा) | ९५ प्रतिशत | पहिला देखी नै टुवेल भएको र केहीलाई वितरण समेत गरेको तथा आर्सेनिक परीक्ष्ण भएको | शुद्ध खानेपानीमा पहुच बढेको र पानीकै कारणबाट लाग्ने रोगमा कमी आएको |
| सौचालय भएको परिवार संख्या( प्रतिशतमा) | ९९ प्रतिशत | लामो समयसम्म खुल्ला दिशामुक्त अभियानका कार्यक्रम भएको र घोषणा समेत सम्पन्न भएको | एक घर एक सौचालय प्रभावकारी भएको |
| खानेपानी सुविधा भएको प्रावि(आभुवि) | फिल्टरको पानी ८ विद्यलाय | फिल्टर दातृ निकायको सहयोगमा पाएको र केही वडा तथा नगरको सहयोगमा पाएको | खानेपानी पहुच बढेको |
| सौचालय नभएको परिवार संख्या। परिवार | ४४२८ परिवार | सचेतना र खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएपनि चर्पी प्रयोग गर्ने क्रम घटेको र कच्ची भएकाले भत्किएपछि नबनाएको अवस्था | सरसफाईमा ध्यान दिएको र रोगको प्रकोप नदेखिएको |
| सुधारिएको चुलो भएको परिवार संख्या( प्रतिशतमा) | १० प्रतिशतले | केहीलाई सुधारिएको चुलोको बारेमा प्रशिक्षण जानकारी दिएको | भान्साका महिलाहरुलाई भान्सामा सुधार गर्ने सचेतना केही मात्रामा भएको |
| श्रोतमा फोहर छुट्याउने घरधुरी संख्या । प्रतिशत | १० प्रतिशतले | फोहोरमा कुहिने र नकिहिने छुट्याएर फोहोर व्यवस्थापनमा ध्यान दिएको , नगरपालिको सचेतना कार्यक्रम गर्दै यस बारेमा प्रशिक्षण जानकारी दिएको | घरआगन र भान्साको फोहोर व्यवस्थापनगर्ने सचेतना केही |

| | | | |
|---|---|---|---|
| | | | मात्रामा वृद्धि |
| पूर्ण सरसफाई वतावरणमैत्री भएको घर | १० प्रतिशतले | वन र वतावरणसगैं उत्पादन हुने फोहोरमा कुहिने र नकिहिने छुट्याएर फोहोर व्यवस्थापनको कार्यक्रम र जानकारी दिएको | नयाँ प्रविधिमा आधारित घरको सचेतना केही मात्रामा वृद्धि |
| फोहोर प्रशोधन केन्द्रको व्यवस्थापन अवस्था | सडक छेउमा ८० प्रतिशत फोहोर थुपार्ने ठाउँमा २० प्रतिशत | समुदायका लागि छुट्टै प्रशोधन केन्द्रको व्यवस्था नभएकाले पूर्ण व्यवस्थापनमा समस्या | प्रयास जारी रहेको |
| टुवेल , धारा वा पानीको मुहानको सरसफाई( प्रतिशतमा) | ६७ प्रतिशत (कोरोनाले सरसफाईमा वृद्धि | यहाँका प्राय:को घरमा टुवेल , धारा वा पानीको मुहान  भएको तर सरसफाइ भएकाले सचेतना दिएको | पानी जन्य रोगबाट न्यूनिकरण भएको |
| बालबालिका,महिला तथा समाबेसी क्षेत्र | | | |
| बाल विवाहको संख्या | ४३ वटा भएको र प्रहरीसंम्म नपुगेकाले कानुनु दायरामा नआएको | विगतको तुलनामा घटेपनि नगरका विभिन्न वडामा बालविवाह विरुद्धका अभियान र कार्यक्रम संचालन भएको | विगतको तुलनामा बालविवाह निरुत्साहित भएको अवस्था |
| सामाजिक विकृति र विसंगतीको अवस्था | अस्थायी प्रहरी चौकी सिगिया, बकलौरी, प्रहरी चौकी डुम्राहा,  इलाका प्रहरी कार्याल पकली र वडा तथा नगरको सकृयताले  सामाजिक विकृति र विसंगतीमा न्युनिकरण भएको कार्यक्रम भएको | यहाँका विभिन्न वडामा सामाजिक कुरितिहरु, कुप्रथाहरु, विकृति , दुरव्यसन र विसंगतीको विरुद्धमा सचेतना मुलक कार्यक्रम र अभियान चलाएको | सामाजिक विकृति र विसंगतीको घटनामा तुनात्मक रुपमा कमी आएको अवस्था छ । |
| सामाजिक सुरक्षा( जेष्ठ नागरिक, एकल महिला,  अपांग, पिछडिएका क्षेत्र र सीमान्तकृत जाती) | यहाँका सबै सतप्रतिशत प्रकृयामा आएका एकल महिला, जेष्ठ नागरिक, अपांग र सीमान्तकृत जातीले सामाजिक सुरक्षा भक्ता पाएको र बैकं मार्फत वितरण भएको | सामाजिक सुरक्षा खाने एकल महिला, जेष्ठ नागरिक, अपांग र सीमान्तकृत जातीको कार्यक्रमलाई अनलाईन सेवा र व्यवस्थित गरिएको | सामाजिक सुरक्षा भक्ता वितरण पारदर्शि रुपमा भएको |

| *जनचेतना तथा गरीबी निवारणका प्रयास* | | | |
|---|---|---|---|
| *जनचेतना तथा गरीबी निवारणका प्रयासहरु* | *गरीबी निवारणका प्रयासका लागि सरोकारवालाहरुसंग सहकार्य र समन्वयहरु भएको* | *नगरपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रम र लक्षीत वर्गका कार्यक्रम मार्फत गरीबी निवारणका उपायहरु खोजिएको* | *गरीबहरुको संख्यामा कमी ल्याउने प्रयास भएको* |
| *बाल श्रमको अवस्था* | *बाल श्रमिक भएपनि त्यसको विवरण एकिन नभएको* | *बाल श्रम मुक्त गर्ने अभियान र बालमैत्री वडा तथा नगरको अभियान चलाइको* | *बाल श्रम न्युनिकरण हुदै गएको* |
| *बाल क्लवहरुको अवस्था* | *नगर बाल सञ्जाल, वडा बाल सञ्जाल सहित ५० वटा* | *बालबालिकाको क्षमता अभिवृद्धि भईरहेको , वडा र पालिकाले तालिम दिएको* | *बाल क्लवहरु विस्तार र प्रभावकारी बन्दै गएको* |
| महिला हिसाँको अवस्था | ८५ वटा वार्षिक रुपमा हुदै आएको जिल्ला प्रहरीको तथ्यांक रहेको भएपनि पालिकामा एकिन तथ्यांक नभएको | नगरका विभिन्न वडामा महिला हिसाँ विरुद्धका अभियान र कार्यक्रम संचालन भएको | नगरका विभिन्न वडामा अभियान र कार्यक्रमले सिहाँमा कमी आएको |
| बहुविवाह र अनेमल विवाहको स्थिती | सामाजिक विकृति र विसंगतीको विरुद्धमा कार्यक्रम भएकाले बहुविवाह र अनेमल विवाह शुन्यमा झरेको अवस्था | बहुविवाह र अनेमल विवाहको असर बारेमा सचेतना दिएको | बहुविवाह र अनेमल विवाह शुन्य भएको, यो नगरपालिकाको यसबारेमा एक वर्षमा कुनै पनि मुद्धा आएको छैन् |
| रोजगारीको अवस्था | कृषिमा ६० प्रतिशतले रोजगारी पाएको | कृषि शाखा र दातृ निकायहरुले विउ, मल र उपकरणमा अनुदान दिएको तथा पालिकाले कृषि र पशुका लक्षित वर्गको क्षमता र शिप मुलक तालिम दिदै आएको | वडाहरुमा रोजगारीको सृजना भएको |
| स्वरोजगारीको प्रयास र अवसरहरु | एकिन तथ्यांक उपलव्ध नभएको( रोजगार शाखाका अनुसार एक सय दिने रोजगार ४२१ जना) | सरकारले रोजगार शाखालै स्थापना गरेको पालिकाले महिला तथा लक्षित वर्गको क्षमता र शिप मुलक तालिम दिदै आएको | वडाहरुमा कृषि, व्यसायीक, शिप र रोजगारीको सृजना भएको |
| गरिबी निवारणका प्रयासहरु | | | |
| सामाजिक परिचालन | विकास कार्यमा नागरिकको सहभागीता वृद्धि भएको | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक सन्तुष्टि सर्वेक्षणको माध्यमबाट नागरिकको सहभागीता वृद्धि भएको | वडाको योजनाहरु वडाबाटै ल्याउने गरेको |
| वतावरण सुधारका प्रयासहरु | आ.व.२०७६।०७७ | वन उपभोक्ता समूह तथा समितिको व्यवस्थापन गर्ने, वनजंगल, बन्यजन्तु , चराचुरुगीं, | वनहरुको व्यवस्थापनमा सफलता हात पारेको, नदी किनार, नदि उकास र खाजी |

| | | | |
|---|---|---|---|
| | | जलउपयोग, वतावरण , पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय निती, कानुन , मापदण्ड निर्धारणका साथै योजना, कार्यान्वय र  नियमन गर्ने काम भएको | जमिनमा वृक्षा रोपाण भएको , नरर्सि स्थापना भएको |
| | वृक्षा रोपण कार्यक्रम गरेको , सरसफाई अभियान थालेको , सुधारिएको चुलोमा जोड दिएको | वन संरक्षण अभियान थालेको | वन जोगाउने , वन विस्तार गर्ने काम भएको , |
| *एच. आई .भि र एडस्* | *एच. आई .भि र एडस्को विवरण उपल्बध नभएको* | *स्वास्थ्यको विषयमा सचेतना मुलक कार्यक्रम भएको* | *सचेतना स्तर बढ्दै गएको* |
| विकासमा समान सहभागीता सवालहरुमा पहुच | | साविकका वडा नागरीक मन्च, संघसंस्थाहरु, क्लवहरुमा महिला र बालबालिकाको सहभागिता बढेको, वडा बाल संजाल गठन परीचाल बाल अधिकार सम्बन्धि तालिमहरु संचालन, नेतित्व विकास तालिम संचालन र बाल भित्ते पत्रिका प्रशासन थालेको | सरकात्मक सोचको विकास सहति समान सहभागिता बढेको |
| *स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय* | *प्रत्येक वडामा नियमित लाग्ने साना ठूलो हाट तथा बजार रहेको र नागरिकहरु आधा घण्टा भित्र पुग्ने दुरीमा छ ।* | *बजारहरुको स्तोरनोती गरेको र मासु बजार व्यस्थीत पारेको* | *सहज रुपमा उपभोग्य सामग्री खरिद विक्रि गर्न पाएको* |
| *कृषि सेवा केन्द्र जान लाग्ने समय* | *प्रत्येक वडामा नियमित कृषि प्राविधिक घुम्ती सेवा दिएकाले आधा घण्टा भित्र पुग्ने दुरीमा छ ।* | *कृषिको परामर्श दिने, कृषिको बजारीकरण र स्तोरनोतीको जानकारी दिएको* | *सहज रुपमा सेवा पाएको* |
| भौगोलिक क्षेत्र, महिला पिछडिएका, सीमान्तकृत वर्गको संख्या र निजहरुले पाएको सेवाको अवस्था | कार्यालय भवन मर्मत सुधार, जेनरेटर व्यवस्थापन, विधुत सुधार, सडक यातायात सुधार आदी | *कार्यलिय र नागरिकका बीचमा समन्वय भएको* | *जनताको विश्वबास स्थानीय सरकार प्रति बढेको* |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ती | ९१ जना जना वडा सहित | *जनताको काम छिटो छरितो गर्ने गरेको* | *भएको जनशक्तीले सकेको काम गरेको* |
| नीति तथा कार्यक्रम | सात चरणको योजनाबद्ध रुपमा | *तल्लो तहदेखी नगरसम्मका* | *स्रोत साधनले भ्याएको काम* |

| | | | |
|---|---|---|---|
| | आफ्नो टोलबस्तीदेखी नगर सभासम्म गरि ल्याएको | *योजनाहरु समावेश गर्ने प्रयास भएको* | *भएको अवस्था* |
| भौतिक व्यवस्था | नगरपालिकाको कार्यालय र ९ वटै वडा कार्यालयहरु संचालनमा रहेको | *सामुदायिक भवन र केही वडा भाडाको घरमा रहेको* | *केही वडालाई आफ्नै कार्यालयमा राखेको र निरन्तरता दिएको* |
| समन्वय र सहकार्यका प्रयासहरु | निजी साझेदारी र सरकारी निकायका वीचमा सहकार्य भएको | *खुल्ला र पारदर्शिताको अभ्यासमा हातोमालो* | *एक अर्का प्रतिको सहकार्यको भावना बढेको* |
| अन्य सामाजिक सम्पादनको क्षेत्रहरु | *स्वरोजगारीको अवसरहरु एकिन तथ्यांक उपल्वध नभएको पलिकाले महिला तथा लक्षित वर्गको क्षमता र शिप मुलक तालिम दिदै आएको वडाहरुमा कृषि, व्यसायीक रोजगारीको सृजना भएको* | | |

## २.५. गतवर्ष भोगेका समस्याहरू :

- ☐ **आर्थिक वर्षको मध्यभागमा नै विश्वव्यपी कोरोनाको महामारीको सामना गर्नुपर्ने अवस्था आएको**
- ☐ कोरोनाका कारणले धेरै योजनाहरुमा समयमा काम नभएकाले लक्ष्य पुरा गर्न समस्या भएको
- ☐ स्थानीय तहमा जनप्रतिनिधि आएको दोस्रो र तेस्रो वर्ष भएकाले बुझाईमा एकरुपता कायम गर्न चुनौतीपूर्ण
- ☐ निक्षेपित कार्यक्रमहरुको अनुगमन प्रभावकारीरुपमा हुन नसकेको ।
- ☐ वडा वडामा योजना पुगेको तर टुक्रे योजना धेरै भएको ।
- ☐ शिक्षकले तालिममा सिकेका सीपहरु कक्षा कोठामा कम प्रयोग गर्नु,
- ☐ विद्यालयको सिकाइ वातावरण पूर्णरुपले बालमैत्री हुन नसक्नु ।
- ☐ स्थानीय निकायमा लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुदाँको अवस्था र २० वर्ष पछि जनप्रतिनिधि आएको र नयाँ संरचना भएको कार्याअनुभव नहुनु ।
- ☐ साविकमा बनेका सुकुम्बासीहरुको घरको बाटो निर्माण र विस्तार गर्न समस्या परेको ।
- ☐ केही ठेकेदार तथा उपभोक्ता समूहले समयमा काम सम्पन्न नगर्नु ।
- ☐ दरवन्दी अनुसारको स्थायी कर्मचारीको नियुक्ती हुन नसकेको ।
- ☐ लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउन पर्ने भएकाले ग्रामिण क्षेत्रका गरिब नागरिकले रकम उठाउन नसक्नु ।
- ☐ गुणस्तर सुनिश्चतताका लागि परिक्षण प्रयोगशाला नभएको ।

## *२.६. सुधारका लागि चाल्नुपर्ने कदम तथा सुझावहरु*

☐ निर्माण सम्पन्न भएको नगरपालिकाको मूख्य कार्यालय भवनलाई सञ्चालनमा ल्याउने

☐ झण्डै वर्षदिनदेखी निर्माण सम्पन्न भएको तर प्रयोगमा नआएको लालपुरको स्वास्थ्य केन्द्र भवनलाई सञ्चालनमा ल्याउनुपर्ने

☐ योजनालाई थप प्रभावकारी कार्यान्वयन गर्द प्रत्येक टोलमा टोल विकास संस्था गठन गर्नुपर्ने
☐ रामधुनी मन्दिर र रास ताल तथा शंकरबेली ताल क्षेत्रमा होम स्टे सञ्चालनका लागि पहल गर्नुपर्ने
☐ निर्माण सम्पन्न भएको सबै भौतिक पूर्वाधारलाई तत्काल सञ्चालनमा ल्याउनुपर्ने
☐ स्थानीय तह सञ्चालन नियमावली २०७४ को कार्यान्वयनमा ध्यान दिनुपर्ने
☐ पुराना ऐन, नियमावली र कार्यविधिहरु समय सापेक्ष संशोधन गर्नुपर्ने ,
☐ उपभोक्ता समितिमा महिला सहभागिता बढाउनुपर्ने
☐ पालिकाले आफ्नै विभिन्न कानुनहरु निर्माण गरि कार्यान्वयमा ल्याएकोले अनुगमन र सुपरिवेक्षणलाई नियमित, गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्ने ।
☐ सेवाग्राहीहरुको जानकारी तथा पारदर्शीता प्रवर्द्धन गर्दै जवाफदेही स्थानीय सरकार निर्माणका लागि त्रैमासिक वा अर्धवार्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने ।
☐ सामाजिक विकासका सूचकहरु समेटने गरी थप सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
☐ मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
☐ पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिने ।
☐ नगरपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नु पर्ने
☐ नगरपालिका को आवश्यकता अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नु पर्ने ।
☐ दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नु पर्ने ।
☐ सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने ।
☐ प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौटलाई निरन्तरता दिनु पर्ने ।
☐ नगरपालिकाले पालिकाको गतिविधिको बारेमा सर्वसाधरणलाई जानकारी दिनको लागि गाउँटोल वा वडाको गतिविधि पालिकाको वेबसाईटसगैं फेसबुक पेज, स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने ।
☐ एकीकृत सम्पती करलाई प्रभावकारी बनाउन फिल्ड निरीक्षणको व्यवस्था मिलाउने ।
☐ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई बैकको संख्या बढाउने वा स्थानीय सहकारी मार्फत धुम्ति सेवाको रुपमा लाभग्राहीको घरघरमा वितरणको व्यवस्था मिलाउने ।
☐ खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएकोले यसलाई निरन्तरता दिनको लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने एवम् सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरुको सार्वजनिक/निजि साझेदारीको अवधारणा अर्न्तगत निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।
☐ रामधुनी नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुको अगाडि नागरीक वडापत्र ( निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने ।
☐ सर्वसाधरणको काममा थप सहज र छिटोछरितो बनाउनको लागि विभिन्न कोठाहरुको नम्बर र फाटँको बारेमा जानकारी दिन नगरपालिकाको प्रवेशद्धारमा नै डिस्प्ले राख्नुपर्ने ।
☐ पूर्ण साक्षर नगरपालिका तथा पूर्ण सरसफाई घोषणा कार्य अगाडि बढाउनुपर्ने ।

- ☐ वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने
- ☐ बालमैत्री रणनीति बमोजिम कार्यनीति निर्माण भएकोले कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने
- ☐ नगरपालिकाको शौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नुपर्ने ।
- ☐ वडागाउँटोलको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजि साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नुपर्ने ।
- ☐ स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने ।
- ☐ प्रतिश्पर्धी नगर वा गाउँसँगको सयुक्त साझेदारीमा ल्याण्डफिल्ड साईटको प्रबन्ध गर्ने ।
- ☐ फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन गाउँका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाढि बढाउने ।
- ☐ विद्यालयहरुमा नियमित अनुगमन गर्नुपर्ने
- ☐ स्वास्थ्य संस्थाहरुमा अनुगमन समितिले निरनतर अनुगमन गर्नुपर्ने
- ☐ पशु पालन गर्ने किसानहरुलाई सहज कृषि तथा पशु सेवाका लागि पहल गर्नुपर्ने

**२.७. रामधुनी नगरपालिका को अवसर र सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदम :**

- ☐ खेतीयोग्य जमिनमा खाद्यान्यको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी तथा खाध्यान र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् ।
- ☐ रामधुनी बनको विकास र विस्तार साथै प्रचार प्रसार गरी पर्यटन विकास र विस्तार गर्ने
- ☐ कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र इनरुवा, धरान, इटहरी र विराटनगर महानगरपालिका समेत हुने देखिन्छ ।
- ☐ नगरपालिका भित्र संकलन हुने पटके कर लागायतका अन्य कर, सेवा शुल्कहरुलाई प्रभाकारी कार्यान्वयनमा ल्याउनु गर्ने ।
- ☐ व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरु सँग सहकार्य गर्दै वजार विस्तार र विविधिकरणमा भूमीका खेल्नु पर्ने ।
- ☐ सडकको स्तरउन्नती र मुल सडकलाई कालो पत्रे तथा भित्रि सडकलाई वातावरणमैत्री हिसावले ईन्टरलक सडकको रुपमा विस्तार गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा गुणस्तरियतालाई ध्यान दिई अगाडि बढाउनु पर्ने देखिन्छ ।
- ☐ यातायात गुरु योजनाको निर्माण गरि सोहि आधारमा सडक संजालहरुको विकास, विस्तार र नेटवर्क निर्माण गरी नगर यातायात सञ्चालन गर्न सके गाँउ र सहरको अन्तरसम्बन्ध गतिशिल हुने साथै ग्रामिण क्षेत्रको उत्पादन, सहरी क्षेत्रको खाद्यान्यको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ । यसका लागि पुजिँ परिचालन गर्न स्थानीय सहकारीहरु लाई प्रर्वद्धन गर्नुपर्ने देखिन्छ ।
- ☐ सहकारीहरुको समन्वयमा श्रोत परीचालन मार्फत चौतर्फि विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

## २.८. नगरपालिकाको चुनौती तथा समस्याहरु :

- ☐ **शहरीकरणसगैं प्लटिंगको क्रम बढेको, उत्पादन भन्दा जग्गाको कारोबारमा ध्यान केन्द्रित भएको**
- ☐ **नगरपालिकाको क्षेत्र भित्र आवश्यकक रोजगारमुलक उधोग धन्दा, कलकारखाना प्रयाप्त नहुनु ।**
- ☐ **फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसक्नु ।**
- ☐ **कृषियोग्य भूमि खण्डिकृत हुँदै प्रयोग विहिन हुनु ।**
- ☐ **नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको हुनु ।**
- ☐ **कृषियोग्य भूमि भएता पनि व्यावसायिक खेतीको विकास हुन नसक्नु ।**
- ☐ **नगरपालिकाको आन्तरिक आयश्रोतको न्यून भएकोले नगरको विकास प्रकृया तिब्ररुपमा अगाडि बढन नसक्नु अर्काको मुख ताक्न बाध्य हुन ।**
- ☐ **स्थानीय जनसहभागिताको थप खाँचो हुनु ।**
- ☐ **गाउँ क्षेत्रमा खानेपानी तथा सार्वजनिक शौचालयको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।**
- ☐ **उत्प्रेरीत आधुनिक मानव संसाधन व्यवस्थापन ।**
- ☐ **सिमित स्रोत, साधन र असिमित नागरिक आकाक्षा ।**
- ☐ **छिमेकी गाउँ तथा नगरसँगको प्रतिस्पर्दा ।**
- ☐ **सडक क्षेत्रधिकार बसोबास गर्ने सुकुम्बासी व्यवस्थापन ।**
- ☐ **पार्क, खेलमैदान, पर्यटन जस्ता पूर्वाधार प्रयाप्त नहुनु ।**
- ☐ **पैनी, नहर, कुलो, बाटो अतिक्रमणलाई व्यवस्थापन गर्न नसक्नु ।**
- ☐ **आन्तरीक श्रोतलाई पूर्वानुमान योग्य दिगो र भरपर्दो नबनाउनु ।**

**२.८.(क) <u>नगरपालिकाले गरेको पहल, प्रयास र चालु आवका लागि लिएको नीति :</u>**

१.रामधुनीका सबै वडाहरुमा २०,२५,३०र४० लाखसम्मका कालोपत्रे लगायतका ठूला योजना संचलानमा ल्याईएकोछ

२. यस आ.व.मा नगरको आफ्नै बारुण यन्त्र खरिद गर्न व्यवस्था गरिएको छ

३. प्रदेश सरकार, करुणा फाउन्डेसन र नगरको साझेदारीमा अपाङ्ग पुनसथापना कार्यक्रम संचालन गरिएको छ

४. कोरोना (COVID-19) लक्षित गरि १ करोडको बजेटको व्यवस्था गरिएको छ

५. कोरोना महामारीले गर्दा खर्च हुन नसकेका गत आ.व. का योजनाहरु यस आ.व.मा सम्पन्न गर्ने गरि सारिएको छ

६. ऐतिहासिक रामधुनी मन्दिरका लागि रु.५०,००,००० बजेट बिनियोजन गरिएको छ

७. कृषि प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत कृषकहरुलाई प्रविधि हस्तान्तरण (पावर ट्रेलर) सम्बन्धि कार्यक्रम प्रस्तुत गरिएको छ

८. रोजगार प्रवर्धन गन विदेशबाट फर्किएका युवाहरुका लागि उनीहरुले सिकेका सिपका आधारमा सहकारी प्रवर्धन कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिएको छ

९. नगरद्वारा संचालित क्वारेन्टाइनलाई थप व्यवस्थित गर्दै लगिने भनिएको छ

१०. उद्यमशिलतालाई प्रवर्धन गर्न आदिवासी जनजातिहरुका कला र संस्कृतिलाई प्रस्फुटन गर्न नीति अवलम्बन लिईनेछ

११. सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा भर्ना हुने सम्पूर्ण विद्यार्थीहरुलाई निशुल्क पठनपाठनको व्यवस्था मिलाईनेछ
१२. वडा नं. ५ मा सामुदायिक विद्यालय स्थापना गरि संचालनमा ल्याएको छ
१३. यस अघि जनता स्कुल सिंगियामा कम्प्युटर इन्जिनियरिंगको कक्षा संचालनमा रहेकोमा भा.सि. क्याम्पसमा CTEVT मार्फत इन्जिनियरिंग कक्षा संचालनमा ल्याईनेछ
१४. यस आ.व. मा आदश मा.वि. बकलौरीलाई नमुना विद्यालयका रुपमा विकास गरिनृ छ
१५. नगरमा एउटा अस्पतालका आवश्यकता रहेकोमा बक्लौरी स्वास्थ्य चौकीलाई अस्पताल बनाउन स्वीकृति भइ आएकोमा आन्तरिक श्रोतबाट जग्गा किन्न बजेट छुटयाइएको छ
१६. बृहतर यौनिकता शिक्षा बारे चेतनामुलक कार्यक्रम संचालन गर्न र बालमैत्री नगर बनाउन र युवा समिति गठन गर्न नीति अवलम्बन गरिएको छ
१७. सेफ हाउसका लागि बजेट बिनियोजन गरिएका छ
१८. नगरका सम्पूण स्वास्थ्य स्वयम्सेविकाहरुको कोरोना बिमा गरिने छ निति लिएको छ ।

**सामाजिक परीक्षकको नाम : जयकृष्ण यादव**
**दस्तखत :**
**संस्थाको नाम : साझेदारी नेपाल**
**मिति : २०७७ । १०। १३ गते**

## खण्ड-३

### ३. कार्यविधिको अनुसूचि ३ अनुसारको विवरण

**रामधुनी नगरपालिका सुनसरी आर्थिक वर्ष २०७६/०७७ को**
**सामाजिक परीक्षक प्रतिवेदन बृहत सभामा प्रस्तुत गरिएको**
**विषयगत कार्यालयले सम्पादन गरेको कार्यको लेखाजोखा विवरण :**

**३.१ स्वास्थ्य क्षेत्रको विवरण :** स्वास्थ्य शाखा - इलाका स्वास्थ्य चौकी बलौरी, स्वास्थ्य चौकी सिगिया, स्वास्थ्य चौकी डुम्राहा र स्वास्थ्य चौकी भासी झुम्का, शहरी स्वास्थ्य केन्द्र चौकी कुम्याही र लालपुर, आधारभुत स्वास्थ्य केन्द्र रामधुनी ५ झुम्का, आधारभुत स्वास्थ्य केन्द्र रामधुनी ७ कुमरखत ) र आधारभुत स्वास्थ्य केन्द्र रामधुनी ९ मिर्चैया

### ३.१.१. स्वास्थ्य क्षेत्रको लक्ष्य :

- ☐ मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने ।
- ☐ जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्य अवस्थामा सुधार गर्नु ।
- ☐ आम नेपाली नागरिकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने ।
- ☐ सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्नु ।

### ३.१.२. स्वास्थ्य क्षेत्रको मूख्य उद्देश्य :

- ☐ बाल तथा मातृ मूत्युदर घटाउने ।
- ☐ राष्ट्रिय कार्यक्रमहरुलाई सफल तुल्याउने ।
- ☐ संविधान प्रद्धत्त स्वास्थ्य सम्बन्धि हकको कार्यान्वयमा सहयोग गर्ने ।
- ☐ नगरपालिका का नागरिकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने ।
- ☐ स्वास्थ्य स्तर प्रवर्धन गर्ने
- ☐ स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।
- ☐ स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।
- ☐ रोगीको संख्यामा कमि ल्याउने ।

**३.१.३. स्वास्थ्य क्षेबमा गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | क) सुरक्षित मातृत्व कार्यक्रम<br>ख) परिवार नियोजन कार्यक्रम<br>ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गुर्न । | सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ ।<br>स्थानीय तहमा जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ। | |
| खोप कार्यक्रम | स्वास्थ्य चौकी र खोप केन्द्र मार्फत खोप सेवा प्रदान गर्ने | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमा समेत काम गरेको | |
| परिवार नियोजन | स्वास्थ्य चौकीमा परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने | परिवार नियोजनको स्थायी र अस्थायी साधनको प्रयोगमा वृद्धि भई अनइक्छुक गर्भ रहने दरमा कमी आएको | |
| ओपीडि सेवा | स्वास्थ्य चौकीमा नियमित आएका विरामीलाई स्वास्थ्य परिक्षण र औषधी वितरण गर्ने | स्वास्थ्य चौकीमा स्वास्थ्यका बारेमा जानेर आउने सेवाग्राहीको संख्यामा वृद्धि भएको | |
| निशुल्क औषधी वितरण | स्वास्थ्य चौकीबाट सरकारले घोषणा गरेको ३५ प्रकारको औषधी निशुल्क प्रदान गर्ने | स्वास्थ्य चौकीबाट औषधीहरु निशुल्क प्रदान गर्ने भएकाले विपन्न परिवारको पनि पहुच बढेको | |

**२.१.४. स्वास्थ्य क्षेबमा सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- ☐ महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई थप ज्ञान सीप र क्षमताको लागि विभिन्न प्रकारको तालिम दिई समुदायस्तरमा काम गर्ने जनशक्तिको विकास गरेको ।

- ☐ जनचेतनामुलक कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न संचार माध्यमको प्रयोग गरिएको ।
- ☐ स्वास्थ्य संस्थाहरुलाई सुदुढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापीकय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिएको ।
- ☐ स्वास्थ्य कार्यालय मार्फत संचालन गरिने विभिन्न उपचारात्मक तथा सचेतनामुलक कार्यक्रमलाई अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुको माध्यमबाट संचालन गर्ने प्रकृयालाई प्रभावकारी बनाईएको ।
- ☐ व्यवस्थापन समितिले सुधारका तात्कालिन तथा दिर्घकालिन कार्यक्रमहरु बनाई पालिका लगायतका निकायहरुसँग सहकार्य गरीएकोमा सो केन्द्रबाटै खारेज भएको ।

**३.१.५. स्वास्थ्य क्षेबमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

**सामाजिक जिम्मेवारीको क्षेत्र**

| सामाजिक जिम्मेवारीको क्षेत्र सूचक सहितको कामको विवरण | सामाजिक जिम्मेवारीको क्षेत्र | २०७७ असार मसान्त सम्मको प्रयासहरु | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | कोभिड १९ का बीचमा केही एकिकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थ्यकर्मी थपिएको र स्वस्यम सेविकाको माध्यमबाट प्रचार | |
| खोप कार्यक्रम | खोप कार्यक्रम सबै वडामा | कोभिड १९ का बीचमा पनि खोप कार्यक्रमका लागि गाउँघर क्लिनक र अभियान तथा स्वस्यम सेविकाको माध्यमबाट प्रचार | |
| परिवार नियोजन | परिवार नियोजन सबै | परिवार नियोजनको साधन प्रयोगको फाईदा बारेमा जनचेतना फैलाएको | |
| ओपीडि सेवा | ओपीडि सेवा नियमित | ओपीडि सेवा नियमित सेवा प्रवाह भएको | |
| निशुल्क औषधी वितरण | निशुल्क औषधी वितरण नियमित | सरकारले तोकेको निशुल्क औषधी वितरण भएको | |

**३.१.६ स्वास्थ्य क्षेबमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- ☐ आफ्नै भवन निर्माण भएको लालपुर शहरि स्वास्थ्य केन्द्र सागुरो कोठाबाट सेवा दिनु
- ☐ स्वास्थ्य संस्थाहरुको भवन भएपनि घेराबेरा अभावले असुरक्षा बढेकोले निर्वाध सेवामा समस्या
- ☐ परिवार नियोजनका साधन बन्दाबन्दीको बेलामा अभाव भएको
- ☐ आफै किन्न नसक्ने अवस्था र माथिबाट नपठाएकाले सेवामा समस्या भएको
- ☐ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु ।
- ☐ नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभुत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको ।
- ☐ व्यवस्थापन समितिसँग श्रोत परिचालन गर्ने अधिकार भएको तर श्रोत केन्द्रहरु नभएको अबस्था ।
- ☐ एकीकृत रुपमा निजी तथा अन्य स्वास्थ्य संस्थाहरुबाट गरिएको कामको प्रगति अद्यावधिक हुन नसकेको ।
- ☐ नीजी स्तरबाट संचालित स्वास्थ्य संस्थाहरुको अनुगमन प्रभावकारी नुहनु ।
- ☐ औषधी पसलबाट अनाधिकृत ढंगले विशेषज्ञ चिकित्सकको नाम राखी औषधी व्यापार गर्ने व्यवसायिलाई अनुगमन एवम करको दायरामा ल्याउन नसकिएको ।

- ☐ प्रसुति गृहको नाम दिएपनि सेवा सुचारु गर्न नसकएको
- ☐ बक्लौरीमा प्रसुति गृहका लागि भवन निर्माणाधिन अवस्थामा मात्रै रहेको
- ☐ केही स्थास्थ्य संस्थामा पुग्ने बाटो र विद्युतको पहुच नभएको

### ३.१.७ स्वास्थ्य क्षेबको भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कमहरु र सुझावहरु :

- ☐ समयमै औषधी, उपकरण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनुपर्ने ।
- ☐ प्रसुति गृहको सेवा तत्काल सुचारु गर्न पहल गर्नुपर्ने
- ☐ बक्लौरीमा प्रसुति गृहका लागि निर्माणाधिन अवस्थामा रहेको भवनको काम सम्पन्न गर्नुपर्ने
- ☐ कुमरखत आधारभुत स्वास्थ्य केन्द्रमा पुग्ने बाटो र विद्युतको पहुच विस्तारको लागि पहल गर्नुपर्ने
- ☐ सम्बन्धित स्वास्थ्य संस्थालाई नै बजेट उपलव्ध गराउनु पर्ने ।
- ☐ स्वास्थ्यको लक्ष्यलाई प्राप्त गर्न रणनीति तयार गरी कार्यान्वयन गर्नु पर्ने ।
  - ☐ सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अद्यावधिक गरी राख्नु पर्ने ।
  - ☐ कार्यक्रम र सेवाको विस्तार भए वमोजिम जनशक्ति व्यवस्थापन, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनु पर्ने ।
  - ☐ स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनु पर्ने
  - ☐ कार्यालय प्रमुख वा कर्मचारीको जिम्मेवारी तोक्ने सम्बन्धमा देखिएको समस्या समाधान हुनु पर्ने
  - ☐ कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध व्यवस्थापन समितिले गर्न सक्ने कानूनी व्यवस्था हुनु पर्ने ।
  - ☐ चौकीका प्रमुख र कर्मचारीको बिचमा विदा र काम सम्बन्धमा देखिएको समस्याहरु सुक्ष्म अध्ययन गरि समाधान हुनुपर्ने
  - ☐ रामधुनी ४ लालपुरको शहरी स्वास्थ्य केन्द्रलाई आफ्नै भवनबाट सञ्चालन गर्नुपर्ने
  - ☐ निर्माण सम्पन्न हुन लागेको र भएका भवनमा स्वास्थ्य संस्थाको सेवा सुचारु गर्नुपर्ने
  - ☐ स्वास्थ्य चौकी वा शाखा कार्यालयमा कर्मचारीले कार्यालय पोशाक तथा परिचय पत्र अनिवार्य राख्नुपर्ने
  - ☐ यहाँ स्थायी, अस्थायी र करारको बीचमा जिम्मेवारी र कामका बारेमा एकले अर्कालाई देखाउने परिपाटी रहेकाले त्यसमा सुधार हुनुपर्ने
- ☐ परिवार नियोजनका साधन खरिद गर्ने अधिकार र बजेट स्थानीय तहमा पठाउनुपर्ने , यसमा संघीय सरकारको ध्यानाक्रषण गराउनुपर्ने
- ☐ कोभिड अस्पतालमा आधारभुत स्वास्थ्य केन्द्र झुम्का पनि सिफ्ट् गर्नुपर्ने
- ☐ केही स्थास्थ्य संस्थामा संचारको साधनको दुरुपयोग बढेकाले अनुगमन गर्नुपर्ने

## ३.२ शिक्षा क्षेत्रको विवरण

**विषयगत कार्यालयको नाम : शिक्षा तर्फ, रामधुनी नगरपालिका सुनसरी**

### ३.२.१ शिक्षा क्षेत्रको लक्ष्य

- ☐ शिक्षाको गुणस्तरमा सुधार गर्नु ।
- ☐ समावेशीकरण र सभागितामा वृद्धि गर्नु ।
- ☐ सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।
- ☐ शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँच वृद्धि गर्नु ।

### ३.२.२. शिक्षा क्षेत्रको **मूख्य उद्देश्य**

- ☐ गुणस्तर सुधारका लागि शैक्षिक सामाग्री, शिक्षक तालिम र निरन्तर विधार्थी मूल्यांकन गर्नु ।
- ☐ समावेशी तथा सभागिताका लागि अंपागता भएका विधार्थीलाई छात्रवृत्ति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु ।
- ☐ पहुँचका लागि छात्रवृत्तिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु

□ क्षमता अभिवृद्धिका लागि विभिन्न शैक्षिक सामाग्री तथा शिक्षकहरुलाई तालिम निरन्तर विधार्थी मूल्यांकन गर्नु ।

**३.२.३ गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| **आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धी** | **कैफियत** |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | लैगिक अनुपान अनुकुलन हुनेछ । विद्यालय छोड्ने दर अत्यन्त न्यून वा सुन्य हुनेछ । सिकाई पद्धतीलाई समायानुकुल सुधार गरीनेछ । आवश्यक पूर्वाधारहरुको व्यवस्था गरीनेछ । शिक्षकहरुलाई तालिमको व्यवस्था गरीने छ । अनुसाशित जनशक्ति तयार गरीनेछ । अनुकुल रहेको । विद्यालय छोड्ने दर न्यून भएको । तालिम प्राप्त शिक्षकको संख्या बढोत्तरी, विद्यालय पूर्वाधार नयाँ निर्माण तथा मर्मत सम्भार गरीएको । लैगिक मैत्री शौचालय निर्माण गरीएको । विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । शिक्षा गुणस्तर सुधार का प्रयास शिक्षकहरुलाई तालिम प्रदान गर्ने । व्यवस्थापन समितिद्वारा नियमनको व्यवस्था । पूर्वाधार निर्माण गर्ने । छात्रबृत्ति प्रदान गर्ने । शिक्षण सिकाई प्रकृयालाई व्यवहारी बनाउने । | शिक्षण प्रकृयामा सुधार भएको । व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको । पूर्वाधार निर्माणमा जीसीका र नरपालिकाले लगानी गरेको विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । | □विद्यालय उमेरका सबै बालबालिका बिद्यालय जाने भए □ भर्नादर बढेको □लैगीक अनुपान |
| बार्षिक छात्रबृत्ति प्रदान गर्ने | दलित, छात्रा लगायतका समूहलाई छात्रवृति प्रदान गर्ने | बालबालिकाहरुको शिक्षा प्रति आकर्षण बढेको | दलित र छात्रासंख्या विगतको भन्दा बढेको |
| निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | मावि तहका सबै विधार्थीलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्ने , कक्षा ११ का विधार्थीलाई पनि निशुल्क पाठ्यपुस्तक वितरण गर्ने , | निशुल्क पाठ्यपुस्तक पाउने भएकाले सबै खालै बालबालिकाले पढ्न पाउने भए | विगतको भन्दा विधार्थी बढेको |
| ५ वर्ष मुनीका बालबालिकालाई शिशुमा भर्ना गर्ने | २: ५ वर्षदेखी ५ वर्ष मुनीकालाई बाल विकास केन्द्रमा ल्याउने | प्राबि तहको शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको | वल विकासमा बालबालिका बढेको |
| विद्यालय भर्ना अभियान | विद्यालय बाहिर रहेकालाई शिक्षामा पहुच बढाउने | शिक्षाको प्रचारप्रसार भएको र विद्यालयमा पहुच बढाउने भएको | कोभिडको बीचमा भर्ना भएको |

| | | | |
|---|---|---|---|
| मूल्याकन (परीक्षा) | विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने | कक्षा टेष्ट, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा दिदै आएको र शिक्षकले विधार्थीलाई पृष्ठपोषण दिदै आएको | यसपाली कोभिडको कारणले पहिलो त्रैमासिक परीक्षा नभएको |
| शिक्षामा समासेवीकरण | सवैलाई समान अवसर प्रदान गर्ने | कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको | बाममैत्री वतावरण भएको |
| जनता माविमा प्राविधिक धार | कक्षा ९ र १० मा सिभिल इन्जिनियरिगंको पढाई भएको | प्रविधिक तर्फ आक्रर्षण र उत्सह बढेको | विधार्थीलाई राहत भएको |

**३.२.४.सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- ☐ निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित नगरपालिका घोषणा गर्ने कार्यका लागि काम गरेको ।
- ☐ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार योजना, बाल विकास कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएको साथै बाल विकास तथा क्षमता विकासका लागि काम गरीएको ।
- ☐ सबै विद्यालयहरुको आफ्नो विद्यालयको विषयगत, कक्षागत र तहगत सिकाई उपलब्धि निकाली आगामी वर्षका लागि प्रक्षेपण योजना अध्यावधिक गरी कार्यान्वयन गर्न नगर शिक्षा समिति मार्फत पहल भएको ।
- ☐ शिक्षा विकास तथा समन्वय ईकाई र जिल्ला स्थित सरकारी कार्यालय, नगरपालिका कार्यालय र गैर सरकारी संस्थासँगको सम्बन्ध सुदृढ गरी काम गरीएको ।
- ☐ स्थानीयस्तर बाट नीजि श्रोतमा व्यवस्थापन समितिको पहल र निर्णयमा शिक्षक व्यवस्थापन भएको ।
- ☐ व्यवस्थापन समितिको निर्णय एवम् स्थानीयको सहयोग र साझेदारीमा अग्रेजी माध्यमबाट शिक्षण प्रारम्भ गर्न पहल भएको । (भासी)
- ☐ तेह्र बालबालिका आधारभुत विद्यालयमा नरसरीदेखी कक्षा ७ सम्म पूर्ण अग्रेंजी माध्यममा शिक्षण भईरहेको । (रामधुनी ६)
- ☐ रामधुनी आदर्श आधारभुत विद्यालय रामधुनी ५ मा नरसरीदेखी कक्षा १ सम्म पूर्ण अग्रेंजी माध्यममा शिक्षण भईरहेको ।
- ☐ अन्य आधारभुत विद्यालयमा समेत नरसरीदेखी अग्रेंजी माध्यममा शिक्षा दिने प्रयास भईरहेको ।
- ☐ दश वटा विद्यालयमा सिसिटीभीको निगरानीमा अनुगमन र निरीक्षण भईरहेको ।

**३.२.५. सामाजिक जिम्मेबार बहन गर्न क्षमता :**

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **सुचक सहितका कामका विवरण** |
|---|---|
| बार्षिक छात्रबृत्ति प्रदान गर्ने | दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको । |
| निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | प्रा.वि, नि.मा.वि र मा.वि मा पाठ्यपुस्तक वितरण गरिएको । |
| ५ वर्ष मुनीका बालबालिकालाई शिशुमा भर्ना गर्ने | बाल विकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरीएको । |
| शिक्षामा पहुच बढाने र भर्ना अभियान चलाउने | आधारभुत(प्रावि निमावी), मावि(उच्च मावी)मा शिक्षाको पहुँच बढ्दो । |
| | समावेशिकरण |
| शिक्षामा समासेवीकरण | सकारात्मक विभेद र आपरक्षका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको । |
| अनिवार्य र निशुल्क शिक्षा | अनिवार्य तथा निशुल्क शिक्षा, छात्रबृत्ति सरकार तथा स्थानीय निकाय एवम गैससको विभिन्न पहलहरुका कारण सबै जाती भाषा धर्म र संस्कृतिका विद्यालय उमेरका |

| | |
|---|---|
| | बालबालिका विद्यालय जान थालेका । |
| | गुणस्तरीय सुधार |
| गुणस्तरीय सुधार | सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । तर लगानीको अनुपातमा नतिजा उल्लेख्य नभएको । |
| गुणस्तरीय सुधार | संस्थागत विद्यालय तर्फ सतप्रतिशत शिक्षकले तालिम प्राप्त गरेको रेकर्ड नपाईएको । तर लगानीका अनुपातमा प्रतिफल उल्लेख गर्न लायक भएको । |
| गुणस्तरीय सुधार | सरकारी तथा नीजि श्रोतबाट समेत व्यवस्था गरी शिक्षक विद्यार्थी अनुपात राम्रो रहेको । कतिपय विद्यालयहरुलाई मर्ज गर्नु पर्ने अबस्था देखिएको । विषयग शिक्षकका लागि पहल गर्नुपर्ने । |

**३.२.६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- ☐ विधार्थी र शिक्षकको अनुपात संख्यामा मिलेको जस्तो भएपनि कक्षा अनुसार अभाव भएको
- ☐ साविकको शिक्षक दरवन्दी मिलान र नियमित पठनपाठनमा प्रभाव ।
- ☐ पूर्ण साक्षर र अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको नगरपालिका बनाउन व्यवहारिक रुपमा नसकिएको । आधुनिक सूचना तथाा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु ।
- ☐ विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आ्नो पार्टीस्वार्थ पूरा गर्ने साधनको रुपमा प्रयोग गर्नु ।
- ☐ अभिभावकहरु चनाखो नहुनु ।
- ☐ विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु ।
- ☐ व्यवस्थापन समितिमा अत्यन्त धेरै राजनैतीककरण हुनु ।
- ☐ नतिजामा आधारीत दण्ड र पुरस्कार प्रणाली लागू नहुँदा शिक्षा क्षेत्रमा स्वाच्छन्दता मौलाउनु ।
- ☐ शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अबस्था वीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुन । कतिपय विद्यालयमा अत्यन्त धेरै हुनु ।
- ☐ मध्यम तथा उच्च बर्गका छोरा छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु ।

**३.२.७. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- ☐ माथिल्लो निकायबाट ठीक समयमा कार्यक्रम तथा बजेट उपलब्ध हुनुपर्ने ।
- ☐ एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच समन्वय गर्नुपर्ने ।
- ☐ स्थानीय तहले सम्बन्धित कार्यालयको प्राबिधिक सहयोगमा अनौपचारिक शिक्षाको नेतृत्व आफै गर्नुपर्ने ।
- ☐ विद्यालयहरुले स्रोत केन्द्रमा विश्वसनीय रुपमा तथ्यांकहरु उपलब्ध गराउनु पर्ने ।
- ☐ व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने ।
- ☐ कार्य सम्पादनलाई बृत्ति विकास प्रणाली सँग जोड्ने ।
- ☐ शिक्षकहरुको कार्य सम्पादन मुल्यांकनमा ३६० डिग्री मुल्यांकन प्रणाली अवलम्बन गर्ने ।
- ☐ विद्यालयहरुलाई आपसमा आवश्यकता, औचीत्यता र विद्यार्थि शिक्षक अनुपातका आधारमा मर्ज गर्दै जाने ।
- ☐ गाउँ स्तरीय शिक्षा समितिलाई थप प्रभावकारी बनाउँदै लैजाने ।
- ☐ पूर्वाधार निमार्णमा जोड दिने ।
- ☐ प्रत्येक पाँच पाँच बर्षमा परीक्षा प्रणालीबाट शिक्षकको योग्यता मूल्यांकन गरी तालिम दिनु पर्नेलाई तालिम दिने र उपदान वा अवकास दिनु पर्नेलाई सोही व्यवस्था गर्ने ।

- ☐ विद्यालयको प्रभाव क्षेत्र भित्रका विद्यार्थी भर्ना गराउने उल्लेखित क्षेत्रका सामूदायिक विद्यालयलाई प्रदान गर्ने ।
- ☐ सामूदायिक विद्यालयमा अध्यापन गराउने शिक्षका छोराछोरीलाई सोही विद्यालयमा पठाउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।

### *३.३ कृषि क्षेत्रको विवरण*

**विषयगत कार्यालयको नाम :** रामधुनी नपा कृषि सेवा केन्द्र झुम्का शाखा (क्षेत्र रामधुनी नपाभरी)

**३.३.१. लक्ष्य: उन्नत र आधुनिक कृषि प्रणालिको विकास र कृषिलाई व्यवसायिकरण**

**३.३.२ मूख्य उद्देश्य:**

- ☐ खाद्यान्न बालीको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन ।
- ☐ निर्यात योग्य कृषि बालीहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
- ☐ कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
- ☐ कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।
- ☐ कृषकहरुले प्रयोग गर्दै आएका कम उत्पादनशील प्रविधिको सट्टा बढी उत्पादनशील नयाँ प्रविधिको प्रयोग गराउने ।
- ☐ बजारको मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने बालीको पहिचान, विकास र बजार प्रबर्द्धन ।
- ☐ समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउने ।
- ☐ व्यावसायिक रुपमा आउन सक्ने बालीहरुको पकेट क्षेत्रको छनौट गरी व्यावसायिकरणका लागि प्रोत्साहन गर्ने ।
- ☐ गुणस्तरीय वीउको पहिचान गरी खरीद गर्न लगाउने ।
- ☐ रोग र किराको पहिचान गरी विषादी प्रयोग गर्न लगाउने ।
- ☐ कृषकहरुको तालिम र क्षमता विकास ।
- ☐ कृषि विमाको प्रबन्ध ।
- ☐ कृषकहरुलाई अनुदान सहायता ।

**३.३.३. गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरण:**

| **आयोजना/कार्यक्रम** | **लक्ष्य** | **उपलव्धी** | **कैफियत** |
|---|---|---|---|
| प्राविधक सेवा उपलव्ध गराउने | १, धान, गहु, मकैं माछा , मौसमी र बेमौसमी तरकारी आदी सम्बन्धी | १, प्राविधिक सेवा उपलव्ध गराईएको ।<br>२,कृषिमा व्यवसायिक रुपमा प्रवर्द्धन हुँदै गएको । | |
| नतिजा प्रदर्शन गर्ने | १उत्कृष्ट कृषक, बाली आदीको सम्बन्धमा नतिजा प्रदर्शन गर्ने | १ सिकाई आदान प्रदान भई ज्ञान हासिल भएको । | |
| आईपीएम पाठसाला | १,पाँच ओटा संचालन गर्ने । | १, पाँच ओटा संचालन भएको । | |
| घुम्ती तालिम संचालन | १ घुम्ती तालिम संचालन गर्ने । | १, घुम्ती तालिम संचालन भएको । | |
| कृषि विमा | १, कृषि विमाका लागि अनुगमन गरी सिफारीस गर्ने | १, कृषि विमा गर्नेको संख्या बढ्दै गएको । | |
| अनुदान लक्षीत कार्यक्रम | १,युवा लक्षीत कार्यक्रम संचालन गर्ने<br>२,माछा पालनमा सहयोग गर्ने<br>३, फलफुलका विरुवा वितरण गर्ने<br>४,बेमौसमी तरकारीका लागि मिनी किट वितरण गर्ने | १,युवा लक्षीत कार्यक्रममा सिप विकासका लागि प्रति व्यक्ति साठी हजार प्रदान<br>२, ५ कठ्ठा भन्दा बढी माछा पालन गर्नेलाई प्रतिकठ्ठा दश हज्जार अनुदान<br>३, फलफुलका विरुवा वितरण ।<br>४, मिनिकीट वितरण र अनुगमन गरेको। | |

| | | | |
|---|---|---|---|
| कृषक समूह गठन | १, कृषकहरुलाई संगठित गर्ने<br>२, कृषिमा एकद्धार प्रणाली अवलम्बन गर्ने | १,यहाँ कृषकहरुको सृकयतामा ४७ वडा कृषक समूह गठन,<br>२, कृषि फर्म ३३ वटा र कृषि सहकारी संस्था ४ वटा रहेको<br>२, कृषिमा आएका कार्यक्रम एकद्धार प्रणाली अनुसार गर्ने गरेको | कृषि ज्ञान केन्द्र, प्रधानमन्त्रि कृषि आधुनिकिरण परियोजना र अन्य निकायसंग समन्वय र सहकार्य गर्ने गरी काम गरेको |

**३.३.४. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :**

- ☐ रामधुनी नगरपालिका सँगको साझेदारीमा कृषकहरुलाई तालिम प्रदान गरीएको ।
- ☐ नतिजा प्रदर्शनका लागि कृषकहरुको भ्रमण गराईएको ।
- ☐ कृषि विमालाई अभियानका रुपमा लान प्रचार प्रसार गरीएको ।
- ☐ नगरपालिका  सँगको साझेदारीमा आईपीएम पाठसाला संचालन गरीएको ।
- ☐ युवा लक्षीत कार्यक्रम संचालनका लागि प्रचार प्रसार गरीएको ।
- ☐ धान जोन कार्यक्रमका लागि एउटा वडा छनौट भएको , धान , मकैं र गहुँ खेती गर्नेलाई प्रवर्द्धन गर्न एवम आय प्रतिस्थापन गर्न कृषकहरुलाई अनुदान प्रदान गरीएको ।
- ☐ बेमौसमी तरकारी खेतीका लागि विभिन्न निकायहरुसँग मिली तालिमहरु संचालन गरीएको ।

**३.३.५. सामाजिक जिम्मेबार बहन गर्न क्षमता :**

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **सुचक सहितका कामका विवरण** |
|---|---|
| कृषक समूह गठन | कृषकहरुलाई संगठित गरेको |
| प्राविधक सेवा उपलव्ध गराउने | रामधुनी ९ वटै वडाका किसान गरेको |
| नतिजा प्रदर्शन गर्ने | आएका किसानलाई समाबेस गरेको |
| आईपीएम पाठसाला | गरिएको |
| घुम्ती तालिम संचालन | स्रोत अनुसार भएको |
| कृषि विमा | केही किसानले गरिएको तर विवरण नभएको |

**३.३.६. आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरु:**

- ☐ सीमित साधन र असिमित मागको वीचमा तालमेल काम गर्नु ।
- ☐ गाउँका  नागरिकका धेरै कृषिसँग सम्बन्धीत समस्या समाधान गर्नु ।
- ☐ कृषि विमालाई तल्लो तह सम्म पुर्‍याउन नसक्नु ।
- ☐ कृषिलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न नसक्नु ।
- ☐ नगरपालिका को प्राथमिकतामा कृषि भन्दै गैह्र कृषि क्षेत्र पर्नु ।
- ☐ सीप, क्षमता र लगन हुने सँग जमिन नहुनु र जमीन हुने सँग लगानि नहुनु ।
- ☐ जमिनको अत्याधिक र अब्यवस्थित खण्डिकरण ।
- ☐ भु उपयोग नीति लागू नगर्नू ।

**३.३.७. भावि कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु:**

☐ कृषि विकासका लागि स्थानीय निकायले नेतृत्व लिनु पर्ने ।
☐ भु उपयोग नीति लागू गर्नु पर्ने ।
☐ कृषिलाई आधुनीकिकरण र व्यवसायिकरण गर्न कृषकलाई ऋण अनुदान र सौलियतको व्यवस्था हुनु पर्ने ।
☐ कृषि उपजको बजारीकरणका लागि सरकारी सम्यन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनु पर्ने ।
☐ कृषि विमालाई अभियानको रुपमा संचालन गर्नु पर्ने ।
☐ जमीनको खण्डिकरणलाई रोक्नु पर्ने ।
☐ सिचाईको प्रवन्ध प्रभावकारी गर्नुपर्ने ।

### *३.४ पशु क्षेत्रको विवरण*

**विषयगत शाखा कार्यालयको नाम :** रामधुनी नपा पशु सेवा भुम्का शाखा (क्षेत्र रामधुनी नपाभरी)

**३.४.१. लक्ष्य:** पशु पालक किसानलाई प्रोत्साह गर्ने , पशु नश्ल सुधार पद्धति विकास र व्यवस्थापन गर्ने, पशु पन्छी सम्बन्धी बीमा र कर्जा सहजिकरण गर्ने, बधशाला र मिटमार्ट सेन्टर व्यवस्थापन गर्ने, उन्नत जातको पशुपालनमा विकास र आधुनिक कृषि प्रणालिको विकास तथा पशुपालनलाई व्यवसायिकरण गर्ने

३.४.२. **मूख्य उद्देश्य:**

☐ दुध, मासु र अण्डाको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन गर्ने ।
☐ निर्यात योग्य पशु जन्य उत्पादनहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
☐ पशुपालन क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
☐ पशु पालक कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।
☐ बजारको मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने पशुपालनको पहिचान, विकास र बजार प्रबर्द्धन ।
☐ समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुर्‍याउने ।
☐ उन्नतजातका र गुणस्तरीय पशु तथा घाँसको वीउको पहिचान गरी खरीद गर्न लगाउने
☐ पशु कृषकहरुको तालिम र क्षमता विकास ।
☐ कृषकहरुलाई अनुदान सहायता ।

**३.४.३. गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरण:**

| **आयोजना/कार्यक्रम** | **लक्ष्य** | **उपलव्धी** | **कैफियत** |
|---|---|---|---|
| प्राविधक सल्लाह र परामर्श सेवा उपलव्ध गराउने | १, पशुपालक कृषक तथा माछा पालकलाई परामर्श दिने | १, शाखाबाट प्राविधिक सल्लाहका आधारमा बाखा पालन, भैसी र गाई पालन गरेको । | |
| घाँसको विउँ वितरण गर्ने | १, पालिका र सरकारबाट उप्लब्ध जै घाँसको विउ वितरण प्रदर्शन गर्ने | १, आएका किसानहरुलाई आवश्यकतामा आधारित भएर वितरण भएको । | |
| निशुल्क औषधी वितरण | १, पालिकञा र सरकारबाट उप्लब्ध निशुल्क औषधी वितरण गर्ने । | १, किसानलाई निशुल्क रुपमा औषधी प्राप्त भएको । | |
| कृत्रिम गर्भधान | १ सेवा केन्द्र र घुम्ती रुपमा पशुमा कृत्रिम गर्भधान गर्ने । | १, साढे, रागाँ र भालेको आभावमा रहेका किसानलाई लाभ मिलेको | |
| पशु विमा | १, पशुा विमाका लागि अनुगमन गरी सिफारीस गर्ने | १, पशु विमा गर्नेको संख्या बढ्दै गएको । | |
| पशु बन्धाकरण सेवा तथा | १, पशुमा बन्धाकरण | १, पशुपालकलाई लाभ मिलेको | |

| कार्यक्रम | कार्यक्रम संचालन गर्ने | | |
|---|---|---|---|
| पशु पालक कृषक समूह गठन | १, कृषकहरुलाई संगठित गर्ने | १,यहाँ कृषकहरुको सृकयतामा पशु पालक कृषक समूह गठन भएको | पशु भेनेनरी अस्पताल र अन्य सरोकारबालासंग सहकार्य गर्ने गरी काम गरेको |

**३.४.४. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :**

- ☐ रामधुनी नगरपालिका सँगको साझेदारीमा पशु पालक कृषकहरुलाई तालिम प्रदान ।
- ☐ पशुपालक कृषकहरुको भ्रमण गराईएको ।
- ☐ पशु विमालाई अभियानका रुपमा लान प्रचार प्रसार गरीएको ।
- ☐ नगरपालिका सँगको साझेदारीमा घाँसको विउँ वितरण गरीएको ।
- ☐ युवा लक्षीत कार्यक्रम संचालनका लागि प्रचार प्रसार गरीएको ।
- ☐ सुगुरबगुर , गाईभैसी र कुखुरा पालक कृषकहरुलाई अनुदानको शिक्षा दिएको ।
- ☐ निकायहरुसँग मिली तालिमहरु संचालन गरीएको ।
- ☐ पशुमा कृत्रिम गर्भधान गरेको
- ☐ बनध्याकरण सेवा सञ्चालन नियमित रुपमा गरेको

**३.४.५. सामाजिक जिम्मेबार बहन गर्न क्षमता :**

| सामाजिक जिम्मेबारीको क्षेत्र | सुचक सहितका कामका विवरण |
|---|---|
| घाँसको विउँ वितरण गर्ने | रामधुनी ९ वटै वडामा वितरण गरेको |
| निशुल्क औषधी वितरण | आएका पशु किसानलाई वितरण गरेको |
| कृत्रिम गर्भधान | एक चौमासिकमा १०५० पशुमा गरिएको |
| पशु विमा | विवरण पूर्ण थाहा नभएको |
| पशु बन्धाकरण सेवा तथा कार्यक्रम | एक चौमासिकमा ३०० बोकामा गरिएको |

**३.४.६. आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरुः**

- ☐ सीमित साधन र असिमित मागको वीचमा तालमेल नभएपनि काम गनुपर्ने ।
- ☐ वडाका  नागरिकका धेरै कृषिसँग सम्बन्धीत समस्या समाधान गर्नु ।
- ☐ पशु विमालाई तल्लो तह सम्म पुऱ्याउन अझै नसक्नु ।
- ☐ पशुपालनलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न नसक्नु ।
- ☐ नगरपालिकाको प्राथमिकतामा पशु पालन क्षेत्र नपर्नु ।
- ☐ दरबन्दी रहेको भएपनि जनशक्ति अभाव रहेको
- ☐ पशु सेवामा ६ जना दरबन्दीमा ३ जना प्राविधिक मात्रैले सेवा प्रावह गर्नु

**३.४.७. भावि कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरु र सुझावहरुः**

- ☐ पशु चौपायाका लागि निशुल्क औषधीको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने
- ☐ पशु किसानहरुको सञ्जाल निर्माण गरि परिचालन गनुपर्ने
- ☐ पशु क्षेत्र विकासका लागि स्थानीय तहले पूर्ण नेतृत्व लिनु पर्ने ।

- ☐ घासको विउँमा दिने अनुदानको दायरा फराकिलो बनाउनुपर्ने ।
- ☐ व्यवसायिकरण गर्न पशु पालक कृषकलाई ऋण अनुदान र सौलियतको व्यवस्था हुनुपर्ने
- ☐ पशुजन्य उत्पादनको बजारीकरणका लागि सरकारी संयन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनुपर्ने ।
- ☐ पशु विमालाई अभियानको रुपमा संचालन गर्नुपर्ने ।
- ☐ दरबन्दी रहेको भएपनि जनशक्ति अभाव रहेकाले परिपुर्ती गर्नुपर्ने
- ☐ निशुल्क औषधी, बन्धाकरण र कत्रिम गर्भधानलाई प्रभाकारी बनाउनुपर्ने ।

## *३.५ सामाजिक विकासको क्षेत्र*

**. विषयगत कार्यालयको नाम :** रामधुनी नपा सामाजिक विकास शाखा (क्षेत्र रामधुनी नपाभरी)

**३.५.१. लक्ष्य :**सामाजिक पुजीको निर्माण गर्ने , सामाजिक शुसाशनमा सुधार ल्याउने, सामाजिक विकासका कार्यक्रमहरु गर्ने , लक्षित वर्गका लागि काम गर्ने

**३.५.२ मूख्य उद्देश्य:**

- ☐ सबै लक्षित वर्गको उत्थान गर्ने ।
- ☐ शिक्षा, सचेतना, वृद्धि र विकासको प्रबर्द्धन गर्ने ।
- ☐ रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा गर्ने ।
- ☐ शिक्षा, स्वास्थ्य र सरसफाईको काम र कार्यक्रमलाई प्रबर्द्धन गर्ने ।
- ☐ स्थानीयहरुलाई तालिम र क्षमता विकासको लागि काम गर्ने ।

**३.५.३. गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरण:**

| **आयोजना/कार्यक्रम** | **लक्ष्य** | **उपलव्धी** | **कैफियत** |
|---|---|---|---|
| आधारभुत तथा मावि शिक्षा | १, शिक्षामा गुणस्तर कायम गर्ने | १, शिक्षा, सचेतना र परामर्शको काम भएको | |
| खेलकुद तथा अतिरिक्त क्रियाकलाप | १, विद्यालय, वडा तथा पालिकास्तरीय कार्यक्रम गर्ने | १, विभिन्न चरणमा विधार्थीहरुलाई सहभागि गराई कार्यक्रम भएको । | |
| सरसफाई | १,रामधुनी नगरपालिकाको सबै क्षेत्रलाई सरसफाई गर्ने । | १,रामधुनीमा नियमित सरसफाईको काम र अभियान भएको । | |
| समन्वय र परिचालन | १ सरकारी तथा गैरसरकारी संस्थाहरुको बीचमा समन्वय गर्ने । | १, नियमित गरेको | |
| सामाजिक सुरक्षा कार्यक्रम | १, सरकारको नियमित कार्यक्रमलाई प्रवाह गर्ने | १, यो नियमित भएको अवस्था । | |
| कला, संस्कृति, सम्पदा तथा पर्यटन पर्वद्धन | १, यहाँका कला, संस्कृति, सम्पदा तथा पर्यटन पर्वद्धन गर्ने | १,यहाँ विभिन्न सृकय संघसंस्थाहरु र जातीय समूहहरुले लाभ पाएको | सरोकारबाला संग सहकार्य गर्ने गरी काम गरेको अवस्था |

**३.५.४. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :**

- ☐ रामधुनी नगरपालिकामा आवश्यकतामा आधारित लक्षितवर्गहरुलाई तालिम प्रदान गर्ने ।
- ☐ बालबालिकाहरुको समूहहरुको भ्रमण गराईएको ।

☐ शिक्षा, स्वास्थ्य र बालमैत्रीको विषयलाई अभियानका रुपमा लान प्रचार प्रसार गरीएको ।
☐ नगरपालिका सँगको साझेदारीमा अनुदान वितरण गरीएको ।
☐ बालबालिका, महिला र युवा लक्षीत कार्यक्रम संचालन गरीएको ।
☐ आवश्यकतामा आधारित सचेतना र तालिमहरु संचालन गरीएको ।

**२.५.५. सामाजिक जिम्मेबार बहन गर्न क्षमता :**

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **सुचक सहितका कामका विवरण** |
|---|---|
| शिक्षामा गुणस्तर कायम गर्ने | नियमित कक्षा सञ्चालन भएकाले नतिजामा सुधार भएको |
| विद्यालय, वडा तथा पालिकास्तरीय सचेतनाका कार्यक्रम गर्ने | चेतनास्तरमा विगतको भन्दा वृद्धि भएको, विधालय पठाउने दरमा वृद्धि भएको |
| रामधुनी नगरपालिकाको सबै क्षेत्रलाई सरसफाई गर्ने । | घरघरमा चर्पी निर्माण भएको, सडकमा हुने फोहोर कम भएको र सरसफाईम चासो बढेको |
| सरकारी तथा गैरसरकारी संस्थाहरुको बीचमा समन्वय गर्ने । | पालिकामा सरकारी र गैरसरकारी संस्थाहरुको बीचमा समन्य गरि निर्माण र सचेताका काम भएको |
| सरकारको नियमित कार्यक्रमलाई प्रवाह गर्ने | सरकारी सेवा जनताले गाउँ तथा वडाबाटै पाएको |
| यहाँका कला, संस्कृति, सम्पदा तथा पर्यटन पर्वद्धन गर्ने | यहाँको रामधुनी मन्दिर, वन, ताल, नदि र नहर संरक्षण सहित विभिन्न जातीको कला, संस्कृति, सम्पदाहरुको प्रचारप्रसार सहित पर्यटन पर्वद्धन गर्ने काम भएको |

**३.५.६. आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरुः**

☐ सीमित स्रोत साधन र असिमित मागको वीचमा काम गनुपर्ने ।
☐ सबै वडाका लक्षित समूहलाई समावेस गर्न समस्या भएको ।
☐ टोलबस्तीसम्मका नागरिकसम्म पुऱ्याउन अझै नसक्नु ।
☐ भौगोलिक समस्या नभएपनि बजेटको सिमाले गर्दा सबै ठाउँमा गर्न समस्या भएको ।
☐ नगरपालिकाको प्राथमिकतामा परेको विषयहरुमा समेत जारुकताको कमिले नपर्नु ।
☐ शाखाहरुमा दरबन्दी पूर्ण नभएको र रहेको भएपनि जनशक्ति अभाव
☐ सेवा प्रवाह गर्दा सबैलाई सूचना पुरयाउन समस्या हुनु

**३.५.७. भावि कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरु र सुझावहरुः**

☐ एकद्धारा प्रणालीको माध्यमबाट कार्यक्रमहरु संचालन गर्नुपर्ने र पूर्ण नेतृत्व लिनु पर्ने ।
☐ विकासका कार्यक्रमसगैं मानविय विकासको कार्यक्रमको दायरा फराकिलो बनाउनुपर्ने ।
☐ अपांगता,महिला तथा बालबालिकाहरुका लागि विषश कार्यक्रमको व्यवस्था हुनुपर्ने
☐ गैसस र सरकारी संयन्त्रबाट सहयोगहरुको पारदर्शिता र एकद्धारमा काम हुनुपर्ने ।
☐ सुकुम्बासी समस्या र विद्यालय छाड्ने कुरालाई कम गर्न अभियानको रुपमा कम गर्नुपर्ने
☐ दरबन्दी रहेको भएपनि जनशक्ति अभाव रहेकाले परिपुर्ती गर्नुपर्ने र सृजना समेत गर्नुपर्ने
☐ पालिकाको सामाजिक शाखाको सबै कामलाई प्रभाकारी बनाउनुपर्ने ।

## खण्ढ-४

**४.१.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु**

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

☐ नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न सहयोग र सफल ।
☐ रामधुनी नगरपालिकाको काममा जनसहभागिता राम्रो पाईयो ।
☐ उपभोक्ताले पेश्की विना पनि काम गर्ने गरेकाले बेरुजु रकम शुन्यमा झार्ने प्रयास गरेको पाईयो ।
☐ सामाजिक परिक्षण बृहत छलफलमा गाउँबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको

- ☐ सामाजिक परिक्षण कार्यक्रममा गाउँबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने  नगरपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको प्रतिबद्वता आउनु ।
- ☐ खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।
- ☐ नगरपालिका ले गरेका कामको वार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको ।
- ☐ रामधुनी  नगरपालिका मा जनप्रतिनिधि, कर्मचारी, क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।
- ☐ नगरपालिका ले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो ।
- ☐ नगरपालिका को गाउँपरिषद, गाउँ तथा वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको सामाजिक परिक्षणबाट देखीयो ।
- ☐ राजश्व बृद्धि गर्न सफल
- ☐ कार्यक्रम बजेट निर्माण गरी कार्यन्वयन गरिएको ।
- ☐ रामधुनी  नगरपालिका ले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती र महिला समन्वय समितिहरुलाई बजेट तर्जुमामा पूर्णत: जिम्मेवार बनाएको छ । ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन् ।
- ☐ नगरपालिका  भएको अनुभुति गाउँबासीहरुले गर्दै गरेको पाईयो ।
- ☐ सिमान्तकृत वर्गका लागि  नगरपालिका बाट  विशेष कार्यक्रम सञ्चालन गरेको पाईयो ।
- ☐ नगरपालिका का संरचना लैङ्गिक तथा अपांगमैत्री भएको पाईयो ।
- ☐ गाउँको सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका आदिको प्रबन्ध गरेको पाईयो ।
- ☐ जनप्रतिनिधि सहित साविक वडा नागरीक मञ्च, नागरिक सचेतना केन्द्रले योजना तर्जुमा, कार्यान्वयन, प्रतिफल वितरण सम्ममा नगरपालिका सँग साझेदारी र सहकार्य गर्ने गरेको पाईयो ।
- ☐ बाल भेला मार्फत बालअधिकार संरक्षणका लागि काम गरेको पाईयो ।
- ☐ विपत व्यवस्थापनका लागि  नगरपालिका ले पूर्व तयारी गरेको पाईयो ।
- ☐ रामधुनी  नगरपालिका ले सेवाग्राहीको सुविधाको लागि नागरिक बडापत्र, पत्रपत्रिका, पानी, विश्रम स्थल व्यवस्था गरेको पाईयो ।

**४.२. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि कमीकमजोरीहरु:**

- ☐ नगरपालिकाको भोगाई तथा उपभोक्ताको अनुभवमा लागत सहभागिताका लागि बजार क्षेत्रका उपभोक्ता उत्साही देखीएपनि ग्रामीण क्षेत्रका विपन्न उपभोक्ताबाट रकम उठाउन चुनौती रहेको पाईयो ।
- ☐ नगरपालिकाले गाउँबासीसंग साविक भन्दा कर बढी लिन थालिसकेकाले व्यबस्थापन प्रणालीलाई चुस्तदुरुस्त पार्दै लैजान र व्यबस्थापनमा गाउँबासीको सहभागिता बृद्दि गर्नु चुनौतीपूर्ण रहेको ।
- ☐ नगरपालिका मा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने भन्ने उपभोक्ताको गुनासो पटक पटक आउदा पनि  नगरपालिका ले यसलाई गंभिर रुपमा लिएको नपाईएकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- ☐ जनसख्याको आधारमा योजना छनौटमा चुनौती ।
- ☐ बाल अधिकार र अपांगता भएका नागरिकको अधिकार सुनिश्चितताका लागि थप ध्यान दिनुपर्ने ।
- ☐ योजनाहरु साना रकममा अधिक हुनाले प्रविधिक अनुगमनमा तथा मूल्यांकन प्रभावकारी रुपमा गर्न नसकिएका
- ☐ गाउँको विकासका लागि केन्द्रिय बजेटमा निंभर हुनु

- ☐ विभिन्न कार्यालय, संघसंस्थाका गाउँ क्षेत्रका योजनालाई गाउँ योजनामा समावेस गर्ने गरी आपसी समन्वय र सहकार्यका विकास आयोजनाहरु संचालन गर्नु पर्नेछ ।
- ☐ सुशासन तथा पारदर्शिताको लागि बार्षिक बुलेटिन, राजश्व दर्पण प्रकासन, राजश्वका दररेट तथा एकीकृत सम्पत्ति करको दररेट वेभसाईटमा सार्वजनिक गर्ने, नगर रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्नु पर्नेछ ।
- ☐ पशुबधशाला लाई पुन : निर्माण गरि संचालनमा ल्याउनु पर्ने
- ☐ महिला,दलित जनजाति तथा पिछडिएका गरिव वर्गका लागि खास आधुनिक कृषि व्यवसायीकरणका कार्यक्रम ल्याउन नसक्नु
- ☐ कतिपय केन्द्रीय वा प्रदेश स्तरका कार्यक्रमको अख्तियारी ढिलो प्राप्त हुने हुँदा पहिलो र दोस्रो चौमासिक अवधिको कार्यक्रम सम्पादन गर्न कठिनाई भईरहेको ।
- ☐ योजना छनौट तथा प्राथिमिकीकरण गर्दा जनप्रतिनिधिहरु सहित सरोकारवाला संघसंस्थाहरु, पूर्व जनप्रतिनिधिहरु र लक्षीत समुहका अर्थपूर्ण सहभागिता गराई कार्यविधि अनुसार लक्षीत समुह विकासको लागि बजेट बृद्धि गर्नु पर्नेछ ।

**४.३. सामाजिक जिम्मेवारी पुरा गर्न रामधुनी नगरपालिका सुनसरीले चाल्नुपर्ने कदम वा सुझावहरु**

- ☐ नगरपालिका ले सम्पन्न गरेका कामको जानकारी नगरबासीले तत्काल पाउन सक्ने गरी वेभसाईड मार्फत सार्बजनिक गर्नुपर्ने तथा कार्यालयको अभिलेखमा व्यबस्थित गर्नुपर्ने ।
- ☐ सेवा सुविधा प्रवाहमा तदरुकता अपनाई सहज, पारदर्शिता र जवाफदेहिपूर्ण गराउनु अत्यावश्यक भएको ।
- ☐ नगरपालिका को स्वामित्वमा रहि उपयोगमा आउन नसकेको जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पत्तीहरुलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।
- ☐ खुला दिशामुक्त नगरपालिका घोषण भई सकेकोले पूर्ण सरसफाई नगर घोषणाको कार्यक्रम संचालन गर्नुपर्ने ।
- ☐ पर्यटनमुलक ब्यवसाय गर्न सहयोग पुग्ने सीपमुलक तालिममा जोड दिईनुपर्ने ।
- ☐ दरवन्दी अनुसारको कर्मचारीको व्यवस्था र उनिहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि गराउनु पर्ने ।
- ☐ बालश्रम तथा बाल विवाहमा न्यूनिकरण गर्न सवै विद्यालयहरु, वडाहरुमा बाल क्लब गठन गरी नगरस्तरीय संजाल बनाई समुदाय स्तरमा सचेतना अभियान संचालन गर्नु पर्ने ।
- ☐ विद्यालयहरुमा विभिन्न सिर्जनात्मक क्रियाकलाप संचालन, अनुगमन र सहजिकरणको माध्यमबाट शैक्षिक वातावरणमा सुधार गरी कक्षा छोडने, दोहोऱ्याउने दर न्यूनीकरण गरी उत्तिर्णा दर बढाउनु पर्नेछ ।
- ☐ नगरपालिका मा यथेष्ट जनशक्ति र नविनतम प्रविधिको प्रयोग बढाउन जरुरी देखिन्छ । यसबाट स्थानीय नागरिकहरुलाई सेवा सुविधा प्रवाहमा सहजता आउनेछ ।
- ☐ महिला, दलित जनताति एव बिपन्न पिछडिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यक्रमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउनु पर्ने ।
- ☐ नगरको फोहरमैलालाई घर घरबाटै स्रोतमानै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरि फोहरबाट मोहरको अवधारणलाई विकास गरि फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने ।
- ☐ यातायताको साधनको अधिक मात्रामा वृद्धि भएकाले उचित ठाँउमा पार्किङ तथा बस पार्कको व्यवस्था मिलाउनु पर्ने ।
- ☐ नगर क्षेत्रको दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना निर्माण, विभिन्न बिनियमावली, कार्यविधि, निर्देशिका तयार गरी शहरी सुशासनमा सुधार ल्याउनु पर्नेछ ।
- ☐ पर्यटनको अधिक सम्भावना रहेकोले नगर पर्यटकीय क्षेत्रको पहिचान सहित नगर पर्यटन गुरुयोजना निर्माण भई सकेकोले सो कार्यान्वयन गर्नुपर्ने ।

- ☐ नगर क्षेत्रको हकहा, सेउती, दतकिच्चा, झरना, सेहरा, गोलझप्रे लगायतको खोलामा दीगो रुपमा खोला नियन्त्रणको व्यवस्था गर्नुपर्ने ।
- ☐ नयाँ सडकहरुको लगत कायम गरी नेपाल सरकारको नाममा ल्यायनु पर्ने ।
- ☐ राष्ट्रिय भवन निर्माण सहिंता कडाईका साथ लागु गर्नुपर्ने ।
- ☐ रामधुनी वन क्षेत्र लगायतको संरक्षण र विकास गर्दै पर्यटकिय पूर्वाधार निर्माणमा जोड दिने
- ☐ खेल मैदानहरुको पहिचान र विकास गर्ने ।
- ☐ सडकको क्षेत्राधिकारलाई बचाउन जैविक घेराबेरा वा जीविको पार्जन सँग जोड्ने ।
- ☐ सहकारीको पूजीलाई स्वरोजगारी सृजना, कृषिलाई आधुनिकिकरण विविधिकरण एवम गरीवि निवारणको आधारको रुपमा विकास गर्ने ।
- ☐ शंकरबेली सिमसार क्षेत्र (ताल) रास ताल, जुडि सिमसार, प्रेम ताल, लटरहोली सिमसार लगायतका सिमसार क्षेत्र र तालहरुलाई थप पहिचान गरि संरक्षण र विकास गर्ने ।

**४.४. सेवाग्राहि जनता संग गरिएको सवाल जवाफको राम्रो पक्ष:**

१, विगतको तुलनामा काम कार्वाही र सेवा प्रवाहमा छिटो छरितो ।
२, जनप्रतिनिधि र कर्मचारीहरुवाट सरल र मिठासपुर्ण व्यवहार हुनु ।
३, कार्यालय नियमित सञ्चालन भएको
४, विकास निर्माणको काममा गाउँटोलसम्म भएको र सुरु गरिएको
५, सूचना प्रावह नियमित भएको
६, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम राखेको
७, भौतिक पूर्वाधार प्रयाप्त नभएपनि काम चलाउने कालको भएको

**४.५ सेवाग्राहीको समग्र जवाफमा कार्यालयहरुले सुधार गर्नुपर्ने पक्षहरु :**

१, विहान १० बजेदेखी ४ बजेसम्म अर्थात कार्यालयसमयसम्म कार्यालयमा बस्नुपर्ने
२, गाउँमा रोजगारी सृजना हुने खालका आयोजनाहरुलाई प्राथमिकतामा राख्नुपर्ने
३, कार्यालयले नियमित सरसफाई र पानीको व्यवस्थापनमा ध्यान दिनुपर्ने
४, लक्षित वर्गको योजना निर्माण गर्दा सम्वन्धित समूहलाई नै प्राथमिकतामा राखि योजना तयार गर्नुपर्ने
५, सुचना उपलव्धतामा थप सरलता वनाउनुपर्ने
६., नागरिक वडा पत्रलाई नियमित रुपमा अद्यावधिक गर्नुपर्ने र ठूलो आकारमा हुनुपर्ने ।
७, मध्यम/न्यून वर्गिय मानिसहरु सेवा लिन जादा कठिनाई भएकोले उनिहरुलाई समेत अन्य सरह समान व्यवहार गर्नुपर्ने ।
८, सार्वजनिक निकायहरूले वार्षिक कार्यक्रम र बजेट सबै स्थानीय वडासम्म सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
९.जनताको प्रत्यक्ष सरोकार राख्ने सरकारी, गैह्र सरकारी निकायले सम्पादन गर्ने कामको प्रक्रिया र शुल्क सम्बन्धी नागरिक वडापत्र सबै वडामा समेत टाँस गर्ने व्यवस्था गर्ने ।
१० गुनासो सुनुवाई/उजुरी पेटिका खोली कार्यालय प्रमुखले बैठकमा राखी गुनासो व्यवस्थापन गर्ने सार्वजनिक गर्ने ।

**४.६. नगर तथा वडाबस्तीहरुको सम्बोधन गर्नु पर्ने समस्याहरु**

१. रामुधनी ६ मैनी र ढेरी गाउँका जनतालाई डुवानमा पार्ने खोला नियन्त्रण गर्नुपर्ने ।
२. गाउँको बाटोहरु जिर्ण भएकाले ग्राभेल मर्मत स्तरोन्नती गरी क्रमश: कालोपत्रे गर्नुपर्ने ।
३. जनताको सुरक्षासंग प्रत्यक्ष सरोकार राख्ने विद्युतको पोलपोलमा पोल बतीको व्यवस्था गर्नु पर्ने ।
४. गाउँटोलमा सरकारी, गैह्र सरकारी निकायले सम्पादन गर्ने कामको प्रक्रिया र शुल्क सम्बन्धी नागरिक वडापत्र सबै वडामा टाँस गर्नुपर्ने ।
५.रामुधनी ६ मैनी र ढेरी गाउँका स्थानीयको आस्थाको केन्द्र राधाकृष्ण मन्दिर निर्माण सम्पन्न गर्नुपर्ने ।
६. साझँविहान जनताको जमघट हुने र अराम गर्ने काठे चौतारोलाई संरक्षण गर्नुपर्ने

७. सडकको छेउछेउमा ढल निकासको व्यवस्था गर्नुपर्ने ।
८. विद्युत पोलको समस्या रहेको रामुधनी ६ मैनी र ढेरी गाउँको लागि पोलको व्यवस्था गर्नुपर्ने ।
९. गठन हुन नसको वडामा टोल विकास संस्था वा समिति गठन प्रकृया अगाडी बढाउनुपर्ने ।
१०. गाउँमा पनि प्लटिगंको समस्या भएकाले त्यसलाई रोक्नुपर्ने वा व्यवस्थित गर्नुपर्ने
११. गाउलेको सहभागितामा समितिहरुको निर्माण गनुपर्ने
१२. सामाजिक, सांकृतिक र धार्मिक संरक्षणका लागि कार्यक्रम ल्याउनुपर्ने ।

# खण्ड-५

*कार्यालय अनुसारको अवस्था, सुझाव र प्रतिकृया*

## ५.१. रामधुनी नगरपालिका - १ नम्बर वडा कार्यालयको सुशासनको अवस्था

क) रामधुनी नगरपालिकाको माथिल्लो तल्लामा भएको नियमित सरसफाई नभएको
ख) शौचालय एउटा मात्रै रहेको र तल्लो तल्लामा मात्र भएको ।
ग) वडा सचिव, कर्मचारी र वडा अध्यक्ष कार्यालय समय सम्म नबसेको ।
घ) सेवाग्राहीहरु प्राय: अलमलमा परेको र वडाको योजना र कार्यक्रम पारदर्शी नभएको ।
ङ) नागरीक वडा पत्र नभएको र पुरान भएपनि सानो अक्षरमा भएको र उल्लेख भएको सेवा समयमा नपाएको ।
च) उजुरीको सनुवाई समयमा नभएको ।
छ) सडक वाटो निर्माणको उपभोक्ता समिति एकलौटी गठन गरेको ।
ज) वडा सचिव र अध्यक्षलाई भेटाउन मुस्लिक रहेको त्यसैले नयाँ वडाको भौतिक संरचना निर्माण गर्नुपर्ने ।
झ) वडा कार्यालयको काममा सुधार ल्याउनुपर्ने
ञ) सामाजिक सुरक्षा भत्ता बैकमा गएपनि सरल, सहज र समयमा नपाएको गुनासो सम्बोधन गर्नुपर्ने
ट) कर्मचारी कार्यालय पोसाक अनिवार्य रुपमा लगाउनुपर्ने ।
ठ) कार्यालयमा १० बजे देखी ४ बजे सम्म बस्नुपर्ने ।
ड) नियम, कानुन र समयको पालना सबैले गर्नुपर्ने ।
ढ) बाटोमा पक्षपाती र ग्रवेलमा स्तरीय काम नभएको
ण) एउटै कामका लागि पटक पटक धाउनुपर्ने बाध्यता रहेको छ ।
त) कार्यालय अपागंमैंत्री र बालमैत्री नभएको ।
थ) कार्यालयको अभिलेख व्यवस्थित नभएको ।
द) लक्षित कार्यक्रमहरु समावेशी नभएको ।
ध) विगतमा दिदै आएको स्वमसेविका प्रोत्सहन कटौती गरेको ।
न) फोहर व्यवस्थापनको समस्या रहेको ।
प) कार्यालयमा विश्राम स्थल र खानेपानीको व्यवस्था गर्नुपर्ने ।
फ) वडाको स्वास्थ्य चौकीमा समय समयमा औषधी अभाव हुने गरेको ।

## ५.२. रामधुनी नगरपालिका - २ नम्बर वडा कार्यालय

क) नगरपालिकाको सामुदायिक भवनमा रहेको तर सेवा नियमितता भएको
ख) शौचालय एउटा रहेको तर प्रयाप्त नभएको ।
ग) कर्मचारी र वडा अध्यक्ष कार्यालय समयसम्म नबसेको ।
घ) योजना र कार्यक्रम पारदर्शी रुपमा गर्ने प्रयास गरेको ।
ङ) उजुरी पेटीकाको सनुवाई समयमा नभएको ।
च) नागरिक वडा पत्र नराखिएको, यहाँको विभिन्न सडक वाटो निर्माणको उपभोक्ता समिति गठनमा पारदर्शी नभएको ।
छ) वडाका लागि आफ्नै नयाँ भौतिक संरचना निर्माण गर्नुपर्ने ।
ज) सामाजिक सुरक्षा भक्ता समयमा दिनुपर्ने

झ) कार्यालय पोसाक अनिवार्य रुपमा लगाउनुपर्ने ।

ञ) बढाएको करमा पुनरावालोकन गर्नुपर्ने ।

**५.३. रामधुनी नगरपालिका - ३ नम्बर वडा कार्यालय सिगिया**

क) नगरपालिकाको ३ नम्बर वडा कार्यालय साविक सिगिंया गाविसको भवनमा रहेको र स्वास्थ्य चौकीसगैं रहेकाले सेवाग्राही झुकिने गरेको

ख) विश्रामस्थल, खानेपानी र शौचालय एउटा रहेको तर प्रयाप्त नभएको ।

ग) सचिव, कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समय सम्म नबसेको ।

घ) वडा, गाउँबस्तिका विभिन्न योजना र कार्यक्रम पारदर्शी रुपमा नगरेको ।

ङ) वडामा सुझाव र उजुरी पेटीकाको गुनासो सनुवाई नभएको ।

च) गाउँमा उपभोक्ता समितिमा पारदर्शीता नभएको ।

छ) नयाँ संरचना अनुसारको निर्माणका काम गर्नुपर्नेमा पुरानै शैलीको काम गरेको ।

ज) सेवाग्राहीलाई प्रकृया पुगेको खण्डमा समयमा दिनुपर्ने

झ) कर्मचारीहरुले कार्यालय पोसाक अनिवार्य रुपमा लगाउनुपर्ने ।

ञ) नगरपालिका तथा वडामा बढाएको करमा पुनरावालोकन गर्नुपर्ने

ट) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा अन्तरकृया गर्नुपर्ने

ठ) हचुवाको भरमा ढल निकासको काम भएको, ढल निकास हुने ठाउँ नभएपनि ढल निर्माण गरेको आदि

**५.४. रामधुनी नगरपालिका - ४ नम्बर वडा कार्यालय लालपुर**

क) भाडाको घरमा कार्यालय भएकाले सेवाग्राहीलाई अलमल भएको ।

ख) सरसफाई नियमित नभएको, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

ग) सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समयसम्म नबसेकाले बस्नुपर्ने ।

घ) वडा, गाउँबस्तिका विभिन्न योजना र कार्यक्रम पारदर्शी रुपमा नगरेको ।

ङ) सुझाव र उजुरी पेटीकाको सुनवाई नभएको ।

च) गाउँमा उपभोक्ता समितिमा पारदर्शीता नभएको ।

छ) नयाँ भौतिक संरचना निर्माण गर्नुपर्ने र छुट्टै आफ्नै वडा कार्यालय हुनुपर्ने ।

ज) सामाजिक सुरक्षा भत्ता, बृद्धभत्ता सरल सहज र समयमा दिनुपर्ने

झ) कर्मचारीहरुले कार्यालय पोसाक र परिचय पत्र अनिवार्य रुपमा लगाउनुपर्ने ।

ञ) वडामा एक्कासी बढाएको करमा पुनरावालोकन गर्नुपर्ने

ट) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा अन्तरकृया नियमित गर्नुपर्ने

ठ) लक्षित वर्गका कार्यक्रमहरु गाउँटोलमा समेत गर्नुपर्ने आदि

**५.५ रामधुनी नगरपालिका - ५ नम्बर वडा कार्यालय**

क) रामधुनी नगरपालिकाको ५ र १ नम्बर वडा कार्यालय र नगरपालिकाको पनि एउटै भवनमासगैं रहेकाले अलमल भई समस्या भएको

ख) कार्यालयको सरसफाई नियमित नभएका र शौचालय प्रयाप्त नभएको ।

ग) गाउँबस्तिका विभिन्न योजना र कार्यक्रम पारदर्शी रुपमा नगरेको ।

घ) नयाँ भौतिक संरचना निर्माण गर्नुपर्ने । कर्मचारीहरुले कार्यालय पोसाक र परिचय पत्र अनिवार्य रुपमा लगाउनुपर्ने

ङ) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा अन्तरकृया गर्नुपर्ने

च) लक्षित वर्गका कार्यक्रमहरु गाउँटोलमा समेत गर्नुपर्ने ,प्रतिक्षालय,खानेपानी र शौचालय प्रयाप्त नभएको ।

छ) सामाजिक सुरक्षा भत्ता, बृद्धभत्ता सरल सहज र समयमा दिनुपर्ने ।

ज) एक्कासी बढाएको करमा पुनरावालोकन गर्नुपर्ने

**५.६. रामधुनी नगरपालिका बकलौरी - ६ नम्बर वडा कार्यालय**

क)रामधुनी नगरपालिकाको ६ नम्बर वडा कार्यालय साविक बकलौरी गाविस भवनमा भएको

ख) कार्यालय परिषर सानो भएकाले प्रतिक्षालय, खानेपानी र शौचालयको अभाव भएको ।

ग) वडा सचिव र वडा अध्यक्षको कार्यकक्ष माथिल्लो तल्लामा भएको ।

घ) वडाले सञ्चालन गर्ने विभिन्न योजना र कार्यक्रम पारदर्शी रुपमा नगरेको ।

ङ) वडाको गाउँटोल र बस्तीमा उपभोक्ता समितिमा पारदर्शीता नभएको ।

## सुधार गर्नुपर्ने पक्षहरु

क) सागुरो भवनमा भएकाले नयाँ भौतिक संरचना निर्माण गर्नुपर्ने ।

ख) सरसफाई सहितको काममा ध्यान दिनुपर्ने

ग) सामाजिक सुरक्षा भक्तालाई सरल, सहज र समयमा दिनुपर्ने ।

घ) नगरपालिकाले एक्कासी बढाएको करमा पुनरावालोकन गर्नुपर्ने ।

ङ) दलित बस्तिमा विषेश कार्यत्रम सञ्चालन गर्नुपर्ने

च) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा अन्तरकृया गर्नुपर्ने

छ) पुरानो जिर्ण बाटोहरु बन्ने क्रममा रहेकाले गुणस्तरमा ध्यान दिनुपर्ने

ज) खुल्ला दिशामुक्त क्षेत्रलाई कार्यान्वयन गर्नुपर्ने र प्रत्येकको घरमा सौचालय भएको हुनुपर्ने

### ५.७. रामधुनी नगरपालिका - ७ नम्बर वडा कार्यालय बक्लौरी

क) रामधुनी नगरपालिकाको ७ नम्बर वडा कार्यालय भाडाको घरमा रहेकाले समस्या भएको

ख) कार्यालय परिषर सानो भएकाले प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

ग) वडा सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समयसम्म नबसेकाले नियमित बस्नुपर्ने र बाहिर जानुपरेको खण्डमा सूचना राख्नुपर्नेमा नराखिएको ।

घ) वडाले सञ्चालन गर्ने विभिन्न योजना र कार्यक्रम पारदर्शी रुपमा गर्नुपर्ने ।

ङ) गाउँमा उपभोक्ता समितिमा पारदर्शीता र पूर्ण जनसहभागिता नभएको ।

च) नयाँ भौतिक संरचना निर्माण गर्नुपर्ने र छुट्टै वडा कार्यालय हुनुपर्ने ।

छ) सामाजिक सुरक्षा भक्ता, बृद्धभत्ता सरल सहज र समयमा निकासा दिनुपर्ने ।

ज) एक्कासी बढाएको करमा पुनरावालोकन गर्नुपर्ने

झ) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा नियमित अन्तरकृया गर्नुपर्ने आदि

### ५.८.रामधुनी नगरपालिका - ८ नम्बर वडा कार्यालय डुम्राहा

क) रामधुनी नगरपालिकाको ८ नम्बर वडा कार्यालय साविक डुम्राहा गाविस भवनमा रहेको र सानो कोठा रहेकाले समस्या भएको

ख) कार्यालय परिषरमा प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

ग) वडा अध्यक्ष कार्यालय समयसम्म नबसेकाले नियमित बस्नुपर्ने ।

घ) वडाले सञ्चालन गर्ने भौतिक पूर्वाधारको कार्यक्रम पारदर्शी रुपमा गर्नुपर्ने ।

ङ) गाउँमा उपभोक्ता समितिमा जनसहभागिता बढाउनुपर्ने ।

च) सुकुम्बासी तथा दलित बस्तिमा विषेश कार्यत्रम सञ्चालन गर्नुपर्ने

छ) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा नियमित अन्तरकृया गर्नुपर्ने

ज) पुरानो जिर्ण बाटोहरु बनेको र प्रत्येकको घरमा सौचालय भएको

झ) जनप्रतिनिधिहरु आएपछि विकाशको कामले गति लिएको

ञ) एकद्धार प्रणालीमा काम भएको छ ।

ट) वडा कार्यालयमा जनशक्ति बढाउनुपर्ने ।

ठ) सूचना पार्टीलाई अपडेट र प्रभावकारी बनाउनुपर्ने ।

ड) ग्रामिण सूचना केन्द्रलाई प्रभावकारी बनाउनुपर्ने ।

ढ) कर्मचारीहरुले कार्यालय पोशाक र परिचय पत्र नलगाएकोले लगाउनुपर्ने ।

ण) वडा कार्यालयले गर्ने काममा सूचनाको प्रवाह नभएकाले नागरिक सूचनाबाट बञ्चित भएको ।

त) कार्यालयमा सबैले देख्ने ठाउँमा नागरिक वडा पत्र र उजुरी पेटिका राख्नुपर्ने ।

थ) बढेको राजस्वमा पुनरावलोकन गर्नुपर्ने ।

द) चारकिला प्रमाणि सहित अन्य सेवा लिन धेरै कर तिर्नुपर्ने भएकाले त्यसमा पुर्नबिचार गर्नुपर्ने ।

**५.९.रामधुनी नगरपालिका - ९ नम्बर वडा कार्यालय मिर्चैया**

क) रामधुनी नगरपालिकाको ९ नम्बर वडा कार्यालय भाडाको घरमा रहेको

ख) कार्यालयको कोठाहरु सागुरो भएकाले सेवाग्राहीलाई सास्ती भएको

ग) भाडाको त्यसमा सानो परिषर भएकाले प्रतिक्षालय नभएको, खानेपानी र शौचालय नभएको

घ) प्राय: एउटै अनुहार र एउटै पार्टीका व्यक्तीहरुले बढी वडाको योजना र कार्यक्रममा अवसर पाएको

ङ) गाउँमा उपभोक्ता समितिमा पारदर्शीता र पूर्ण जनसहभागिता नभएको ।

च) नयाँ भौतिक संरचना निर्माण गर्दा होडिंग वोर्डहरु नराखेको ।

छ) सामाजिक सुरक्षा भत्ताको समयमा निकासा नदिएको ।

ज) नगरपालिकाले साविकको गाविस भन्दा कर बढाएको । यसमा करमा पुनरावालोकन गर्नुपर्ने माग उठेको

झ) सेवाग्राही नागरिक र जनप्रतिनिधि तथा कर्मचारी सहितको सरोबारबाला बीचमा नियमित अन्तरकृया गर्नुपर्ने सुझाव ।

ञ) यस वडाले सञ्चालन गर्ने विभिन्न काम, योजना र कार्यक्रम पारदर्शी रुपमा गर्नुपर्ने ।

ट) वडा सचिव, कर्मचारी र वडा अध्यक्ष कार्यालय समयसम्म नबसेकाले नियमित बस्नुपर्ने र बाहिर जानुपरेको खण्डमा सूचना राख्नुपर्ने सुझाव नागरिकले दिएको तर कार्यान्वय नभएको ।

ठ) महिला सदस्यहरुलाई निर्णय प्रकृयामा पूर्ण सहभागी नगराएको आदि

***५.१०. डुम्राहा स्वास्थ्य चैकी रामधुनी वडा नम्बर ८ को अवस्था***

- भौतिक पूर्वाधार भएको
- खानेपानीको समस्या भएको
- कुनै प्रकारको सेवा दस्तुर लिदैन ।
- जनशक्ति ठाउँ अनुसारको प्रयाप्त भएको
- स्वास्थ्यकर्मीले सेवाग्राहीसँग झर्केर कुरा गर्ने ।
- शौचालयको व्यवस्था सन्तोश जन नरहेको ।
- बिहान १० बजे खुल्ने ३ बजे बन्द हुनै आएकोमा हाल ४ बजेसम्म खुल्छ ।
- गर्मी महिनामा सेवा लिन बढि आउने ।
- प्रसुती सेवा दिने जनशक्ति भएपनि उपकरण र भवन प्रयाप्त नभएको ।
- यहाँ ८ जना कर्मचारी, स्वास्थ्यकर्मी रहेको र सबै सरकारी ड्रेस लगाएर नआउने गरेको ।
- स्वास्थ्य चौकीसम्म बाटोको व्यवस्था भएको ।
- प्रसुतिगृहको व्यवस्था नभएको ।
- तलब बाहेक अन्य सेवा सुबिधा नभएको भन्दै काममा ढिला सुस्ती गर्ने ।
- निशुल्क औषधी बेलाबखतमा अभाव भएको
- कर्मचारीहरु प्राय: मोवाईल खेलाएर बसेको
- सेवाग्राहीको गुनासो सुन्ने भन्दा आफनै धुनमा बढी रहेको
- सेवाग्राहीसंग मिलो बोली र मुस्कान सहितको सेवा नदिई आफ्नै शैलीमा गफिएर बसेको

## ५.११. आधारभुत स्वास्थ्य केन्द्र रामधुनी ९ मिर्चैया डुम्राहा

क) एक वर्ष अघि स्थापना भएको यस केन्द्रमा निजी स्तरका स्वास्थ्यकर्मीहरु भएको ।

ख) स्वास्थ्य केन्द्रको कार्यालय भाडाको घरमा रहेको ।

ग) यहाँका स्वास्थ्यकर्मीहरु सेवाग्राहीलाई सेवा दिएको

घ) गाउँका सेवाग्राही प्रति असल व्यवहार गरेको

ङ) आउने विरामीहरुलाई बस्ने प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

च) यहाँ भएको निशुल्क औषधी पनि समय समयमा अभान भएको भनी फर्कादिने गरेको ।

छ) सेवाग्राहीको सेवामा लागेको स्वास्थ्यकर्मी र कर्मचारीले स्केल बमोजिमको सुविधा नपाएको ।

झ) महिला स्वास्थ्य स्वयमसविकाको माध्यमबाट आएका सेवाग्राहीलाई पनि परिवार नियोजनका साधन दिनमा केही अल्छि मानेको ।

**यहाँ सुधार गर्नुपर्ने पक्षहरु :**

क) स्वास्थ्यकर्मीहरुको कामको निगरानी र अनुगमन बढाउनुपर्ने

ख) स्वास्थ्यकर्मीले पाएको पदिय जिम्मेबारी पूर्ण रुपमा निर्वाह गर्नुपर्ने ।

ग) सेवाग्राहीको पीरमर्का र गुनासो सुन्नुपर्ने त्यसको कार्यान्वयन गर्नुपर्ने ।

घ) गाउँका सेवाग्राही प्रति असल व्यवहार गर्नुपर्ने र मुस्कान सहितको सेवा दिनुपर्ने ।

ङ) भाडाको भवन भएपनि प्रतिक्षालय, खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने ।

च) भएको निशुल्क औषधी दिनुपर्ने र नभएको भनी कारण सहित चित बुझाएर सेवाग्राहीलाई पठाउनु पर्ने ।

छ) सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने ।

ज) स्वास्थ्यकर्मीलाई स्केल अनुसारको सुविधा दिनुपर्ने र

## ५.१२ स्वास्थ्य चौकी बकलौरी रामधुनी नपा ६ को अवस्था

क) रामधुनी नगरपालिकाको एक मात्रै साविक इलाका स्वास्थ्य चौकी( हाल १५ सैयाको अस्पतालमा स्तर उन्नती हुने भएको) र गाउँका स्थानीयलाई सेवा प्रभाव सही तरिकाले गरेको

ख) स्वास्थ्य चौकीको कार्यालय परिषरमा प्रसुति गृहको लागि भवन निर्माण भईरहेको र अन्य सेवाका लागि प्रयाप्त भवन र मैदान भएको

ग) खोप कार्यक्रम, सुरक्षीत गर्भपतन सोव, मातृ स्वास्थ्य कार्यक्रम प्रभावकारी भएको तर कहिले औषधी भने कुनै कुनै समयमा अभाव भएको

घ) प्रतिक्षालय सानो, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

ङ) गाउँमा खोप, गाउँघर क्लिनक सुरक्षति र व्यवस्वथीत गर्नुपर्नेमा गरेको ।

च) नयाँ भौतिक संरचना निर्माण भएपनि सम्पन्न नभएकाले प्रसुति गृह संचालन नभएको

छ) निशुल्क औषधी र जनशिक्तको तत्काल तालमेल सहति व्यवस्थापन गर्नुपर्ने

ज) स्वास्थ्य शिक्षा र सचेतनाका लागि दलित बस्तिमा विषेश कार्यत्रम सञ्चालन गर्नुपर्ने

झ) स्वास्थ्य सेवा प्रभावकारी भएपनि प्रचारप्रसारको अभाव रहेकाले त्यसमा ध्यान दिनुपर्ने

ञ) प्रमुख बाहेकका कर्मचारीहरुमा मोवाईल मोह बढी भएकाले त्यसमा नियमित अनुगमन र पृष्ठपोषण दिनुपर्ने

ट) निशुल्क स्वास्थ्य सेवा प्रभावकारी भएको सन्देश आम नागरिकमा फैलाउनुपर्ने

ठ) तत्काल स्वास्थ्य चौकीमा खानेपानीका लागि व्यवस्था मिलाउनुपर्ने

ड) अस्पतालमा स्तोरउन्नती गर्ने कार्यलाई तिव्र गतिमा अगाडी बढाउनुपर्ने

ढ) समुदायलाई स्वास्थ्य चौकी साझा सम्पती भएको सचेतना दिनुपर्ने आदि

**५.१२. झुम्का स्वास्थ्य चौकी रामधुनी १ ,**

क) इन्र्चाज स्वास्थ्य चौकीमा नबसेको र अन्य स्वास्सथ्यकर्मी समेत समयमा नबसेको

ख) स्वास्थ्य चौकीको कार्यालय भवन प्रयाप्त भएपनि सुरक्षा चुनौती रहेको

ग) यहाँ निशुल्क औषधी भने समय समयमा अभाव भएको

घ) प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।

ङ) जनशक्ति अभाव नभएपनि छिटोछरितो सेवा प्रभाकारी नभएको

च) निशुल्क औषधी प्रति नागरिकको जनविस्वाश कमी भएको

छ) स्वास्थ्य शिक्षा र सचेतनाका लागि दलित बस्तिमा विषेश कार्यत्रम सञ्चालन गर्नुपर्ने आदि

**५.१३. सिगिया स्वास्थ्य चौकी रामधुनी ३ सिगिया**

क) स्वास्सथ्यकर्मीहरु १० बजेदेखी ४ बजेसम्म समयमा नसेको

ख) स्वास्थ्य चौकीको कार्यालयमा जनशक्ति प्रयाप्त भएकोभएपनि जिम्मेबारी निर्वाहमा कम्जुस्याई गरेको
ग) यहाँका स्वास्थ्यकर्मीहरु सेवाग्राही भन्दा बढी गफमा र मोवाईलमा ध्यान केन्द्रित गरेको
घ) सेवाग्राही प्रति असल व्यवहार नगरी झर्कोफर्को गर्ने
ङ) विरामी वा कुर्वा प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।
च) भएको निशुल्क औषधी पनि नभएको भनी फर्कादिने गरेको गुनासो आएको

**५.१४. शहरी स्वास्थ्य केन्द्र रामधुनी २ कुम्याही झोडा**

क) गाउँमा भएर पनि स्वास्सथ्यकर्मीहरु दुई जना मात्रै रहेको र सेवा विहान १० बजेदेखी ४ बजेसम्म समय बस्नुपर्नेमा नियमित नबसेको
ख) शहरी स्वास्थ्य केन्द्रको कार्यालयमा जनशक्ति प्रयाप्त नभएको भएकापनि जिम्मेबारी निर्वाहमा कम्जुस्याई गरेको ।
ग) बच्चा सहित कार्यालयमा आउदाँ बच्चा खेलाउदै र मोवाईल चलाउदै दिन बिताउने गरेको ।
घ) महिला स्वास्थ्य स्वयमसविको सकृयता भएपनि स्वास्थ्य केन्द्रमा सेवाग्राहीलाई उपेक्षा गरेको ।

**५.१५. शहरी स्वास्थ्य केन्द्र रामधुनी ४ लालपुर सिगिया**

क) निजी स्तरका स्वास्थ्यकर्मीहरु भएकाले सेवाग्राहीलाई बेवास्ता गर्ने गरेको र विहान १० बजेदेखी दिउसो ४ बजेसम्म कार्यालय समयमा नबसेको ।
ख) स्वास्थ्य केन्द्रको कार्यालय वडावडामा भएपनि उनीहरुले पाएको जिम्मेबारी पूर्ण रुपमा निर्वाह नगरेको ।
ग) यहाँका स्वास्थ्यकर्मीहरु सेवाग्राही भन्दा बढी आफ्नै धुनमा गफमा र मोवाईलमा व्यस्त बनेको ।
घ) गाउँका सेवाग्राही प्रति असल व्यवहार नगरी झर्कोफर्को गर्ने गरेको ।
ङ) आउने विरामीहरुलाई बस्ने प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।
च) यहाँ भएको निशुल्क औषधी पनि नभएको भनी फर्कादिने गरेको ।
छ) सेवाग्राहीको सेवा भन्दा आफ्नै समस्यामा बढी ध्यान दिएको ।
झ) महिला स्वास्थ्य स्वयमसविको माध्यमबाट आएका सेवाग्राहीलाई पनि परिवार नियोजनका साधन दिनमा अल्छि मानेको ।
ञ) स्वास्थ्यकर्मीको बोलीमा मिठासपन हुनुपर्नेमा जागिरे मानसिकताबाट प्रेरित भएको ।

**यहाँ सुधार गर्नुपर्ने पक्षहरु :**

क) स्वास्थ्यकर्मीहरुको कामको निगरानी र अनुगमन बढाउनुपर्ने र विहान १० बजेदेखी दिउसो ४ बजेसम्म कार्यालय समयमा स्वास्थ्यकर्मी बस्नुपर्ने बतावरण बताउनुपर्ने ।
ख) स्वास्थ्यकर्मीले पाएको पदिय जिम्मेबारी पूर्ण रुपमा निर्वाह गर्नुपर्ने ।
ग) सेवाग्राहीको पीरमर्का र गुनासो सुन्नुपर्ने ।
घ) गाउँका सेवाग्राही प्रति असल व्यवहार गर्नुपर्ने र मुस्कान सहितको सेवा दिनुपर्ने ।
ङ) भाडाको भवन भएपनि प्रतिक्षालय, खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने ।
च) भएको निशुल्क औषधी दिनुपर्ने र नभएको भनी कारण सहित चित बुझाएर पठाउनु पर्ने ।
छ) सेवाग्राहीको सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने ।
झ) परिवार नियोजनका साधन सुरक्षीत र गोप्य दिने बवतावरण निर्माण गर्नुपर्ने
ञ) स्वास्थ्यकर्मीको बोलीमा मिठासपन हुनुपर्ने
ट) आफ्नै भवनमा बनाउन तर्फ ध्यान दिनुपर्ने
ठ) सेवा नै धर्म हो भन्ने भावनाबाट स्वास्थ्यकर्मीहरु प्ररित हुनुपर्ने
ड) स्वास्थ्यकर्मीहरुले पारिश्रमीक कम भएको गुनासो गरेकाले समयानुकुल परिमार्जन गर्दै लानुपर्ने ।

**५.१६. शहरी स्वास्थ्य केन्द्र झुम्का रामधुनी ५**

क) सधै स्वास्थ्य केन्द्र विहान १० बजेदेखी खुलेपनि दिउसो ४ बजेसम्म वा कार्यालय समयमा नबसेको
ख) स्वास्थ्य केन्द्रको कार्यालय वडावडामा भएपनि उनीहरुले पाएको जिम्मेबारी पूर्ण रुपमा निर्वाह नगरेको
ग) यहाँका स्वास्थ्यकर्मीहरु सेवाग्राही भन्दा बढी आफ्नै धुनमा गफमा र मोवाईलमा व्यस्त बनेको
घ) गाउँका सेवाग्राही प्रति असल व्यवहार नगरी झर्कोफर्को गर्ने गरेको

ङ) आउने विरामीहरुलाई बस्ने प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको ।
च) यहाँ भएको निशुल्क औषधी पनि नभएको भनी फर्काइदिने गरेको
छ) सेवाग्राहीको सेवा भन्दा आफ्नै समस्यामा बढी ध्यान दिएको
झ) महिला स्वास्थ्य स्वयमसविको माध्यमबाट आएका सेवाग्राहीलाई पनि परिवार नियोजनका साधन दिनमा अल्छि मानेको
ञ) स्वास्थ्यकर्मीको बोलीमा मिठासपन हुनुपर्नेमा जागिरे मानसिकताबाट प्रेरित भएको

**५.१७. रामधुनी कृषि सेवा शाखा झुम्का**

क) कृषि प्राविधिक कार्यालयमा नभेटेको र कार्यालय समयमा नबसेको
ख) कृषि शाखा तथा सेवा केन्द्रको कार्यालयमा जनशक्ति प्रयाप्त नभएको
ग) यहाँ कृषिको कुनै पनि सेवा छिटो छरितो नपाएको र सहज रुपमा नभएको
घ) सागुरो कोठामा कार्यालय भएको अनि प्रतिक्षालय, खानेपानी र शौचालयको व्यवस्थ नभएको।
ङ) निशुल्क परामर्श सेवा, कृषिका लागि औषधी वितरण नभएको ।
च) सरकारी सेवाहरु शाखाले जनशिक्त अभाव भन्दै नदिएको ।
छ) कृषिको बारेमा सामान्य कुरा सोध्न समेत अझै बाहिर धाउनुपर्ने ।
ज) तत्काल व्यवस्थापन गर्नुपर्ने आदी ।

**५.१८. रामधुनी पशु सेवा । शाखा केन्द्र झुम्का**

क) यहाँ एक जना प्रमुख र अर्का पशु प्राविधिक गरि दुई जना मात्रै भएको त्यो पनि कहिले एक वडा त कहिले अर्को वडा कार्यालयमा जाने भएकाले पशु कृषकलाई नभेटेको अवस्था रहेको छ ।
ख) पशु शाखा तथा सेवा केन्द्रको आफ्नै कार्यालय नभएको औजार र उपकरण समेत नभएको
ग) सागुरो कोठा भएकाले प्रतिक्षालय, खानेपानी र शौचालय प्रयाप्त नभएको
घ) पशु किसानका लागि आएको कार्यक्रमहरुको प्रचारप्रसार नभएको
ङ) साविक झुम्का पशु सेवा केन्द्रकै रवैया नगरपालिकाको शाखा बन्दा समेत उही रहेको
च) पशुको लागि निशुल्क परामर्श सेवा, अनुदानका विषयमा जानकारी किसानलाई नदिएको
छ) पशु कृषकको समस्याका बारेमा सुन्ने कोही पनि नभएको
ज) जनशक्तिको कारण देखाउदै भएकाहरुले पनि नियमित काम नगरेको
झ) पशु कृषकका लागि बन्ध्याकरण, गोवर जाचा लगायतको सेवा पनि नदिएको

**यहाँ तत्काल सुधार गर्नुपर्ने र व्यवस्थापन गर्नुपर्ने विषयहरु**

क) पशु प्राविधिक एक जना कम्तीमा कार्यालयमा बस्नुपर्ने
ख) पशु शाखा तथा सेवा केन्द्रको कार्यालयमा जनशक्ति बढाउनुपर्ने
ग) कहिकतै जानुपरेको खण्डमा सूचना पार्टीमा खुलाएर जानुपर्ने
घ) कार्यालय भवनको व्यवस्था गर्नुपर्ने र प्रतिक्षालय, खानेपानी र शौचालयको व्यवस्थ गर्नुपर्ने ।
ङ) निशुल्क परामर्श सेवा, पशुका खोपका लागि औषधी वितरण गर्नुपर्ने
च) सरकारी सेवाहरु प्रभावकारीताका लागि शाखामा जनशिक्त थप्नुपर्ने
छ) किसानको समस्या सुनाउन बाहिर धाउनुपर्ने अवस्थालाई अन्त्य गर्नुपर्ने
ज) पशु विमालाई प्रभावकारी गर्नुपर्ने र यसबारेमा पशुपालक किसानलाई जानकारी दिनुपर्ने
झ) पशुपालक कृषकहरुलाई अनुदानको व्यवस्था गर्नुपर्ने
ञ) किसानलाई समयसमयमा पशु पालन सम्बन्धी तालिम दिनुपर्ने
ट) पशु प्राविधिक मात्रै भएकाले डाक्टरको समेत दरबन्दीको व्यवस्था गर्नुपर्ने
ठ) योजना कार्यक्रम र उपकरणको उपलब्धता हुनुपर्ने ।
ड) पशु बन्ध्याकरण, गोबर परिक्षण, माईनर सर्जिकल, पशुको लागि छुटै ल्यावको व्यवस्था गर्नुपर्ने ।
ढ) वर्तमान अवस्थामा उपलब्ध श्रोत साधनको प्रयोग गरी खोप कार्यक्रम, बिउ वितरण र नियमित कार्यक्रम चलिरहेकोमा यसलाई स्तोरोन्नती गर्नुपर्ने ।

**५.१९. रामधुनी शिक्षा शाखा झुम्का( सबै सामुदायिक तथा निजी विद्यालयहरु र शैक्षिक संस्थाहरु)**

५.१९.१ श्री पञ्चाय आधारभुत विद्यालय रामधुनी ६ , विधार्थी : १५६ , शिक्षक कर्मचारी : १०,

**सकारात्मक पक्षहरु :**

क) यस विद्यालयमा नरसरी देखी कक्षा १ सम्म अग्रेंजी माध्यममा पढाइ भएको
ख) विद्यालय १० देखी ४ बजे सम्म खुलेको ।
ग) अत्तिरिक्त क्रियाकलापहरु समयसमयमा भएको ।
घ) बालमैत्री खानेपानी ट्याँकी भएको ।
ङ) छात्र र छात्रा शौचालयको व्यवस्थापन भएको ।
च) फुलवारी र सरसफाईमा ध्यान दिएको ।
छ) अभिभावक, प्र.अ. र शिक्षक बीचमा छलफल र बैठक भएको ।
ज) विद्यालयको विकासमा सबैले समन्वय, सहकार्य र सहमतीमा काम गरेको ।
झ) पाठ्यपुस्तक र छात्रवृति समयमा वितरण भएको
ञ) पंखा प्रत्येक कक्षा कोठामा रहेको ।
ट) पोशाक पनि विद्यार्थीलाई दिएको ।
ठ) भौतिक पूर्वाधार विधार्थीको आधारमा रहेको ।

**विद्यालयको हाल रहेको अवस्था :**

क) यस विद्यालयमा शौचालयको सरसफाईमा कमी रहेको
ख) १० देखी ४ बजे सम्म कक्षा संचालन भएपनि पढाई नियमित नभएको ।
ग) अत्तिरिक्त क्रियाकलाप नियमित नभएको ।
घ) पानी ट्याँकी भएको तर प्रयाप्त नभएको ।
ङ) छात्रा शौचालयको व्यवस्थापन प्रभावकारी नभएको ।
च) विषयगत दरबन्दी अनुसारको शिक्षक अभाव रहेको ।
छ) प्र.अ. र शिक्षक विद्यालयमा नियमित नबसेको ।
ज) विधार्थीहरु नियमित नआउने ।
झ) सामाजिक परीक्षण नभएको
ञ) खाजा कार्यक्रमलाई प्रभावकारी नबनाएको ।
ट) विद्यार्थीहरु शिक्षक सामु बोल्न हिचकिचाउनु र डराएको अवस्थाले शिक्षण सिकाई उपलब्धीमा चुनौती देखिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

क) पानी, सरसफाई सहित शौचालयको उपयुक्त व्यवस्थापन गर्नुपर्ने
ख) विद्यालयमा कम्प्युटर शिक्षाको व्यवस्था गर्नुपर्ने ।
ग) समय समयमा अभिभावक भेला बोलाउनुपर्ने ।
घ) राम्रो कार्य गर्ने शिक्षकलाई पुरस्कृत र नराम्रो गर्ने शिक्षकलाई दण्डित गर्नुपर्ने
ङ) विद्यालय अनुगमनलाई नियमित र प्रभावकारी बनाउनुपर्ने ।
च) शिक्षक विद्यार्थीको उपस्थिती न्युन हुनु र भएको उपस्थितीमा नियमितता नएकाले प्रोत्साहन र दण्डको अभ्यास सुरु गर्नुपर्ने
छ) अर्को नयाँ भवन निर्माण गर्नुपर्ने
ज) छात्रा शौचालयमा साबुन पानी, सफाई र स्यान्टरी प्याडको व्यवस्था गर्नुपर्ने ।
झ) बालबालिकाको हितमा काम गर्नुपर्ने
ञ) बालमैत्रीलाई नारामा नभई सार्थक कार्यान्वयन गर्नुपर्ने

**५.१९.२ तेह्र बालबालिका आधारभुत विद्यालय रामधुनी ६,** विधार्थी : २८५ , शिक्षक कर्मचारी दरवन्दीमा : ३ र नीजीमा १० तथा सहयोगी १ गरि १४ जना,

**यस विद्यालयमा देखिएको सकारात्मक पक्षहरु :**

क) कम दरबन्दी भएपनि उदाहरणीय पढाई भएको

ख) विद्यालयमा कक्षा नरसरी शिशु देखी सात कक्षासम्म पूर्ण रुपमा अग्रेंजी माध्यममा पढाई नियमित भएको
ग) विद्यार्थीमा अनुशासनको पूर्ण पालना भएको र अतिरिक्त क्रियाकलाप नियमित भएको
घ) सबै अग्रेंजी माध्यमको बिषयबस्तु र नीजि विद्यालयको भन्दा राम्रो भएको
ङ) प्र.अ., शिक्षक र विद्यार्थी विद्यालयमा नियमित समयमा आउने गरेको
च) बालबालिकाका लागि आएको दिवा खाजाको रकमले नीजि स्रोतका शिक्षकलाई पारिश्रमीक दिएको ।
छ) बिद्यार्थीहरुलाई अभिभावकले नै टिफिन समयमा खाजा ल्याउने गरेको ।
ज) भौतिक पूर्वाधार विद्यार्थी संख्याको आधारमा भएपनि कक्षा अनुसारको अभाव भएको ।
झ) विद्यालयमा खेलकुद समाग्री भएको, बिषयगत शिक्षकले गृहकार्य परिक्षण र पृष्टपोषण दिने गरेको ।
ञ) विद्यालय शान्ति क्षेत्रको अवधारणा अनुसारको काम भएको ।
ट) परीक्षामा अग्रेंजी माध्यमको छुट्टै प्रश्नपत्र निर्माण गरेको ।
ठ) विधार्थी ओसार्न एउटा वसको व्यवस्था भएको
ड) छात्रा सौचालय सावुनपानी, स्यानटरी प्याड सहितको व्यवस्था भएको ।
ढ) छात्राका लागि क्रिकेट, फुटबल, भलिवल र व्याडमिन्टनको व्यवस्था।
ण) विद्यालयमा शिष्ट भाषाको प्रयोग, नियमित सास्कृतिक कार्यक्रम भएको ।
त) सहयोगी संस्थाहरुको सहयोगमा चार कोठे भवन निर्माण भईरहेको

**यस विद्यालयमा देखिएको सुधारका पक्षहरु :**

**क) थप शिक्षकको व्यवस्था र भौतिक पूर्वाधारका लागि ध्यान दिनुपर्ने**
ख) विद्यार्थीको अनुपातमा शिक्षकको कमि रहेकाले शिक्षकको व्यवस्था गर्नुपर्ने ।
ग) अग्रेंजी माध्यमको लागि आकर्षण भएकाले विद्यालयलाई मावि तहसम्म्म विस्तार गर्नुपर्ने ।
घ) शिक्षकहरुलाई विद्यालय पोशाकको अनुदानमा व्यवस्था गर्नुपर्ने ।
ङ) आईसिटीको व्यवस्था गर्नुपर्ने, अत्तिरिक्त क्रियाकलापलाई नियमित र पुरस्कारको व्यवस्था गर्नुपर्ने
च) यहाँ घेराबेराको व्यवस्था व्यवस्था गर्नुपर्ने ।
छ) बिद्यालयमा छात्रा विद्यार्थीहरुका लागि छुटै खेलकुद समाग्रीको व्यवस्था हुनुपर्ने ।
ज) समयसमयमा अन्तर विद्यालय स्तरीय प्रतियोगिता गर्नुपर्ने
झ) शिक्षक अभिभावक, प्र.अ. बिचमा मासिक छलफल र अन्तरक्रियालाई निरन्तर गर्नुपर्ने ।
ञ) खेलकुद मैदानको लागि पअहल गर्नुपर्ने
ट) विद्यालयमा क्याटिनको व्यवस्था नहुँदा टिफिन नल्याउने बिद्यार्थीलाई बाहिर भित्र आउजाउँ गर्ने र अरु कक्षाको पढाई प्रभावित हुने भएकाले सुधार गर्नुपर्ने

**५.१९.३ श्री राम जानकी आधारभुत विद्युालय रामधुनी वडा नं.२ शिक्षक कर्मचारी दुई जना (कक्षा.५) (२१जना बिद्यार्थी)**

**विद्यालयको साकारात्मक पक्षहरु :**

- शिक्षकहरु नियमित भएको
- विद्यार्थीको आधारमा भौतिक पूर्वाधार अहिले राम्रो भएको
- पाठ्यपुस्तक समयमा वितरण भएको
- विधार्थी शिक्षक नियमित उपस्थित भएको
- विद्यालय पोशाकलाई अनिवार्यग गरिएको
- विधार्थीको लागि दिवा खाजाको व्यवस्था रहेको

**विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु :**

- बालबालिकाका लागि खेलकुदको सामाग्री अभाव रहेकाले पुर्ती गर्नुपर्ने ।
- बालबालिकाका लागि कुनै पनि पुस्तकालयको व्यवस्था नभएकाले गर्नुपर्ने ।
- शिक्षकको अभाव भएकाले पुर्ती गर्नुपर्ने
- प्रयाप्त खेल्ने ठाउँको ब्यबस्था नभएकाले त्यसमा ध्यान दिनुपर्ने ।

- विद्यालयमा हाजिरि पुस्तीकामा जती विद्यार्थी विद्यालयमा नदेखिएकाले घरदैलौ गर्नुपर्ने ।
- शौचालयमा पानी र साबुनको व्यवस्था नभएकाले फोहोर देखिएकाले सफाईमा ध्यान दिनुपर्ने
- विद्यालयमा आधारभुत सामाग्रीको व्यबस्था गर्नुपर्ने ।

**५.१९.४ श्री शिवनगर माध्यामिक विध्यालय, रामधुनी २ (शिशुदेखी कक्षा.१०) (विधार्थी १७४ जना, शिक्षक कर्मचारी १६ जना)**

**विद्यालयको साकारात्मक पक्षहरु :**

- भौतिक पूर्वाधार अहिले राम्रो भएको
- कक्षा ५ सम्म खाजा कार्यक्रम भएको
- छात्रवृति र पाठ्यपुस्तक समयमा वितरण भएको
- विधार्थी शिक्षक नियमित उपस्थित भएको
- विद्यालय पोशाकलाई निवार्यग गरिएको
- विधार्थीको सिकाई उपल्बधीका लागि काम भएको
- कम्पुटरको व्यवस्था भएको

**विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु :**

- विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने
- मावि तहमा शिक्षकको तत्काल व्यवस्था गर्नुपर्ने
- बालबालिकाका लागि खेलकुदको सामाग्री अभाव रहेकाले पुर्ती गर्नुपर्ने ।
- खेलकुदको सामाग्रीको उपलब्ध गराउनुपर्ने ।
- खाजाघरको ब्यबस्था गर्नुपर्ने ।
- डस्टर, कुचो बिद्यार्थी आफैले उपलब्ध गराउनुपर्ने भएकाले यसमा मसल्दको रकमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- लाइब्रेरीको व्यवस्था गर्नुपर्ने ।
- खाने पानी सफा व्यवस्थीत नभएको , ट्याङकीको पानीखानु पर्ने र स्वक्ष नभएकाले यसमा ध्यान दिनुपर्ने ।
- शौचालयमा साबुन, पानी र स्यानटरी प्याडको व्यबस्था नभएकाले ध्यान दिनुपर्ने ।
- छात्रावतीको रकम समयमा वितरण निकासको कारणले नभएकाले सुधार गर्नुपर्ने ।

**५.१९.५ भासी माध्यामिक विद्यालय रामधुनी बडा न.१ (विद्यार्थी सख्ंया :६५५ ) (शिक्षक कर्मचारी:२६ जना )**

**यस विद्यालयको साकारात्मक पक्षहरु :**

- भरतीय दुताबासको सहयोगमा निर्माण भएको भवनले कक्षाको भौतिक पूर्वाधार राम्रो भएको
- समयमा छात्रवृति र पाठ्यपुस्तक वितरण भएको
- विधार्थी र शिक्षक नियमित उपस्थित भएको
- विद्यालय पोशाकलाई अनिवार्यग गरिएको
- विधार्थीको सिकाई उपल्बधीका लागि गृहकार्य दिने काम भएको
- केही विधार्थीका लागि प्राकटिकल देखाउन कम्पुटरको व्यवस्था भएको
- विद्यालय व्यवस्थापन समिति सकृय रुपमा काम गरेको
- शिक्षक र प्रअको बीचमा सम्बन्ध राम्रो भएको

**विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु :**

- घेराबेराको अभाव भएको
- खाजाघरको व्यबस्था छैन।
- शिक्षकले ड्रेस खुल्नेगरी लुगा लगाउनुपर्ने
- लाइवेरीको व्यबस्था छैन।
- खाने पानीको व्यवस्था छैंन।
- पंखा,डस्बिनको व्यबस्था छैन, बिद्द्यार्थी आफैले उपलब्ध गराउनु पर्ने।
- कक्षा कोठा पर्याप्त छैन।
- बस भएतापनि संचालन नगरेको
- पालेको बिद्द्यार्थी लाई र शिक्षकलाई गर्ने व्यवहार फरक फरक हुन्छ।
- प्रयाप्त शिक्षक नभएको।
- शौचालयको व्यबस्था राम्रो छैन साबुन, पानीको व्यबस्था छैन।
- खेल्ने ठाउँको व्यवस्था छैन।
- खेलकुदको सामाग्रीको व्यवस्था नभएको।

**५.१९.६ श्री शनिश्चरे मा.बि विधालय ,रामधुनि ८ विधार्थी सख्या जम्मा (२९०),शिक्षक (१५)**
**यहाँका सरकारात्मक पक्षहरु :**

- विधालय अनुगमन गर्ने गरेको ।
- पाठ्यपुस्तक समयमै वितरण गरेको ।
- यहाँका ४ वटा शौचालय साबुन भएको ।
- विद्यालयमा खानेपानीका लागि धारा भएको ।
- छात्रावृत्ति समयमै वितरण गर्ने गरेको ।
- अविभावक भेला आवश्यक परेको बेला गर्ने गरेको ।
- यहाँ १०:२५ देखि कक्षा सरु भई ४५ मिनेट टिफन ३:२५ मा छुटि दिने गरेको

**यहाँ सुधार गर्नुपर्ने पक्षहरु :**

- विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने
- क्यान्टिनको व्यवस्था भित्रै गर्नुपर्ने ।
- नपाबाट आवश्क परेको बेला मागे अनुसारको सुविधान नपाएकाले त्यसमा सुधार गर्नुपर्ने ।
- शैक्षिक समाग्री, खेलकुद सामाग्री, विज्ञानका सामाग्रीहरुको आवश्यक रहेको ।
- लाइब्रेरी नभएको अति आवश्यक भएकाले व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा प्रा.बि १, निमावि २, माविको ५ शिक्षक,कर्मचारी १ दरबन्दी थप आवश्यक भएको
- अविभावक जागरुक सन्तोषजनक नभएकाले अभियानलाई जागरुक बनाउनुपर्ने ।
- भौतिक पुर्वाधार भुकम्पले विगारेकाले धेरै समस्या भएको ।
- दलित विधार्थी १० प्रतिशत जति आउने गरेको र अरु विचैका कक्षा छाड्ने समस्या रहेको ।
- एनजियोहरुको कार्यक्रमका कारणले पढाईमा समस्या भएकाले कक्षा सञ्चालनको बेला कार्यक्रम बन्द गर्नुपर्ने
- शौचालयमा बति छैन अध्यारो छ

- कक्षा कोठाको सरसफाई विधार्थी आफैले गर्नुपर्ने भएको छ ।
- सबै कक्षामा पखांको व्यवस्था नभएको ।
- डसविनको आवश्यक भएको ।
- प्राय कार्यक्रमहरु भइरहने भएकोले पढाइमा असर गरेको ,कात्तिक महिनामा बढिनै तालिहरु भएको ।
- खेलकुदको सामाग्री र अतिरिक्त कार्यक्रम गर्नुपर्ने ।

**५.१९.७ जनता मा.वि सिंगिया रामधुनी ३, शिक्षक संख्या ३६, विद्यार्थी संख्या १००५**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. कक्षा ९ देखी सिभिल इन्जिनियरको पठन पाठन सुरु भएको
२. सामाजिक परीक्षण कार्यक्रम अभिभावक भेला बोलाई गरेको
३. बिभिन्न छात्रबृतिको रकम र पाठ्यपुस्तक समयमा बितरण भएको
४. विद्यार्थीको अनुपातमा पूर्वाधारमा ३९ कोठाको भवन रहेको र थप चार कोठा निर्माण भएको ।
५.वौद्धिक अपागंता भएको विद्यार्थीका लागि श्रोत कक्षा सञ्चालन भएको ।
६.टिफिनमा समेत गेट बन्द गरी भित्र चमेना गृहको व्यवस्था भएको ।
७. कोरोनको जोखिममा दुई सिफ्टमा पठनपाठन भएको र पाठनोटको आधारमा पठनपाठन गरेको ।
८. गृहकार्य नियमित दिने र परिक्षण गर्ने परिपाटी बसेको ।
९.अत्तिरित्त क्रियाकलापहरु नियमित भएको ।
१०.शिक्षक विद्यार्थी , अभिभावक र प्रधानाध्यापकको बीचमा नियमति छलफल भएको ।
११.कक्षा ८ को एउटा कक्षा नमूनाको रुपमा पूर्ण अग्रेजी माध्यममा पठनपाठन भईरहेको ।
१२.विज्ञान प्रयोगशालाको व्यवस्था भएको
१३. पुस्तकालय र आईसिटीको व्यवस्था भएको
१४.जडिबुटी सहित फुलबारीको व्यवस्था गरेको
१५.समुदाय र विद्यालयको बीचको सम्बन्ध राम्रो भएको

**सुधार्नुपर्ने पक्षहरु**

१ प्राविधिकधारको कक्षा ९ र १० अनि शिशु देखी कक्षा १२ सम्ममा एकै पटक पढाउनुपर्दा तत्काल ५ एउटा प्रयोगशाला कक्षा कोठाको ब्यवस्था गर्नुपर्ने ।
२. शिक्षक दरवन्दी मिलान भएपनि विषयगत शिक्षकको अभाव भएकाले त्यसका लागि पहल गर्नुपर्ने ।
३. विद्यालयमा निर्माणको कार्यमा पार्दिशता र शैक्षिक गुणस्तरको लागि ब्यवस्थापन पक्षले ध्यान दिनुपर्ने ।
४. नियमित अनुगमन नहुदाँ शिक्षकहरु पूर्ण जिम्मेवारमा कमी भएकाले ध्यान दिनुपर्ने ।
५. विद्यालय व्यवस्थापन समिति निर्माणमा ध्यान दिनुपर्ने
६.विद्याथीहरुलाई नैतिक र अनुशासन सम्वन्धी शिक्षा अनिवार्य दिनुपर्ने ।
७. तल्लो कक्षामा विद्यार्थी नियमितता कम भएकाले विद्यार्थीको घरदैलोमा शिक्षक पुग्नुपर्ने ।
८. एकैपटक धेरै शिक्षक बिदा बस्ने परिपार्टीलाई निरुत्साहित गर्नुपर्ने ।
९. विद्यालयमा निकासा ढिलो हुने भएकाले यसमा ध्यान दिनुपर्ने ।
१०.प्राविधिकधारलाई ब्यवस्थित गर्न सम्वन्य सहकार्य र साझेदारीको अवधारणालाई अम्वलन गर्नुपर्ने ।
११. विद्यालयको आन्तिरक समस्या आफैभित्र समवन्य गरी सामाधान गर्नुपर्ने ।
१२. शिक्षामा दण्ड र पुरस्कारको रणनीति अवम्लन गर्नुपर्ने ।
१३.शिक्षकका लागि छुट्टै सौचालयको व्यवस्था गर्नुपर्ने ।
१४. थप फर्नीचरको व्यवस्था गर्नुपर्ने
१५. प्राविधिकधार तर्फका विधार्थीका लागि बस वा सवारीको व्यवस्था गर्नुपर्ने
१६, थप फुलबारीका लागि र अतिरिक्त कृयाकलापका लागि ध्यान दिनुपर्ने

**विद्यालयमा क्रियाशिल र सहयोग गर्ने संस्थाहरु**

१.रामधुनी नगरपालिकाको कार्यालय

२.रोटरी क्लव
३ लायन्स क्लव

**५.१९.८ श्री शेहरा आधारभुत विधालय,रामधुनी ८,**

**कक्षा शिशु देखी ५ सम्म विधार्थी सख्या (१२५) शिक्षक कर्मचारी ७ जना)**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१.विद्यालय सुधार योजना निर्माण गरि सञ्चालन भएको ।
२.समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गरेको ।
३. पाठ्यपुस्तक र बिभिन्न छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
४.विद्यार्थीको अनुपातमा पूर्वाधारमा ९ कोठाको भवन रहेको ।
५.खाजा कार्यक्रम सञ्चालन भएको र नियमित खाजा खुवाएको ।
६. विधार्थीलाई गृहकार्य दिने र परीक्षण गर्ने ब्यवस्था भएको ।
७. शिक्षकहरुले पाठनोटको आधारमा खेलाउदै पठनपाठन गरेको ।
८. अत्तिरित्त क्रियाकलापहरु नियमित भएको ।
९. शिक्षक र विधार्थी नियमित भएको

**सुधार्नुपर्ने पक्षहरु**

- विद्यालय व्यवस्थापन समिति तत्काल गठन गर्नुपर्ने
- विद्यालयमा शिक्षकहरु मोवाईल खेलाएर बसेको पाइएकाले अनुगमन गर्नुपर्ने
- विधार्थीलाई वितरण गरेको छात्रवृति, पुस्तकको बारेमा छड्के अनुगमन गर्नुपर्ने
- विधार्थीको संख्याको आधारमा शिक्षक र भौतिक पूर्वाधार भएपनि शैक्षिक गुणस्तर खस्केकाले बढाउनुपर्ने
- अभिभावक, प्रअ र शिक्षकहरुको बीचमा समन्वय र सहकार्य गर्नुपर्ने
- खेलकुदको सामाग्रीको व्यवस्था मिलाउनुपर्ने ।
- गर्मीमा पंखाँको व्यवस्था मिलाउनुपर्ने ।
- बालमैत्री नगरलाई सार्थक पार्न कक्षाकोठा बालमैत्री बनाउनुपर्ने ।
- शौचालय रहेको तर सरसफाईको व्यवस्था राम्रो नभएकाले सुधार गर्नुपर्ने
- सौचालयमा हातधुने साबुन र पानीको व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालय र सौचालय दुवै सरसफाईमा कमी रहेकाले नियमित सरसफाई गर्नुपर्ने ।
- खानेपानीको पनि सुबिधा बढाउनुपर्ने
- शैक्षिक उपलब्धीका लागि समयसमयमा घरदैलौ कार्यक्रम गर्नुपर्ने
- अभिभावक शिक्षा दिनुपर्ने

**५.१९.९श्री ठुलो मोहर आधारभुत विद्यालय, रामधुनी ८**

**कक्षा शिशु देखी ५ सम्म, शिक्षक ३ जना सबै निजीमा विधार्थी सख्या (५९)**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. नयाँ विधालय तर भौतिक पूर्वाधार राम्रो रहेको
२. भर्ना अभियान बन्दाबन्दी पछि पनि सञ्चालन भएको ।
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. बिभिन्न छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गर्ने गरेको ।
६.जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७. विधार्थीको संख्याको आधारमा शिक्षक भएपनि एउटै कोटामा दुई । दुई वटा कक्षा पठाउनुपर्ने बाध्यता रहेको र कक्षा चलाएको

८. शिक्षक र कर्मचारीहरुको बीचमा समन्वय राम्रो भएको
९. खेलकुदको सामाग्री भएको ।

**सुधार्नुपर्ने पक्षहरु**

- कक्षा ५ वटा जनशक्ति ३ जना मात्रै भएकाले जनशक्तिको व्यवस्था गर्नुपर्ने
- भौतिक संरचना राम्रो भएपनि व्यवस्थित नभएकाले व्यवस्थित बनाउनुपर्ने ।
- एउटा शौचालय रहेको तर सरसफाईको व्यवस्था नभएकाले गर्नुपर्ने ।
- सौचालय गएपछि हातधुने साबुन र पानी नभएकाले व्यवस्था गर्नुपर्ने ।
- विद्यालय र सौचालय दुवै सरसफाईमा कमी रहेकाले ध्यान दिनुपर्ने ।
- खानेपानीको पनि सुबिधा प्रयाप्त नभएको सुधार गर्नुपर्ने ।
- शिक्षकहरु बेलामा आउने तर मोवाईल खेलाएर बस्ने गरेकाले अनुगमन बढाउनुपर्ने ।
- शिक्षकले लठीको प्रयोग गरेकाले बालमैत्री विद्यालयमा चुनौती देखिएकाले ध्यान दिनुपर्ने
- बालमैत्री नगर बनाउन तयारी भएको तर कल बालमैत्री नभएकाले सुधार खाचो
- कक्षा कोठामा बालमैत्री संरचना र सामग्रीको अभाव भएकाले व्यवस्थापन गर्नुपर्ने
- सरकारी सुविधा नभएकाले शिक्षकहरुले विद्यालयको शिक्षक पोशाकमा नआएकाले पोशाकका लागि पहल गर्नुपर्ने ।
- शौचालयमा साबुन,पानी नभएको र महिला पुरुष भनेर नछुटियाको, प्यानमा बालुवा भरेकाले सफाईमा ध्यान दिनुपर्ने ।
- बाल मैत्री धाराहरु नभएको एउटा कल भएकोले पानीको समस्या भएको ।
- शिक्षकलाई आफै बस्ने कुर्सी नभएकाले तत्काल कुर्सीको व्यवस्था गर्नुपर्ने ।
- कार्यालय र कक्षा कोठा नै छुट्उन समस्या रहेकाले त्यसमा सुधार गर्नुपर्ने
- सामाजिक परीक्षण नगरेकाले गर्ने वतावरण निर्माण गर्नुपर्ने

**५.१९.१० श्री आर्दश माध्यमिक विद्यालय,बक्लौरी रामधुनी ६,**
**कक्षा शिशु देखी -१२ सम्म विधार्थी सख्या (६८१), शिक्षक कर्मचारी सहित २४ जना**

- विद्यालयमा शिक्षक, विद्यार्थी नियमित भएको
- विधार्थी संख्याको आधारमा भौतिक पूर्वाधार रहेको
- नियमित रुपमा विधार्थीको उपस्थितीका लागि दुई पटक हाजिरि गर्ने गरेको
- विद्यालय समयमा खुल्ने र बन्द हुने गरेको
- विधार्थीलाई गृहकार्य दिने र परीक्षण गर्ने परिपाटी भएको
- सिसी क्यामेराको व्यवस्था भएको
- विद्यालय व्यवस्थापन समिति गठन भएको र नियमित रहेको
- धारापानीको व्यवस्था भएको
- छात्रछात्राका लागि सौचालयको व्यवस्था भएको
- विद्यार्थीको अनुपस्थिती कम गर्न गयल हाजिरिको पाँच रुपियाँ र टिभिनमा भाग्नेलाई १० रुपियाँ जरिवाना लिने गरेको
- छात्राका लागि स्यानेटरी प्याडको व्यवस्था भएको
- सरसफाई नियमित भएको, अतिरिक्त कृयाकपाल भएको
- यो वर्ष छ कोठे भवन निर्माण भएको

**सुधार्नुपर्ने पक्षहरु**

- सामाजिक परीक्षक नभएकाले गर्नुपर्ने
- जग्गा भएरपनि खेलमैदानमा प्रयोग भएकाले उत्पादनमुखी बनाउनुपर्ने
- प्रयाप्त जनशक्तिको व्यवस्था गर्नुपर्ने
- शौचालय छात्र र छात्राको नजिक भएर समस्या भएकोले छुट्टै स्थानमा बनाउनुपर्ने ।
- विद्यार्थीमा अनुशासनको कमीले पढाईमा असर भएकाले नैतिक शिक्षामा जोड दिनुपर्ने ।
- साईकल स्टेन नभएकाले विधार्थीको मनोविज्ञानमा असर परेकाले व्यवस्था गर्नुपर्ने ।
- शिक्षक घण्टी लागेको पाँच देखी आठ मिनेट ढिलो पस्ने, पंखाँ नभएको
- बालबालिकाहरु कुलतमा लागेकाले सौचालयमा गुठखाको खोलले भरिएको अवस्था
- एक आध शिक्षक बाहेककाले गृह कार्य नदिएको
- शिक्षकहरुको उपस्थितीमा नियमिता हुनुपर्ने
- कक्षा कोठामा शिक्षकको उपस्थिती नियमित हुनुपर्ने
- टाढाका विधार्थीका लागि वसको व्यस्था गर्नुपर्ने
- शिक्षक, अभिभावक, प्रअ र जनप्रतिनिधिहरुको बीचमा नियमित अन्तरकृया गर्नुपर्ने
- शैक्षिक गुणस्तरका लागि विषयगत शिक्षकले नियमित पृष्ठपाषण सहितको अध्यापन गराउनुपर्ने
- घेराबेराको व्यवस्था गर्नुपर्ने
- मर्मत सम्भार र थप निर्माणका लागि पहल गर्नुपर्ने
- ल्यवरेरीको लागि कर्मचारीको व्यवस्था गर्नुपर्ने

**५.१९.११ श्री शंकर आधारभुत विद्यालय रामधुनी २ ,**

**शिक्षक र कर्मचारी ५ जना, विधार्थी ५९ जना**

१. अग्रेंजी माध्यममा पठन पाठनको तयारी भएको
२. घेराबेरा भएको र यहाँ नियमित कक्षा सञ्चालन भएको ।
३. घरदैलौ कार्यक्रम गरि विधार्थी ल्याउने प्रयास भएको
४. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई निरन्तरता दिएको
५. विद्यालयको समस्याका बारेमा समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गरेको ।
६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७. बिभिन्न छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
८. अभिभावक, शिक्षक र प्रअको बीचमा राम्रो सम्बन्ध भएको
९. सौचालय राम्रो रहेको पानी प्रयाप्त भएको
१०. खेलकुदका लागि पनि मैदान भएको
११. सामाजिक परीक्षण भएको
१२. भौतिक पूर्वाधारमा ८ वटा कक्षा कोठा भएको र विद्यालय भर्ना अभियान चलाउदै आएको

**सुधार्नुपर्ने पक्षहरु**

- कक्षाको संख्याका आधारमा शिक्षकको कमित भएको
- शुद्ध खानेपानी समस्या भएकोले सुधार गर्नुपर्ने
- शिक्षकको अभाव र प्रयोगशालाको अभावको पुर्ती गर्नुपर्ने

- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा थप नियमित समन्वय गर्नुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- धारा, ट्याकी र टुवेलको व्यवस्था गर्नुपर्ने
- भौतिक संरचना राम्रो भएपनि व्यवस्थित नभएकाले व्यवस्थित बनाउनुपर्ने ।
- सौचालय गएपछि हातधुने साबुन र पानी नभएकाले व्यवस्था गर्नुपर्ने ।

**५.१९.१२ श्री सरस्वती आधारभुत विद्यालय सैनिमैनी रामधुनी १ ,**

**शिक्षक र कर्मचारी ७ जना, विधार्थी १५३ जना( यो यसैमा मर्च श्री जनसेवा आधारभुत विद्यालय डुमरिया रामधुनी १ )**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. भौतिक पूर्वाधारमा ११ वटा कक्षा कोठा भएको र विद्यालय भर्ना अभियान चलाउदै आएको
२. घेराबेरा भएको नियमित कक्षा सञ्चालन भएको ।
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. बिभिन्न छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. विद्यालयको समस्याका बारेमा समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गरेको ।
६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७.शिक्षक र प्रअको बीचमा राम्रो सम्बन्ध भएको
८. सौचालय राम्रो र प्रयाप्त भएको

**सुधार्नुपर्ने पक्षहरु**

- विषयगत शिक्षकको अभाव , विज्ञान प्रयोगशालाको अभावको पुर्ती गर्नुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- एउटा कल भएपनि सुक्ने समस्या भएकाले खानेपानीका लागि ट्याकी र टुवेलको व्यवस्था गर्नुपर्ने
- कक्षा ८ सम्म पढाई र ८ जान शिक्षक जनशक्ति मात्रै भएकाले व्यवस्था गर्नुपर्ने
- भौतिक संरचना राम्रो भएपनि व्यवस्थित नभएकाले व्यवस्थित बनाउनुपर्ने ।
- शौचालय रहेको तर सरसफाईको व्यवस्था नभएकाले गर्नुपर्ने, सौचालय गएपछि हातधुने साबुन र पानी नभएकाले व्यवस्था गर्नुपर्ने ।
- मर्च गरिएकाले विधार्थी साविक भन्दा बढेको तर विद्यालय र सौचालय दुवै सरसफाईमा कमी रहेकाले ध्यान दिनुपर्ने ।

**श्री रामधुनी माध्यमीक विद्यालय लालपुर,रामधुनी ४ , शिक्षक र कर्मचारी २२ जना, विधार्थी ५१३ जना**

- विद्यालयमा विद्यार्थी संख्याको आधारमा भौतिक पूर्वाधार भएको
- शिक्षक र विधार्थीको उपस्थिती नियमित रहेको
- विद्यालय समयमा खुल्ने र बन्द हुने गरेको
- पक्की भवन २२ कोठा भएको शैक्षिक वतावरण राम्रो भएको
- अनुशासनको राम्रो पालना भएको
- विद्यालयको भवन मर्मत सम्भार भएको
- फुलबारीको निर्माण गरेको

- शिक्षकले गृहकार्य दिने र परीक्षण गर्ने गरेको
- शिक्षक र विधार्थीका लागि सौचालय, पुस्तकालयको व्यवस्था रहेको
- सरसफाईमा ध्यान दिएको सूचना प्रवाह नियमित गरेको
- विधार्थीलाई समयमा छात्रवृति र पाठ्यपुस्तक वितरण भएको
- समन्वयमा काम भएको बाल समूह, जुनियर रेडक्रस सर्कल सकृय भएको
- कक्षा ११ मा आउने विधार्थीलाई स्वागत गर्ने कक्षा १२ पास गरेर जानेलाई विदाई गर्ने गरेको
- महिला शिक्षक तथा छात्राका लागि स्यानटरी प्याटको व्यवस्था गरेको

**सुधार्नुपर्ने पक्षहरु**

- शैक्षिक व्यवस्थापनका लागि थप चार कोठाको भवन आवश्यक भएको
- विधार्थीका लागि विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने
- खानेपानीको समस्या भएकाले पाँच वटा कल तथा धाराको व्यवस्था गर्नुपर्ने ।
- शैक्षिक सधारका लागि अनुगमन बढाउनुपर्ने
- विद्यालय व्यवस्थापन समिति गठनका लागि पहल गर्नुपर्ने
- विधार्थी घट्दो क्रममा रहेकाले घरदैलौ सञ्चालन गर्नुपर्ने
- कम्पुटर भएरपनि विग्रेकाले मर्मत गरि त्यसमा सुधार गर्नुपर्ने
- शिक्षक घण्टी लागेको पाँच देखी १० मिनेट ढिलो पस्ने र छिट्टै निस्कने गरेको
- विधार्थीसंग अनुदनाको नाममा शुल्क लिएकाले यसको पारदर्शितामा ध्यान दिनुपर्ने
- कक्षा कोठामा शिक्षकको उपस्थिती नियमित हुनुपर्ने
- विधार्थी बढाउनका लागि शिक्षक, अभिभावक, प्रअ र जनप्रतिनिधिहरुको बीचमा नियमित अन्तरकृया गर्नुपर्ने
- शैक्षिक गुणस्तरका लागि विषयगत शिक्षकको व्यवस्था हुनसपर्ने र नियमित पृष्ठपोषण सहितको अध्यापन गराउनुपर्ने
- सूचना राख्ने प्रविधि अवडेट हुनुपर्ने
- तल्लो तहका शिक्षकले माथिलो कक्षा चलाउनुपर्ने बाध्यता रहेकाले सुधार गर्नुपर्ने

**५.१९.१३ श्री वीपी सरस्वती आधारभुत विद्यालय रामपुर रामधुनी ४ ,**
**शिक्षक र कर्मचारी ६ जना, विधार्थी ५२ जना (कक्षा शिशु देखी ५ सम्म)**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. विद्यालयको भौतिक पूर्वाधार राम्रो भएको
२. सौचालयको राम्रो प्रवन्ध भएको ,भर्ना अभियान चलाउदै आएको र कक्षा नियमित सञ्चालन भएको ।
३. घरदैलौ गरको र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. सरकारी छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. विद्यालयको समस्याका बारेमा समयसमयमा समिक्षा गर्ने गरेको ।
६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७. यहाँ खाजा कार्यक्रम सञ्चालनको तयारी भएको
८. खानेपानीका लागि टुवेल भएको ।

**सुधार्नुपर्ने पक्षहरु**

- दलित बालबालिकाहरु भएकाले नियमित आउने विधार्थी कम रहेकाले ल्यउाने प्रयास गर्नुपर्ने

- पालिकाले तोकेको समयमा सामाजिक परीक्षण नभएकाले गर्नुपर्ने
- बालमैत्री भएर अनुगमनको अभावमा बेवास्था गरेकाले निगरानी बढाउनुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- अभिभावक शिक्षा बढाई अभिभावकलाई चनाखो बनाउनुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि फील्टर सहितको ट्याकी र टुवेलको थप व्यवस्था गर्नुपर्ने
- फर्निचर र कार्पेटको व्यवस्था गर्नुपर्ने

**५.१९.१४ श्री भगवति आधारभुत विद्यालय रामधुनी ४,**
**शिक्षक र कर्मचारी ७ जना, विधार्थी ९५जना**
**यस विद्यालयको सकारत्मक पक्षहरु**
१. विद्यालयको भवन र सौचालय राम्रो भएको
२. प्रत्येक वर्ष भर्ना अभियान चलाउदै आएको र कक्षा नियमित सञ्चालन भएको ।
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. सरकारी छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. कम जनशक्तिमा राम्रो काम गरेको ।
६. बालबालिकाका लागि नियमित कार्यक्रम सञ्चालन भएको
७. खाजा कार्यक्रम सञ्चालन भएको
८. संस्थाहरुको सहयोगमा शैक्षिक सामग्री प्रदान गर्दै आएको
९. भौतिक पूर्वाधार र घेराबेरा राम्रो भएको ।
१०. सात वटा कोठा भएको राम्रो भएको ।

**सुधार्नुपर्ने पक्षहरु**
- अहिले सामाजिक परीक्षण नभएकाले गर्नुपर्ने
- कक्षामा विद्युत र पंखा छैन् बालमैत्री भएर अनुगमनको अभावमा बेवास्था गरेकाले निगरानी बढाउनुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- अभिभावक शिक्षा बढाई अभिभावकलाई चनाखो बनाउनुपर्ने
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि फील्टर सहितको ट्याकी र टुवेलको थप व्यवस्था गर्नुपर्ने

### ५.१९.१५ श्री वीपी सरस्वती आधारभुत विद्यालय रामपुर रामधुनी ४ ,
शिक्षक र कर्मचारी ६ जना, विधार्थी ५२ जना
**यस विद्यालयको सकारत्मक पक्षहरु**
१. विद्यालयमा को सबै कक्षा कोठामा पंखा भएको
२. प्रत्येक वर्ष भर्ना अभियान चलाउदै आएको र कक्षा नियमित सञ्चालन भएको ।
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. सरकारी छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. विद्यालयको समस्याका बारेमा समयसमयमा समिक्षा गर्ने गरेको ।
६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७. खाजा कार्यक्रम सञ्चालन भएको
८. कक्षा १ देखी ३ सम्म पूर्ण रुपमा बालमैत्री कक्षा र संरचना भएको

९. भौतिक पूर्वाधार र घेराबेरा राम्रो भएको ।

**सुधार्नुपर्ने पक्षहरु**

- सामाजिक परीक्षण नभएकाले गर्नुपर्ने
- बालमैत्री भएर अनुगमनको अभावमा बेवास्था गरेकाले निगरानी बढाउनुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- अभिभावक शिक्षा बढाई अभिभावकलाई चनाखो बनाउनुपर्ने
- महिला शिक्षकका लागि स्यानटरी प्याडको व्यवस्था मिलाउनुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि फील्टर सहितको ट्याकी र टुवेलको थप व्यवस्था गर्नुपर्ने

**५.१९.१६ श्री राजेश्वरी आधारभुत विद्यालय रामधुनी २ ,**

**शिक्षक र कर्मचारी ५ जना, विधार्थी ५० जना**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. विद्यालयको ५ वडा कक्षा कोठा भएको

२. शिक्षक नियमित, प्रत्येक वर्ष भर्ना अभियान चलाउदै आएको र कक्षा नियमित सञ्चालन भएको ।

३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको

४. सरकारी छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।

५. विद्यालयको समस्याका बारेमा समयसमयमा समिक्षा गर्ने गरेको ।

६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको

७. खाजा कार्यक्रम सञ्चालन भएको

**सुधार्नुपर्ने पक्षहरु**

- कक्षा अनुसारको भौतिक पूर्वाधार अभाव भएकाले पुर्ती गर्नुपर्ने
- सामाजिक परीक्षण नभएकाले गर्नुपर्ने
- दलित बालबालिका बढी भएकाले बालमैत्री भएर अनुगमनको अभावमा बेवास्ता गरेकाले निगरानी बढाउनुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- कोठा र फर्नीचर बालमैत्री बनाउनुपर्ने,
- अभिभावक शिक्षा बढाई अभिभावकलाई चनाखो बनाउनुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- घेराबेरा र गेट नभएकाले सुरक्षा अभाव भएको कारणले सुधारको खाचो
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि फील्टर सहितको ट्याकी र टुवेलको थप व्यवस्था गर्नुपर्ने
- विधार्थीहरु पालोपालो नआउने अवस्था छ । यसमा अभिभावकलाई प्रोत्साहन कार्यक्रम ल्याउनुपर्ने

**५.१९.१७ श्री रामजानकी आधारभुत विद्यालय इक्राही रामधुनी ४ ,**

**शिक्षक र कर्मचारी ८ जना, विधार्थी १६५ जना**

१. नसरी कक्षादेखी युकेजीसम्ममा पूर्ण अग्रेंजी माध्यममा कक्षा सञ्चालन भएको ।

२. सिटि सफारीमा विधार्थी ओसार्ने गरेको

३. सामाजिक परीक्षण र लोखा परीक्षण समयमा भएको

४. विद्यलय भवन ७ कोठे भएको र कक्षा ५ सम्म पठाइ भएको

५, यहाँ विद्यालय भर्ना अभियान कोभिडले प्रभावित भएपनि अग्रेंजी पढाईले विधार्थी संख्या बढेको

६. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ नियमित रहेको
७. कम्पुटर, प्रिन्टर समेत भएको र पुस्तक सहित बिभिन्न छात्रबृति समयमा बितरण गरेको ।
८. विद्यालयको समस्याका बारेमा समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गरेको ।
९. अतिरिक्त कार्यक्रमहरु नियमित भएको
१०. अभिभावकको रोजाईमा सामुदायिक भएर पनि पर्न थालेको
११. नगरपालिकाको सहयोगमा झ्याल र केही फर्निचर आएको तथा मर्मत सम्भार भएको

**सुधार्नुपर्ने पक्षहरु**

- विधार्थीलाई बस्न फर्निचरको व्यवस्था मिलाउनुपर्ने
- अग्रेंजी विषय र कम्पुटर पढाउने शिक्षकको अभाव पूर्ती गर्नुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा समन्वय गर्नुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने
- वर्षामा आउन जान समस्या भएकाले विद्यालयसम्मको बाटो बनाउनुपर्ने
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि ट्याकी र टुवेलको व्यवस्था गर्नुपर्ने
- विद्यालय र सौचालय दुवै सरसफाईमा कमी रहेकाले ध्यान दिनुपर्ने ।

**५.१९.१८ श्री पञ्चायत माध्यमीक विद्यालय रामधुनी ७, चौसठी विगहा**

- जंगलको नजिकद्ध भएकाले वतावरण राम्रो भएको
- विद्यालयमा विद्धद्यार्थी संख्याको आधारमा भौतिक पूर्वाधार भएको
- विद्यालयमा शिक्षक र विधार्थीको उपस्थिती नियमित रहेको
- विद्यालय समयमा खुल्ने र बन्द हुने गरेको
- गृहकार्य दिने र परीक्षण गर्ने परिपाटी बसालेको
- सौचालय, पुस्तकालय रहेको
- सरसफाईमा ध्यान दिएको सूचना प्रवाह नियमित गरेको
- विधार्थीलाई समयमा छात्रवृति र पुस्तक वितरण भएको

**सुधार्नुपर्ने पक्षहरु :**

- विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने
- खानेपानीको समस्या भएको -एउटा वटा कल मात्रै भएकाले समस्या भएकाले कल तथा धाराको व्यवस्था गर्नुपर्ने।
- शिक्षक र विद्यार्थीमा समय अनुशासनको कमीले पढाईमा असर भएकाले अनुगमन बढाउनुपर्ने
- भवन निर्माण ढिलाई भएकाले सामाजिक परीक्षण नगरेको पाएकाले त्यसमा सुधार गर्नुपर्ने
- शिक्षक घण्टी लागेको आठ देखी १५ मिनेट ढिलो पस्ने र छिट्टै निस्कने गरेको
- केही बालबालिकाहरु कुलतमा लागेकाले बाल नैतिक तथा मनोविज्ञानको शिक्षा दिनुपर्ने
- महिला शिक्षक तथा छात्राका लागि स्यानटरी प्याटको व्यवस्था गर्नुपर्ने
- विधार्थीबाट सिधै नभई अनुदानको नाममा दुई सय रुपियाँदेखी एक हजाररुपियाँ सम्म शुल्क लिएकाले यसको पारदर्शितामा ध्यान दिनुपर्ने
- एक आध शिक्षक बाहेककाले नियमित गृह कार्य नदिएकाले विधार्थी जिम्मेबार नदेखिएको
- विद्यालयमा शिक्षकहरुको उपस्थितीमा नियमित भएपनि कक्षामा नभएकाले हुनुपर्ने
- कक्षा कोठामा शिक्षकको उपस्थिती नियमित हुनुपर्ने

- विधार्थी बढाउनका लागि शिक्षक, अभिभावक, प्रअ र जनप्रतिनिधिहरुको बीचमा नियमित अन्तरकृया गर्नुपर्ने

**५.१९.१९ श्री जन आधारभुत विद्यालय जमुवा रामधुनी ६ , शिशुदेखी कक्षा ८ सम्म**
**शिक्षक र कर्मचारी ८ जना, विधार्थी ९५ जना**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. नर्सरी र एलकेजी कक्षामा अग्रेंजी माध्यममा कक्षा सञ्चालन भएको ।
२. सामाजिक परीक्षण कार्यक्रम गरेको
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेको
४. पाठ्यपुस्तक र छात्रबृति बितरण गरेको ।
५. समयसमयमा अभिभावक भेला बोलाई समिक्षा गरेको ।
६. अभिभावकमा विदालय प्रतिको चासो बढेको
७. शिक्षकको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
८. विद्यालयमा समयन्वय राम्रो भएको

**सुधार्नुपर्ने पक्षहरु**

- थप शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा अन्तरकृया गर्नुपर्ने
- खानेपानीको समस्या भएकाले सम्बोधन गर्न ध्यान दिनुपर्ने
- खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि ट्याकी र टुवेलको व्यवस्था गर्नुपर्ने
- नरसरीदेखी कक्षा ८ सम्ममा ८ जान शिक्षक जनशक्ति मात्रै भएकाले व्यवस्था गर्नुपर्ने
- भौतिक संरचना राम्रो भएपनि व्यवस्थित नभएकाले व्यवस्थित बनाउनुपर्ने ।
- सौचालय गएपछि हातधुने साबुन र पानी नभएकाले व्यवस्था गर्नुपर्ने ।
- विद्यालय र सौचालय दुवै सरसफाईमा कमी रहेकाले ध्यान दिनुपर्ने ।
- शिक्षकले लठीको प्रयोग गरेकाले बालमैत्री विद्यालयमा चुनौती देखिएकाले ध्यान दिनुपर्ने
- कक्षा कोठामा बालमैत्री संरचना र सामग्रीको अभाव भएकाले व्यवस्थापन गर्नुपर्ने
- निजी तर्फको आकर्षण बढेकाले सरकारीमा पनि पढाईमा गुणस्तर कायम गर्नुपर्ने
- घेराबेरा गर्नुपर्ने
- आन्तरीक स्रोतमा एउटा पोखरी रहेकाले त्यसको व्यवस्थापमा थप ध्यान दिनुपर्ने

**५.१९.२० श्री सरस्वती आधारभुत विद्यालय रामधुनी ६, शिक्षक र कर्मचारी .७ जना, विधार्थी .१०६ जना**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. विद्यालय व्यवस्थापन समिति रहेको
२. प्रत्येक कक्षा नियमित सञ्चालन भएको ।
३. विद्यालयको सबै कक्षा कोठामा पंखा भएको
४. सरकारी छात्रबृति रकमको तोकिएको समयमा बितरण गरेको ।
५. विद्यालयको समस्याका बारेमा समयसमयमा समिक्षा गर्ने गरेको ।
६. जनशक्तिको क्षमता अनुसार विद्यालय नियमित सञ्चालन भएको
७. खाजा कार्यक्रम सञ्चालन भएको
८. कक्षा १ देखी ३ सम्म पूर्ण रुपमा बालमैत्री कक्षा र संरचना भएको
९. भौतिक पूर्वाधार र घेराबेरा राम्रो भएको ।

**सुधार्नुपर्ने पक्षहरु**

- सामाजिक परीक्षण नभएकाले गर्नुपर्ने

- बालमैत्री भएर अनुगमनको अभावमा बेवास्था गरेकाले निगरानी बढाउनुपर्ने
- शिक्षक, विधार्थी, प्रअ र कर्मचारीहरुको बीचमा नियमित समन्वय गर्नुपर्ने
- अभिभावक शिक्षा बढाई अभिभावकलाई चनाखो बनाउनुपर्ने
- महिला शिक्षकका लागि स्यानटरी प्याडको व्यवस्था मिलाउनुपर्ने
- विद्यालयमा खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको अभावमा शिक्षकहरुको बेवास्ता बढेकाले सुधार गर्नुपर्ने
- खानेपानीका लागि फील्टर सहितको ट्याकी र टुवेलको थप व्यवस्था गर्नुपर्ने

**५.१९.२१ श्री पञ्चायत माध्यमिक विद्यालय रामधुनी ७ बहतरविघा**

**शिक्षक र कर्मचारी १६ जना, विधार्थी २५० जना**

- जंगलको नजिक भएकाले वतावरण राम्रो भएको
- घेराबेराको केही काम भएकाले सुरक्षामा सहज भएको
- बालमैत्री विद्यालयको अभ्यास भएको
- विद्यालयमा विद्यार्थी संख्याको आधारमा भौतिक पूर्वाधार भएको
- विद्यालयमा शिक्षक र विधार्थीको उपस्थिती नियमित रहेको
- गृहकार्य दिने र परीक्षण गर्ने परिपाटी बसालेको
- विधार्थीका लागि सौचालय, पुस्तकालय रहेको
- सरसफाईमा ध्यान दिएको सूचना प्रवाह नियमित गरेको
- विधार्थीलाई समयमा छात्रवृति र पुस्तक वितरण भएको
- समिति रहेको

**सुधार्नुपर्ने पक्षहरु**

- माविका लागि पुस्ताकाल र विज्ञान प्रयोगशालाको व्यवस्था मिलाउनुपर्ने
- विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने
- खानेपानीको समस्या भएको -एउटा वटा कल मात्रै भएकाले समस्या भएकाले कल तथा धाराको व्यवस्था गर्नुपर्ने।
- शिक्षक र विद्यार्थीमा समय अनुशासनको कमीले पढाईमा असर भएकाले अनुगमन बढाउनुपर्ने
- भवन निर्माण ढिलाई भएकाले सामाजिक परीक्षण नगरेको पाएकाले त्यसमा सुधार गर्नुपर्ने
- शिक्षक घण्टी लागेको आठ देखी १५ मिनेट ढिलो पस्ने र छिट्टै निस्कने गरेको
- केही बालबालिकाहरु कुलतमा लागेकाले बाल नैतिक तथा मनोविज्ञानको शिक्षा दिनुपर्ने
- महिला शिक्षक तथा छात्राका लागि स्यानटरी प्याटको व्यवस्था गर्नुपर्ने
- विधार्थीबाट सिधै नभई अनुदानको नाममा दुई सय रुपियाँदेखी एक हजाररुपियाँ सम्म शुल्क लिएकाले यसको पारदर्शितामा ध्यान दिनुपर्ने
- एक आध शिक्षक बाहेककाले नियमित गृह कार्य नदिएकाले विधार्थी जिम्मेबार नदेखिएको
- विद्यालयमा शिक्षकहरुको उपस्थितीमा नियमित भएपनि कक्षामा नभएकाले हुनुपर्ने
- कक्षा कोठामा शिक्षकको उपस्थिती नियमित हुनुपर्ने
- विधार्थी बढाउनका लागि शिक्षक, अभिभावक, प्रअ र जनप्रतिनिधिहरुको बीचमा नियमित अन्तरकृया गर्नुपर्ने
- शैक्षिक गुणस्तरका लागि विषयगत शिक्षकको व्यवस्था हुनसपर्ने र नियमित पृष्ठपाषण सहितको अध्यापन गराउनुपर्ने

- भएकोले पुगेको भएपनि नयाँ सौचालय समेत निर्माण गर्नुपर्ने
- विद्यालयको भौतिक पूर्वधार राम्रो भएपनि घेराबेरा नभएकाले सुरक्षा चुनौती रहेको छ त्यसैले घेराबेरा र नियमित सरसफाईमा ध्यान दिनुपर्ने
- प्रवेशद्धारको गेट काम नलाग्ने भएकाले त्यसमा र बाकी रहेको तीन भागमा वाल निर्माण गर्नुपर्ने
- सूचना राख्ने प्रविधि अवडेट हुनुपर्ने

**५.१९.२२ श्री पञ्चायन आधारभुत विद्यालय बक्लौरी रामधुनी ७ ,**
**शिक्षक र कर्मचारी ५ जना, विधार्थी २९ जना**

- विद्यालय व्यवस्थापन समिति भएको
- विद्यालयमा नयाँ र पुरानो भवन प्रयाप्त भएको
- विद्यालयको मैदान पनि प्रयाप्त भएको
- शिक्षक विधार्थीको अनुपानमा पुरा रहेको
- विद्यालय नियमित संचालन नभएको
- विधार्थी संख्या कम भएकाले शिक्षकहरु पालैपालो विदा बस्ने गरेको
- सौचालय रहेको तर सरसफाई नभएको
- खानेपानीका लागि धारा नभएकाले निर्माण गर्नुपर्ने
- मैदानमा दाल खेती लगाएकाले बालबालिकाहरु खेल्न नपाएको
- घेराबेरा नभएको , नियमित पढाई नभएको

**सुधार्नुपर्ने पक्षहरु**

- विधार्थी बढाउनका लागि विद्यालयमा सवारीको व्यवस्था गर्नुपर्ने
- दरबन्दीमा जनशक्ति ३ जना मात्रै भएकाले थप व्यवस्था गर्नुपर्ने
- विपन्न परिवारका मात्रै विधार्थी रहेकाले त्यसमा सुधार आवश्यक छ
- नजिकै धेरै विद्यालय भएकाले विधार्थी व्यवस्थापन गर्नुपर्ने

**५.१९.२३ श्री रामधुनी आर्दश आधारभुत विद्यालय रामधुनी ५, शिशुदेखी कक्षा १ सम्म**
**शिक्षक र कर्मचारी ४ जना(सबै महिला भएको), विधार्थी ६५ जना**

**यस विद्यालयको सकारत्मक पक्षहरु**

१. पहिलो वर्षमा नै पूर्ण अग्रेजी माध्यममा पठनपाठन भएको(नर्सरी, एलकेजी सहित १ कक्षामा अग्रेंजी माध्यममा सञ्चालन भएको) ।
२. विधार्थी र शिक्षक नियमति भएको
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएको
४. पाठ्यपुस्तक र छात्रबृति बितरण गरेको ।
५. नयाँ विद्यालय भएकाले अभिभावकसंगको समयन्वय राम्रो भएको
६. बालमैत्री कक्षा कोठाको व्यवस्था भएको

**सुधार्नुपर्ने पक्षहरु**

- थप शिक्षकको व्यवस्था गर्नुपर्ने
- खानेपानीको समस्या भएकाले सम्बोधन गर्न ध्यान दिनुपर्ने
- खेलकुदको सामाग्री नभएकाले व्यवस्था मिलाउनुपर्ने ।
- विद्यालयमा अनुगमनको व्यवस्था गर्नुपर्ने
- अतिरिक्त कृयाकपालको व्यवस्था गर्नुपर्ने

**५.१९.२४ रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का**

क) कार्यालयमा प्रमुख, खेला र कर्मचारीहरु नियमित नभेटिएको

ख) कार्यालयमा सरसफाई कमी देखिएको

ग) कार्यालय १० देखी ४ बजे सम्म खुल्ला भएपनि सम्बन्धीत जिम्मेबार व्यतिहरु नभेटिएको ।

घ) भुक्तानी प्रकृयामा निकै ढिलाई भएको ।

ङ) लेखा शाखामा जनशक्तिको अभावको कारणले प्राय: विद्यालयहरुले समस्या खेपेको गुनासो

## सुधार गर्नुपर्ने पक्षहरु

१, सूचना पार्टी राख्नुपर्ने र सूचना पार्टी रहेको नागरिकलाई जानकारी गराउनुपर्ने

२, उजुरी पेटिका कार्यालयमा सबैले देखिने ठाउँमा राख्नुपर्ने,

३, नागरिक वडा पत्रमा सबैले देखिने ठाउँमा राख्नुपर्ने र सबैले पढ्न सक्ने अक्षरमा लेखिएको वडापत्र हुनुपर्ने

४, गुनासो सुनुवाई प्रकृक्रियालाई छोटो, छिटो र सहज पानुपर्ने

५, नागरिकका गुनासोहरु संकलन गरि त्यसको सम्बोधन गरिएको विषयमा संचारमाध्यमको प्रयोग गरि सूचना प्रवाह गर्नुपर्ने

६, कार्यालयमा कार्यालय समयसम्म सबै विभागिय वा शाखा प्रमुखहरु बस्नुपर्ने, बाहिर गएको वा विदा बसेको कुरा सम्बधित शाखामा वा कार्यालयमा सबैले जानकारी पाउने गरि सूचना पार्टी वा लगबुकमा उल्लेख गर्नुपर्ने

७, समयसमयमा सरोकारबालाहरुसंग अन्तरकृया र समन्वयलाई निरनतरता दिनुपर्ने

८, योजना, कार्यक्रम तथा नीतिहरुको कार्यान्वयनमा देखिएको चुनौतीलाई सामाधन गर्न सामूहिक प्रयासको थालनी गर्नुपर्ने

९, जनताको चिन्ता र साचोको क्षेत्रमा रहेको शिक्षा क्षेत्रको नियमित अनुगमन गर्ने परिपार्टीको विकास गर्नुपर्ने ,

१०, अनुगमनमा देखिएका समस्याहरुलाई समाधानका लागि सुझाउने

११, राम्रा अभ्यास र प्रयासहरु भए अरु तिर समेत सिकाई हुनसक्ने भएकाले त्यसमा पनि विषेश ध्यान दिनुपर्ने

१२, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुको नियमित अनुगमन गर्नुपर्ने,

१३, कार्यालय समयसम्म कार्यालय खुल्नुपर्ने र कर्मचारी समेत बस्नुपर्ने वतावरण निर्माण गर्नुपर्ने

१४, निशुल्क औषधी समय समयमा केही मात्रामा आभाव हुने भएकाले त्यसबारेमा समन्वय बैठक गरि आवश्यकतामा आधारित औषधी खरिदलाई प्रभावकारी बनाउनुपर्ने,

१५, सरसफाई, सौचालय, खानेपानी र विश्रम स्थलको अभाव रहेको स्वास्थ्य संस्थामा तत्काल ध्यान दिनुपर्ने

१६, रोजगार शाखालाई नगरपालिकाबाट उपेक्षा गरेको गुनासो रहेकाले समन्वयमा काम गर्नुपर्ने

१७, आ.व.०७६।०७७ मा रोजगार शाखामा ७०० बढि बेरोजगारले आवदेन दिएकोमा ४२१ जनाले रोजगारी पाएको छ । यसले  बेरोजगार कम रहेको संकेत गरेपनि यहाँ धेरै बेरोजगारहरु छन् यसको सुक्षम अध्ययन गर्नुपर्ने ।

१८, रोजगार शाखाले सरकारी तथा गैरसरकारी र निजी क्षेत्रको आवश्यकता सम्बन्धीको सूचना टास गर्ने, परामर्श दिने काम गर्दै आएकोमा जनशक्ति अभाव छ ।

१९, रोजगार शाखामा एक जना मात्रै रोजगार अधिकृत छन् त्यसैले सबै सूचना संकलन गर्न समस्या भएको

२०, रोजगार सेवा केन्द्रमा समन्वय गरि रोजगारदाताहरुले सूचना निकाल्नुपर्ने र परिपुर्ती गर्नुपर्नेमा त्यसको कार्यान्वयन नभएको अवस्था छ ।

२१, नगरपालिका र वडा कार्यालयले संचालन गर्ने योजना, आयोजना तथा  ठेकेदारले रोजगार शाखामा दर्ता भएका कामदारहरु रोजगार दिन उपेक्षा गरेको छ ।

२२, भौतिक पूर्वाधार निर्माणमा स्थानीय कामदारहरुलाई अवसर दिनुपर्नेमा नदिएको

२३, सरकारी योजना कार्यान्वयमा स्थानीय स्रोत साधनको अधित्मक प्रयोग गर्नुपर्नेमा नगरिएको

२४,रोजगार शाखामा सामान्य इन्धन, मसलन्द र कार्यालय सञ्चालनको लागि समस्या भएकाले सामाधन खोज्नुपर्ने

२५, कृषि शाखामा जनशक्तिको अभाव भएको

२६, कृषिमा रहेको जनशक्तिमा पनि समन्वय नभएको

२७, कृषिबाट कृषकहरुले फाईदा लिन नसकेको

२८, कृषि क्याम्पसको सम्भावना रहेकाले कृषि क्यामपसका लागि पहल गर्नुपर्ने

२९, धार्मिक स्थलको रुपमा रहेको रामधुनी र यहाँका पाँच वडा तालहरुको प्रचार प्रसार गरि पर्यटक भित्रियाउनुपर्ने

३०, एक धार्मिक आस्थाको केन्द्र रामधुनी मन्दिर र वन क्षेत्रलाई यातायातको पहुँचले सहज बनाएपनि सञ्चार र सुरक्षाको अभाव रहेकाले त्यसमा ध्यान दिनुपर्ने ।

३१.कृषि र पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, प्रचार प्रसारलाई निरन्तरता दिनुपर्ने ।

३२. स्वास्थ्य बिमा कार्यक्रमलाई गाउँटोल सम्म प्रचार प्रसार गरी एक लाख रुपैयाको स्वास्थ्य उपचारमा सबैको पहुँच पुर्‍याउनुपर्ने ।

३३.नगर क्षेत्रको घरधुरी सर्वे गरी सुकुम्वासीहरुको एकीन विवरण तयार गरी उनीहरुको बसोवासको ग्यारेन्टी गर्नुपर्ने ।

३४.सरकार निजी र उपभोक्ता समितिसँगको सहकार्यमा कार्यक्रमहरुलाई प्रभावकारी र स्तरीय बनाउनुपर्ने ।

३५.विद्यालयहरुलाई प्रविधि मैत्री र बाल मैत्री बनाई गुणस्तरीय शिक्षा दिनुपर्ने ।

३६. गैर सरकारी संस्थाहरुको काममा अपारदर्शिताको गुनासो बढीरहेकाले अनुगमन गरी सचेत गर्न र अटेर गर्नेलाई कार्वाही गर्नुपर्ने ।

३७. सडक बाटोको अतिक्रमण हटाउनुपर्ने ।

३८. सरसफाईका लागि नागरिक साझेदारी कार्यक्रम चलाउनुपर्ने ।

३९.सडकमा रहेको फोहोरलाई नियमित ब्यवस्थापन गर्नुपर्ने ।

४०. बिषयगत शाखा र निकायलाई समयमा निकासा दिनुपर्ने ।

४१.मानव संशाधन विकासमा बिशेष ध्यान दिनुपर्ने ।

४२. सहकारी संस्थाहरुलाई जनउत्तरदायी काममा लगानी गर्न उत्साहित गर्नुपर्ने ।

४३. निजि बैंकहरुको सामाजिक उतरदायित्व अर्न्तगतको सेवा नगरपालिकासँगको समवन्यमा गर्नुपर्ने ।

४४.बिना अनुमति सञ्चालनमा रहेका निजी विद्यालयहरुलाई कार्वाहीको दायरामा ल्याउनुपर्ने ।

४५. अनुमति भन्दा बढी कक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुगमन गरी कार्वाही गर्नुपर्ने ।

४६. सामुदायिक विद्यालयहरुको मासिक अनुगमन अनिवार्य र प्रभावकारी बनाउनुपर्ने ।

४७.सरकार र नागरिकबीचको सम्वन्ध प्रगाढ गर्नका लागि प्रत्येक वडामा मासिक प्रगति प्रतिवेदन सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्ने ।

४८.सूचना सम्वन्धिको नागरिकको हकलाई पूर्णरुपमा कार्यान्वयन गर्न सूचना अपडेट निरन्तर रुपमा गर्नुपर्ने ।

४९.नयाँ काम तथा योजनाहरुको सुरु गर्दा उपभोक्ता समितिहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने ।

५०.नगरपालिकाको योजना र कार्यक्रममा स्थानीय नागरिकलाई नै उनीहरुको श्रोत र साधनले भ्याएसम्म काममा लगाउनुपर्ने र पारिश्रमिक दिनुपर्ने ।

५१. ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको भत्ताको रकम समयमा निकासा दिनुपर्ने ।

५२.नगरपालिका वा वडा कार्यालयमा आएका गुनासाहरुलाई तत्काल सम्वोधन गर्नुपर्ने ।

५३.नगरपालिकाको मातहतमा रहेर गरिने बिभिन्न दिवसका कार्यक्रमहरुलाई प्रभावकारी र सिकाई उपलब्धि मुलक रुपमा गर्नुपर्ने ।

५४.सामुदायिक विद्यालयहरुबाट उत्कृष्ट भएका छात्रछात्राहरुलाई स्नातक तहसम्म नि:शुल्क पढाउने वातावरण मिलाउनुपर्ने ।

५५.नगरपालिकाभित्र संकलन गरेका फोहोर फयाल्ने ठाउँ निश्चित र ब्यवस्थित गर्नुपर्ने ।

५६.पर्यटन र धार्मिक विकासका लागि सडकहरुको स्तर उन्नोती गर्नुपर्ने ।

५७.कृषिलाई आधुनिकिकरण र ब्यवसायीकरण गर्नुपर्ने ।

५८. खोला तथा बाढी नियन्त्रणका लागि योजना तथा कार्यक्रम ल्याउनुपर्ने

५९. मुसहर बालबालिकाहरु बढी विद्यालय छाड्ने गरेकाले त्यसमा ध्यान दिनुपर्ने

६०. बाटो निर्माणमा उपभोक्ता समितिलाई समेत ध्यानमा राखेर गर्नुपर्ने ।

६१.रामधुनी नपा ३ एउटा खानेपानी ट्याकी रहेकोमा आन्सिकलाईलाई खानेपानी सुविधा भएकाले त्यसको विकास र विस्तार गर्नुपजर्ने

६२. रामुधनी ६ को दतकिच्चा खोलाको बाढी र कटान समस्या रहेकाले त्यसमा नदि नियन्त्रणका लागि प्रयास गर्नुपर्ने

६३. रामधुनी ३ झुम्कादेखी सिगिया जानेबाटोमा धुलोका कारणले प्रदुषण बढेकाले पानी छर्ने वतावरण मिलाउनुपर्ने

६४. धार्मिक पर्यटक क्षेत्रको प्रचारप्रसार र पवर्द्धनमा कमी भएकाले यसमा तत्काल ध्यान दिनुपर्ने

६५. वडाहरुमा रहेको सिमसार तथा पोखरीहरुको संरक्षण गर्नुपर्ने
६६. एलानी जग्गाहरुको खोजी गरी जनहितमा लगाउनुपर्ने
६७. विकास निर्माणमा भेदभावको गुनासो बढी भएकाले एकद्धार प्रणालीमा र आवश्यकतामा आधारित विकास अभ्यासको थालनीमा ध्यान दिनुपर्ने
६८. तालिम, गोष्ठीहरुमा जनप्रतिनिधिहरुको नजिककालाई मात्रै अवसर दिएको आरोप जनताको रहेकाले त्यसमा पारदर्शिताको अभ्यास अवलम्बन गर्नुपर्ने
६९. काममा ढिलासुस्ती भएकाले टोकन प्रणालीमा वा जनशक्ति बढाउन तर्फ  ध्यान दिनुपर्छ ।
७०.थारु समुदायको वाहुल्य क्षेत्रमा रहेको डिहिबार ग्रामथानहरुको संरक्षणमा ध्यान नदिएको गुनासो रहेकाले त्यसमा संरक्षण गर्न तर्फ ध्यान दिनुपर्ने
७०. थारु समुदायले बहुसंख्यक रुपमा आफूहरुको बसोबास रहेकाले कामकाजी भाषा थारु हुनुपर्ने सुझाव दिएकाले यसमा कानुन र ऐनले मिलेसम्म विचार गर्नुपर्ने
७१, माछामासु बजारको दुगन्धले सरसफाई र व्यवस्थापनमा ध्यान दिनुपर्ने
७२, स्थानीय पुतोधारा, तदकिच्चा खोला कटानको समस्या समाधान गर्नुपर्ने
७३, दतकिच्चा भत्किएकोपुल निर्माणमा ध्यान दिनुपर्ने
७४, प्रहरी चौकीको स्थापना गनुपर्ने

**५.२०.१ सेभ द अर्थ सुनसरी रामधुनी**

**संस्थाको लक्ष्य :**

**१ पृथ्वी बचाउने , संरक्षण गर्ने, विकासमा दिगोपना दिने**
२. सामाजिक सचेतनाका कार्यक्रम गर्ने
३. विद्यालयमा किताव परियोजना सञ्चालन गर्ने

**मूख्य उदेश्यहरु :**

- शिक्षकका लागि सन्दर्भ सामग्री, विधार्थीका लागि सिकाई गर्ने पुस्तक
- पूर्व सरसफाई र खानेपानीको पहुच अभिवृद्धि गर्ने
- पठन संस्कृतिको विकास गर्ने

**गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमहरु**

| संचालित योजना तथा कार्यक्रमहरु | **लक्ष्य** | **उपलब्धी** | |
|---|---|---|---|
| | | | |
| | | | |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा  गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने कार्यका लागि काम गरीएको ।
- किताव परियोजना संचालन भएका विद्यालयमा सुधार देखिएको,
- बाल विकास तथा क्षमता विकासका लागि काम गरीएको ।

**सामाजिक जिम्मेबार बहन गर्न क्षमता :**

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **सुचक सहितका कामका विवरण** |
|---|---|
| बार्षिक छात्रबृत्ति प्रदान गर्ने | दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको । |
| निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | ☐ प्रा.वि, नि.मा.वि र मा.वि मा पाठ्यपुस्तक वितरण |

| | |
|---|---|
| | गरिएको । |
| ५ वर्ष मुनीका बालबालिकालाई शिशुमा भर्ना गर्ने | ☐ बाल विकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरीएको । |
| शिक्षामा पहुच बढाने र भर्ना अभियान चलाउने | ☐ आधारभुत(प्रावि निमावी), मावि(उच्च मावी)मा शिक्षाको पहुँच बढ्दो । |
| | समावेशिकरण |
| शिक्षामा समासेवीकरण | ☐ सकारात्मक विभेद र आपरक्षका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको । |
| अनिवार्य र निशुल्क शिक्षा | ☐ अनिवार्य तथा निशुल्क शिक्षा, छात्रबृत्ति सरकार तथा स्थानीय निकाय एवम गैससको विभिन्न पहलहरुका कारण सबै जाती भाषा धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जान थालेका । |
| | गुणस्तरीय सुधार |
| गुणस्तरीय सुधार | ☐ सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । तर लगानीको अनुपातमा नतिजा उल्लेख्य नभएको । |
| गुणस्तरीय सुधार | ☐ संस्थागत विद्यालय तर्फ सतप्रतिशत शिक्षकले तालिम प्राप्त गरेको रेकर्ड नपाईएको । तर लगानीका अनुपातमा प्रतिफल उल्लेख गर्न लायक भएको । |
| गुणस्तरीय सुधार | ☐ सरकारी तथा नीजि श्रोतबाट समेत व्यवस्था गरी शिक्षक विद्यार्थि अनुपात राम्रो रहेको । कतिपय विद्यालयहरुलाई मर्ज गर्नु पर्ने अबस्था देखिएको । |

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

☐ साविकको शिक्षक दरवन्दी मिलान र नियमित पठनपाठनमा प्रभाव ।

☐ पूर्ण साक्षर र अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको नगरपालिका बनाउन व्यवहारिक रुपमा नसकिएको । आधुनिक सूचना तथाा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु ।

**५.२०.२ युथ क्रिएसन सुनसरी रामधुनी**

**संस्थाको लक्ष्य :**

**१. बाल विवाह मुक्त नगर बनाउने, अभिभावक,बालिका तथा किसोरी संरक्षणका कार्य गर्ने**

२. विभिन्न सामाजिक सचेतनाका कार्यक्रम गर्ने

३. सिओसी कक्षा २ स्थानमा सञ्चालन गर्ने

**मूख्य उदेश्यहरु :**

- विद्यालय बाहिर रहेका किसोरीलाई सचेत पार्ने
- बाल विवाह मुक्त बनाउने र प्रजनन सवस्थ्यका बारेमा जानकारी दिई क्षमता अभिवृद्धि गर्ने

**गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमहरु**

| संचालित योजना तथा कार्यक्रमहरु | **लक्ष्य** | **उपलब्धी** | |
|---|---|---|---|
| | | | |
| | | | |

**५.२०.३ ग्रामिण उत्थन विकास केन्द्र (आरएसडीसी) सुनसरी रामधुनी क्षेत्र**

**संस्थाको लक्ष्य :**

**१. विद्यालय भवन निर्माण गर्ने**

२. विभिन्न सामाजिक सचेतनाका कार्यक्रम गर्ने

३. सिओसी कक्षा २ स्थानमा सञ्चालन गर्ने

**मूख्य उदेश्यहरु :**

- विद्यालय बाहिर रहेका किसोरीलाई सचेत पार्ने
- बाल विवाह मुक्त बनाउने र प्रजनन सवस्थ्यका बारेमा जानकारी दिई क्षमता अभिवृद्धि गर्ने

**गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमहरु**

| संचालित योजना तथा कार्यक्रमहरु | **लक्ष्य** | **उपलब्धी** | |
|---|---|---|---|
| | | | |
| | | | |

# खण्ड-६

## ६.१ निश्कर्ष

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति भएकाले रामधुनी नगरपालिका सुनसरीले दोस्रो पटक यो कार्यक्रम संचालन गरेको हो । यसको लागि विभिन्न संघ, संस्थाहरु छनौट गरी विश्लेषण गरीएको थियो । विश्लेषणबाट कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ । स्थानीय तह संचालन ऐन, नियमावली, स्थानीय स्वायत्त शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा रामधुनी नगरपालिका सुनसरीले उल्लेखनीय कार्यहरू गर्दै आएको छ । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस रामधुनी  नगरपालिका ले साविकककको गाविसहरु र हालका वडाहरुको टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर सभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाइएको छ । त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएको देखिन्छन् । रामधुनी नगरपालिका सुनसरीको नेतृत्वमा  नगरपालिका मा विकासको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको बीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ ।

यस अध्ययनबाट  नगरपालिका ले आृनो सेवालाई अझै चुस्त, दुरुस्त र प्रभावकारी पार्नुपर्ने देखिएको छ । रामधुनी  नगरपालिका ले प्राथमिकतामा राखेको अपांगमैत्री, सुशासन मैत्री, बालमैत्री र बाल विवाह नगर घोषणा गर्ने कार्य लाई केन्द्र भागमा राखेर अगाडि बढाउनु पर्ने देखिन्छ । यहाँका बाल समुह, बाल समुह संजाल, बाल विकास केन्द्र , विद्यालयहरु र मदरसाहरुको अवस्था पनि नगरपालिका को सानो सहयोगबाट उन्नत बन्न सक्ने अवस्थामा रहेको देखिदैन । रामधुनी नगरपालिका सुनसरीले विधुतिय सुशासन कार्यक्रम प्रभावकारी बनाउने प्रयास गरेको तर पूर्ण रुपमा बन्न सकेको पाइएको छैन ।

यस रामधुनी  नगरपालिका को विभिन्न कार्यक्रमका लागि समयमा बजेट निकाशा हुने परिपाटीको विकास भएको छ र त्यसको पूर्ण कार्यान्वयन आवश्यक छ । केही कामहरु समयमा बजेट आएपनि हतारमा सम्पन्न गरेको देखियो । यसबाट आयोजना र परियोजनाहरु स्तरीय रुपमा सम्पन्न गर्न भन्दा पनि काम सक्ने र बजेटलाई सक्ने कार्यले प्राथमिकता पाउने गरेको छ । त्यस्तै  नगरपालिका का विषयगत शाखा कार्यालयहरुले तथ्यांक र सूचना अभिलेखिकरणमा एकरुपता ल्याउन

सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसकालागि स्थानीय तह लगायत सबै विषयगत शाखा कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफासि गरिन्छ ।
सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमी कमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, वालवालिका तथा पिछडिएकाको वर्ग, अपांग, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ ।

**६.२ सन्दर्भ सामाग्रि तथा पुस्तकहरु :**

☐ स्थानीय सरकार संचालन ऐन, २०७४
☐ रामधुनी नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि २०७६
☐ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
☐ नगरपार्श्व चित्र रामधुनी नगरपालिका सुनसरी, २०७४
☐ आर्थिक बर्ष २०७६।०७७ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन ।
☐ विगतका नगर सभाले गरेका निर्णयहरु ।
☐ रामधुनी नगरपालिका सुनसरीको बार्षिक समिक्षा प्रतिवेदन,
☐ नगरपालिकामा लागु गरिएका विनियमावली, विभिन्न कार्यविधि, निर्देशिकाहरु
☐ रामधुनी नगरपालिका को आर्थिक बर्ष २०७७/०७८ को यथार्थ आय व्यय योजना तथा कार्यक्रम र बजेटगत संक्षिप्त विवरण,
☐ नगरपालिकाले गरेको सार्बजनिक सुनुवाईको प्रतिवेदन ।
☐ नगरपालिकाको आवधिक योजना ।
☐ अवलोकन र समूह छलफलबाट प्राप्त विबरण ।
☐ नगरपालिकाको नागरिक बडापत्र ।
☐ रामधुनी नगरपालिका कार्यालयको वेबसाईट ।
☐ विषयगत शाखा कार्यालयहरुको अनुगमन, अन्तरकृया वेबसाईट तथा प्रकाशनहरु ।

**धन्यवाद**